

# फिक्कलको सेरोफेरो

## स्थानीय पाठ्यक्रम

## कक्षा १-८

फिक्कल गाउँपालिका

सिन्धुली




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १–८)

२०७७

# फिक्कलको सेरोफेरो

फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती, प्रदेश

## पाठ्यक्रम निर्माण कार्यदल

टेकबहादुर रजन मगर

केशवराज पहाडी

बुद्धिलाल पहाडी

टेकबहादुर थापा मगर

गणेशप्रसाद पहाडी

फडिन्द्रनाथ पहाडी

दिनेश भण्डारी

हरिलाल विश्वकर्मा

## लेखन तथा सम्पादन

हरिलाल विश्वकर्मा

फडिन्द्रनाथ पहाडी

टेकबहादुर थापा मगर

दिनेश भण्डारी

प्रकाशक :

**फिक्कल गाउँपालिका**

खाडसाङ, सिन्धुली

बागमती प्रदेश, नेपाल ।

websiet : www.phikkalmun.gov.np

email: phikkalruralmun@gmail.com

# प्राक्कथन

नेपाल एक बहुभाषिक, बहुधार्मिक,बहुसांस्कृतिक, बहुजातीय तथा विविधतायुक्त मुलुक हो । विश्वका विभिन्न देश र स्थान विशेषमा यस्ता विविधताहरूको स्थानीय ज्ञान, सिप, भाषा,परम्परा र संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यस्ता स्थानीय ज्ञान, सिप, परम्परा र संस्कृति कुनै छोटो समयमा प्राप्त हुने कुरा होइनन् । मानव सभ्यताको विकासका क्रममा हजारौँ हजार वर्ष लगाएर प्राप्त गरेका यी ज्ञान र सिप कुनै एक देश विशेषका नभई सम्पूर्ण मानव जातिकै सम्पत्ति हुन् । सोह्रौँ सत्रौँ शताब्दीदेखि पश्चिमा मुलुकहरूबाट ल्याटिन अमेरिकी, एसिया र अफ्रिकी देशहरूलाई उपनिवेश बनाउने क्रम थालिएसँगै स्थानीय ज्ञान, सिप र संस्कृति मास्ने काम पनि सुरु भयो । औधोगिक क्रान्ति, उत्तर विश्वयुद्ध काल र बीसौँ शताब्दीको उत्तरार्धसँगै भूमण्डलीकरणको प्रभावमा बेपर्वाहसँग गरिएका आधुनिकीकरण र सहरीकरणले स्थानीय ज्ञान र सिप थप ओझेलमा पर्न गयो ।

तर आज विश्वका विभिन्न विश्वविद्यालयमा कार्यरत उत्तर औपनिवेशिक विद्वत्वर्गले स्थानीय ज्ञान र सिपको महत्त्वको बारेमा खोज अनुसन्धान गरी यसको संरक्षण प्रवर्धनको बारेमा बहस चलाउन थालेका छन् । साथै संयुक्त राष्ट्रसंघ तथा युनेस्कोको तत्त्वावधानमा स्थानीय ज्ञान र सिपहरूको संरक्षण र विकासका लागि विभिन्न अभिसन्धि र महासन्धिहरूको निर्माण भएका छन् । आज यस्ता स्थानीय ज्ञान, सिप, परम्परा र संस्कृतिलाई कुनै देश विशेषको भन्दा पनि विश्वकै सम्पदाको रूपमा अङ्गीकार गर्न थालिएको छ । नेपालको सन्दर्भमा पनि यस्ता स्थानीय ज्ञान, सिप र परम्पराको संरक्षण र प्रवर्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु स्थानीय, प्रान्तीय र संघीय तीनै तहका राज्यको दायित्व हुन आएको छ ।

यही पृष्ठभूमिमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार तयार भएको देखिन्छ । साथै शैक्षिक विकेन्द्रीकरणको अवधारणा तथा विविधतायुक्त देशमा केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय ज्ञान, सिप, विशेषता र आवश्यकतालाई समेत प्रतिनिधित्व र सम्बोधन गर्न नसकिने भएकाले स्थानीय ज्ञान, सिप र स्रोतहरूकै आधारमा नै स्थानीय पाठ्यक्रम निर्माण गर्नु पर्ने व्यवस्था गरिएको छ । समाजको समुचित र सन्तुलित विकासको लागि स्थानीय आवश्यकता तथा रूचीको उचित सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले सक्तछ । त्यसैले स्थानीय आवश्यकता र चाहनालाई समेटेर स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालमा विद्यालय शिक्षा सुधारको निम्ति ल्याइएको राष्ट्रिय पाठ्यक्रमको प्रारूपमा शैक्षिक क्षेत्रमा देखिएका स्थानीय मुद्दा र चुनौतीलाई समाधान गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिइएको छ । जसको उद्देश्य पूरा गर्नका लागि स्थानीय बुद्धिजीवी, प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, समाजसेवी, राजनीतिज्ञ, अभिभावक आदिको

प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्नु पर्ने व्यवस्था गरिएको छ ।

नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय तह सञ्चालन ऐन २०७४ परिच्छेद- ३ दफा- ११ (ज) मा आभारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको सन्दर्भ, साथै राष्ट्रिय पाठ्यक्रमको प्रारूप २०७६ ले आधारभूत तहमा मातृभाषा/स्थानीय विषयवस्तुका आधारमा कक्षा (१ - ३) मा ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा तथा कक्षा (४ - ८) मा ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा कायम हुने गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्नु पर्ने व्यवस्था भएकाले सोही बमोजिम गर्नका लागि फिक्कल गाउँ कार्यपालिकाको मिति २०७७/०१/०९ गतेको बैठकले यो स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी कार्यभार सुम्पेको हो । सो कार्यभार सम्पन्न गर्न कार्यदलले स्थानीय बुद्धिजीवी, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, जनप्रतिनिधिका साथै अन्य सरोकारवालाहरूसँग आवश्यक परामर्श गरी स्थानीय पाठ्यक्रम निर्माण कार्य सुरु गरेको हो ।

स्थानीय विषयवस्तुलाई समेटी तयार पारिएको यो पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि क्रमशः लागु गर्दै लगिने योजना रहेको छ । यो पाठ्यक्रम तयार गर्ने क्रममा महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने नीति निर्माता, विज्ञ, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, एवम् सरोकारवालाहरूप्रति यो कार्यदल हार्दिक कृतज्ञता व्यक्त गर्दछ । यो पाठ्यक्रमलाई प्रभावकारी बनाई बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको अपेक्षा गरिएको छ । विद्यालय शिक्षाको यो स्थानीय पाठ्यक्रम गतिशील दस्तावेज भएकाले यसमा सुधार तथा परिमार्जन गर्दै अझ प्रभावकारी बनाउनका लागि यो कार्यदल पाठ्यक्रम प्रयोगकर्ता लगायत सम्बन्धित सबैबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गर्दछ ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
फिक्कल गाउँपालिका
२०७७
सिन्धुली

# अध्यक्षको भनाइ



शिक्षा विकासको आधारशीला हो । शिक्षाबिना विकास सम्भव नहुने कुरा निश्चित छ । त्यसैले फिक्कल गाउँपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढेको छ । नेपालको संविधानमा स्थनीय तहलाई विद्यालय शिक्षाको माध्यमिक तहसम्म शैक्षिक व्यवस्थापन गर्ने अधिकार सुम्पेको छ । शिक्षालाई श्रमसँग मिलाउनु पर्ने २१ औँ शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने इमान्दार र देशभक्त नागरिकहरू तयार गर्ने उद्देश्य सहित संविधान र नियम कानूनको अधिनमा रहेर शिक्षा क्षेत्रलाई अझ राम्रो तथा गुणस्तर सम्पन्न पार्न फिक्कल गाउँपालिका प्रयत्नरत छ ।

फिक्कल गाउँपालिकाले गाउँपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूको शैक्षिक गुणस्तर सुदृढ गर्ने हेतुले विद्यालयहरू बीच अन्तर विद्यालय खेलकुद तथा साहित्यिक प्रतियोगिताहरू गराएर आन्तरिक प्रतिस्पर्धामा जोड दिँदै आइरहेको छ । त्यसैगरी शिक्षकहरूको माग र आवश्यकतामा आधारित शिक्षक तालिम पनि सञ्चालन गर्दै आइरहेको छ । विद्यालयहरूमा आइसिटी ल्याव, विज्ञान प्रयोगशाला स्थापनाका साथै विज्ञान र गणितका प्रयोगात्मक कक्षा सञ्चालन र कक्षा कोठा व्यवस्थापनका लागि बालविकास तथा शिक्षादेखि कक्षा तीनसम्म राउन्ड टेबुल र कुसनको समेत व्यवस्था गरी शैक्षिक स्तर उठाउन प्रयास गरिरहेको छ । विद्यालयहरूलाई भौतिक रूपमा सम्पन्न बनाउन सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग सहकार्य गरी विद्यालय भवन निर्माण कार्य पनि गरिरहेको छ । शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा गाउँपालिकाबाट नै दरबन्दी सिर्जना गरी कम्प्युटर शिक्षकको व्यवस्था समेत गरेको छ । अभिभावकहरूको अङ्ग्रेजी विषयप्रतिको बढ्दो चाहनालाई दृष्टिगत गरी बालविकास तथा शिक्षादेखि क्रमशः अङ्ग्रजी माध्यममा पढाउने व्यवस्था गरिसकेको छ । न्यून वेतनमा काम गर्ने विद्यालय कर्मचारीहरू तथा बालविकास सहयोगीहरूलाई प्रोत्साहन स्वरूप २० प्रतिशत तलब वृद्धि गरेको छ ।

यही सिलसिलामा स्थानीय तहले स्थानीय पाठ्यक्रम समेत निर्माण गरी स्थानीय विशेषता र पहिचानका बारेमा आधारभूत तहसम्म अध्ययन अध्यापन गर्न सक्ने व्यवस्था भए अनुसार फिक्कल गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गर्न लागेको हो । विद्यार्थीहरूमा स्थानीय कला-संस्कृति, सम्पदा, खेलकुद, भूगोल र इतिहास लगायत विविध विषयमा जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम लागु गर्न लागिएको हो । गाउँपालिकाभित्र सञ्चालित सबै सामुदायिक विद्यालयहरूमा एकै साथ लागु गरिने यो पाठ्यक्रमको कार्यान्वयन सफल हुने छ भन्ने मैले विश्वास लिएको छु । स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्देशन गरेको कार्यान्वयन योजना अनुसार लागु गर्दै लगिने योजना रहेको छ । पाठ्यक्रमको सफल कार्यान्वयनका लागि प्रधानाध्यापक र विषयगत शिक्षकहरूको भेला गराई सम्बन्धित विषय विज्ञहरू समेतबाट जानकारी तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरिसकेका छौं । आवश्यकता भएमा अझ छलफल गरी पाठ्यक्रम प्रबोधीकरण गर्ने योजना गाउँपालिकाको रहेको छ । यो पाठ्यक्रम फिक्कल गाउँपालिकाको शैक्षिक स्तर उकास्न कोशेढुङ्गो साबित हुने कुरामा म विश्वस्त छु ।

अन्त्यमा गाउँपालिकाले जिम्मेवारी दिएअनुसार स्थानीय पाठ्क्रम निर्माण कार्यदलले पाठ्क्रम निर्माण गर्दा अपनाउनु पर्ने प्रक्रिया र चरणहरू पार गरी सम्बन्धित विज्ञहरूसँगको परामर्श समेत लिई समयमै अफ्नो काम सम्पन्न गरी पाठ्यक्रमको मस्यौदा बुझाएकोमा कार्यदल तथा अन्य सहयोगीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धनबहादुर कार्की**

अध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भै फैलिएका, मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आंचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# विषय सूची


१. **परिचय** १

१.१ स्थानीय पाठ्यक्रमको औचित्य २

१.२ विषय क्षेत्र ४

१.३ पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू ४

१.५ विद्यालय शिक्षाको तहगत संरचना ५

१.६ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना ७

१.७ आधारभूत शिक्षा (कक्षा १-३) को पाठ्यक्रम संरचना ७

१.८ आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना ९

१.९ आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम संरचना ११

२. **आधारभूत शिक्षा ( कक्षा १-८ )का तहगत सक्षमता** १२

२.१ अधारभूत शिक्षा ( कक्षा १-३ )का तहगत सक्षमता १२

२.२ कक्षागत सिकाइ उपलब्धि १३

२.३ विषयवस्तुको क्षेत्र र क्रम १५

२.४ सिकाइ उपलब्धिको विस्तृतीकरण १९

२.५ विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा ३६

२.६ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष : ३६

२.७ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरू : ३७

२.८ विद्यार्थी मूल्याङ्कन ३८

२.९ कक्षा १-३ मा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्तछन् : ३९

३. **आधारभूत शिक्षा ( कक्षा ४-५ ) का तहगत सक्षमता** ५५

३.१ कक्षागत सिकाइ उपलब्धि ५६

३.२ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षाः ४) ६०

३.३ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षाः ५) ७७
३.४ परियोजना/प्रयोगात्मक कार्य ९८
३.५ सिकाइ सहजीकरण प्रक्रिया ९९
३.६ विद्यार्थी मूल्याङ्कन १००
४. **आधारभूत तह कक्षा ( ६-८ ) का सक्षमताहरू** १०८
४.१ सिकाइ उपलब्धि १०९
४.२ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण ( कक्षा ६ ) ११४
४.३ परियोजना/प्रयोगात्मक कार्य १५९
४.४ सिकाइ सहजीकरण प्रक्रिया १६०
४.५ विद्यार्थी मूल्याङ्कन १६१
४.६ पाठ्यक्रम कार्यान्वयन प्रक्रिया १६९
४.७ पाठ्यक्रम परिमार्जन प्रक्रिया १६९

# १.

# परिचय

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषा मध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुसार साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्नु पर्ने व्यवस्था गरेको थियो । तर उक्त व्यवस्था राम्रोसँग कार्यान्वयन हुन सकेन । त्यसैगरी प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (परिमार्जित २०६५) ले प्राथमिक तह कक्षा १-५ सम्म सामाजिक अध्ययन, शारीरिक शिक्षा, र सिर्जनात्मक कला जस्ता विषयमा २० प्रतिशत विषयवस्तु स्थानीय रूपमा पाठ्यक्रम निर्माण गरी अध्यापन गर्नु पर्ने व्यवस्था गरेको थियो । साथै ४ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा/स्थानीय विषय मध्ये कुनै एक अध्यापन गर्नुपर्ने व्यवस्था गरेको भए पनि स्थानीय स्तरमा सन्तोषजनक रूपमा कार्यान्वयन हुन सकेन । त्यस्तै आधारभूत शिक्षा कक्षा ६-८ पाठ्यक्रम २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा/संस्कृत/स्थानीय विषय वा अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ मा भएको प्रावधान अनुसार स्थानीय तहले आधारभूत कक्षा १-३ मा ५ साप्ताहिक पाठ्यभार र वार्षिक १६० घण्टी तथा कक्षा ४-८ मा ४ साप्ताहिक पाठ्यभार र वार्षिक १२८ घण्टी निर्धारण गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले आधारभूत तहमा कक्षा १-३ मा ५ पाठ्यघण्टा र वार्षिक १६० कार्यघण्टा तथा कक्षा ४-८ मा ४ पाठ्यघण्टा र वार्षिक १२८ कार्यघण्टा निर्धारण गरेको छ । पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्ग दर्शन (मातृभाषा सहित) २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ अवधारणा पाठ्यक्रम विकास कार्यान्वयन प्रक्रिया स्थानीय पाठ्यक्रमको ढाँचा समेतको बारेमा स्पष्ट मार्ग दर्शन गरेको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी स्रोत सामग्री २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" भनी परिभाषित गरेको छ । त्यसैले स्थानीय पाठ्यक्रम भन्नाले

स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता एवम् सक्रियतामा यथासक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो । यो स्थानीय पाठ्यक्रमले फिक्कल गाउँपालिका क्षेत्रभित्रको विशिष्ट पहिचान तथा सिन्धुली जिल्लाभित्रका विशेष पहिचानयुक्त विषयवस्तुलाई उजागर गर्ने छ । आधारभूत तह कक्षा १-८ अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, जनसङ्ख्या र भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् । यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्त्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिहरूका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा पेसा व्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ । यस पाठ्यक्रमबाट बालबालिकाहरूले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुशरण गर्ने अपेक्षा गरिएको छ । त्यसैगरी पाठ्यक्रम सिकाइको योजना भएकाले सिकाइ सहजीकरण गर्न सजिलो होस् भन्ने हेतुले पाठ्यक्रमका आवश्यक तत्वहरूका साथै शिक्षण विधि मूल्याङ्कन प्रक्रिया समेत समावेश गरिएको छ । मूल्याङ्कन अभिलेखीकरणका लागि मूल्याङ्कन अभिलेखमा प्रयोग हुने फारमका नमुना समेत अनुसूचीमा व्यवस्था गरिएको छ ।

## १.१ स्थानीय पाठ्यक्रमको औचित्य

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रबाट राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ स्वीकृत भैसकेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा आधारभूत तहमा मातृभाषा/स्थानीय विषयमध्ये कुनै एक विषयमा स्थानीय स्तरबाटै पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन गर्नु पर्ने व्यवस्था छ । सोही व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यका साथ यो पाठ्यक्रम निर्माण गरिएको हो ।

बालबालिकाको सिकाइ आफ्नो बासस्थान र आफ्नो वरपरको परिवेशबाट नै प्रारम्भ गर्न सजिलो हुन्छ । त्यसका लागि बालबालिकाहरूले आफ्नो गाउँ समुदायको जानकारी हुन जरुरत पर्दछ । त्यहाँ भएका भौगोलिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक, पर्यटकीय सम्पदाहरू, राजनीतिक र आर्थिक क्रियाकलापहरूबारे जानकारी हुनुपर्छ । स्थानीय मूल्य, मान्यता, धर्म, परम्परा, संस्कृति, स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन र विकास गर्नका लागि मार्ग निर्देश गर्ने र स्थानीय तहको क्षमता विकास मार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमान्दार नागरिक तयार गर्नका लागि स्थानीय पाठ्यक्रम अपरिहार्य भएको छ । राष्ट्रिय स्तरमा निर्माण गरिने पाठ्यक्रममा सबै सरोकारवालाहरूको संलग्नता रहँदैन । यसले स्थानीय तहको भाषा, धर्म, संस्कृति, सामाजिक परिवेश, प्राकृतिक वातावरण, स्थानीय ज्ञान र सिपलाई पूर्ण रूपले समेट्न सम्भव नहुने हुनाले स्थानीय तहको भाषा, धर्म तथा संस्कृतिको जगेर्ना गर्न स्थनीय स्तरको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी आत्मनिर्भर, उत्पादनमुखी, जीवनोपयोगी, व्यावहारिक र दक्ष जनशक्ति उत्पादन गर्नका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पर्दछ ।

हरेक स्थानीय तहको आ-आफ्नै विशिष्ट पहिचान, भौगोलिक, प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक, जातीय, भाषिक र सामाजिक विविधता हुन्छ। केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले मात्र विद्यार्थीहरूलाई दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान, सिप, आचरण र व्यवहारका सम्पूर्ण सक्षमताहरू प्रदान गर्न नसक्ने भएकाले स्थानीय परिवेश अनुसारको ज्ञान र सिप आर्जन गर्नका लागि स्थानीय विज्ञहरूकै सहभागितामा स्थानीय विषयवस्तुहरूलाई नै समेटी पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकाले तथा संवैधानिक र नीतिगत रूपमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहको कर्तव्य भएको हुनाले फिक्कल गाउँपालिकाले यो स्थानीय पाठ्यक्रम तयार गरेको हो । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको औचित्यलाई तपसिलका वुँदाहरूले स्पष्ट पार्दछन् ।

- फिक्कल गाउँपालिका क्षेत्रभित्रका स्थानीय आवश्यकता र सामाजिक परिवेश अनुरूपको पाठ्यवस्तु तथा सिन्धुली जिल्ला भित्रका विशेष पहिचानयुक्त विषयवस्तुलाई समावेश गर्न
- फिक्कल गाउँपालिकाभित्र रहेका मुख्य वातावरणीय, भौगोलिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको बारेमा परिचित गराइ उक्त सम्पदाहरूको संरक्षण र संवर्धन गर्न
- स्थानीय जातजाति, धर्म, संस्कृति, वेशभूषा, परम्परा, मूल्यमान्यता, चाडपर्व, मठ, मन्दिर र स्थान विशेषका कलाकौशलका बारेमा परिचित गराउन
- स्थानीय पेसा, उद्योग, व्यवसाय, पशुपालन र खेतीपातीमा संलग्न भइ आर्थिक उपार्जनमा जोड दिन
- स्थानीय तहको ज्ञान, सीप र प्रविधिलाई व्यवहारमा प्रयोग गर्न
- स्वास्थ्य र सरसफाइप्रति सुसूचित गराइ स्वस्थ नागरिक तयार गर्न
- विपत् व्यवस्थापन, सुरक्षित घर र विद्यालयको अवधारणाबारे स्पष्ट हुन र सो सम्बन्धी आवश्यक ज्ञान, सीप हासिल गरी सुरक्षित हुन
- बालबगैँचा र हरित विद्यालयको बारेमा परिचित भई विद्यालयमा बालबगैँचा निर्माणमा सहयोग गर्न
- स्थानीय समाजसेवी/प्रमुख व्यक्तिहरूको बारेमा जानकारी हासिल गरी प्रेरणा लिन
- स्थानीय सङ्घ संस्थाहरूको बारेमा परिचित भई यसका कामहरू सम्बन्धी जानकारी लिन

## १.२ विषय क्षेत्र

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हन्छ । यसलाई सजिलै आकलन गर्न सकिँदैन, त्यसैले एउटै पाठ्यक्रममा सबै विषयवस्तुहरू अटाउन र पठनपाठन गर्न सम्भव हुदैन । यस पाठ्यक्रमले फिक्कल गाउँपालिका क्षेत्रको सेरोफेरो र सिन्धुली जिल्ला भित्रको विशेष पहिचानयुक्त विषयवस्तुलाई समेटेको छ । त्यसैले फिक्कल गाउँपालिकाभित्रका र सिन्धुली जिल्लाभित्रका विशेष पहिचानयुक्त विषयवस्तुलाई अध्ययन गर्नु पर्ने प्राकृतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक, पर्यटकीय, आर्थिक, स्वास्थ्य सरसफाइ, वातावरणीय, प्रकोप व्यवस्थापन क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिका पक्षहरूको स्थानीय आवश्यकतालाई मध्यनजर गरी आधारभूत तहमा अध्ययनरत बालबालिकाहरूलाई केन्द्रबिन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ । यसले मुख्य रूपमा निम्न विषय क्षेत्रलाई समेटेको छ ।

- हाम्रो गाउँपालिका : गाउँपालिकाको सामान्य परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति र सङ्घ संस्थाहरू
- प्राकृतिक स्रोत र सम्पदा : वनजङ्गल, जडीबुटी, सामुदायिक वन, खोला, नदी, पोखरी, कुवा, डाँडाकाँडा, चुचुरो, चौतारी, भन्ज्याङ
- संस्कार र संस्कृति : जातजाति, धर्म, भाषा, मूल्यमान्यता, सामाजिक व्यवहार, वेशभूषा, मठ, मन्दिर, गुम्बा, चर्च, जात्रा, पर्व, मेला, गीत, सङ्गीत र बाजागाजा,
- ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल : फिक्कल गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थल तथा सिन्धुली जिल्लाका विशेष पहिचान युक्त स्थलहरू
- पेसा, उद्यमशीलता र प्रविधि : स्थानीय पेसा, कृषि, पशुपालन, जडीवुटी, उद्यमशीलता प्रविधि
- स्वास्थ्य, सरसफाइ र खेलकुद : योग, सरसफाइ, भोजन, व्यायाम र स्थानीय खेलहरू
- प्रकोप, वातावरण र हरित विद्यालय : भूकम्प, आगलागी, भूक्षय, बाढीपहिरो, चट्याङ, हावाहुरी, सडक दुर्घटना, महामारी, वातावरण र हरित विद्यालय
- व्यक्ति र सङ्घ संस्था परिचय : फिक्कल तथा सिन्धुली जिल्लाको विकास निर्माण र समाजसेवामा विशेष योगदान पुऱ्याउने महतत्वपूर्ण व्यक्ति र संस्थाहरू

## १.३ पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्तहरू

सर्वाङ्गीण बालविकासको अवधारणालाई विचार गरी बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित भई विकास गरिएको यो पाठ्यक्रमले मूलतः राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा उल्लेख गरिएका सिद्धान्तहरूलाई नै पाठ्यक्रम विकासका सिद्धान्तका रूपमा लिएको छ । अन्तरविषयक तथा

बहुविषयक विषयक्षेत्रमा आधारित भई एकीकृत सिद्धान्तअनुसार पाठ्यक्रमको संरचना तयार गरिएको छ भने जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूसमेत एकीकृत गरिएको छ । यो पाठ्यक्रम विकास गर्दा नेपालका सामाजिक, सांस्कृतिक तथा भाषिकलगायतका विविधतालाई समावेश गरिनुका साथै स्थानीय आवश्यकतामा आधारित ढाँचा अवलम्बन गरिएको छ । यस पाठ्यक्रममा नेपाली मूल्य र मान्यता तथा पूर्वीय ज्ञानको प्रतिनिधित्वका साथै विद्यार्थीको सहभागिता, कार्य तथा खोजलाई जोड दिइएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १-८ का तहगत तथा विषयगत सक्षमताहरू पहिचान गरिएको छ ।

## १.४ विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् ः

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपूर्ण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## १.५ विद्यालय शिक्षाको तहगत संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुईतहमा बाँडेको छ । आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ । विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास (Apprenticeship) समेटिने छ । सिकारुको उमेर, सिकाइ क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्नबमोजिम निर्धारण गरिएको छ :

**तालिका १ : विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना**

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

## १.६ प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

### तालिका २ : प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम संरचना

| क्र.सं. | सिपका क्षेत्रहरू | सिपहरू | वार्षिक समय (घण्टामा) १. |
|---|---|---|---|
| १. | आधारभूत सिप सिकाइका क्षेत्र | (क) शारीरिक सिप<br>(ख) संवेगात्मक सिप<br>(ग) सामाजिक, सांस्कृतिक र नैतिक सिप<br>(घ) बौद्धिक तथा मानसिक सिप<br>(ङ) स्वास्थ्य, पोषण, सुरक्षा र वातावरण सिप<br>(च) सिर्जनात्मक सिप | ३८४ |
| २. | विषयगत सिप सिकाइका क्षेत्र | (क) भाषिक सिप<br>(ख) पूर्वगणितीय सिप<br>(ग) दृश्यकला, कार्यतरिका र सिर्जनशीलता<br>(घ) वरपरको वातावरण<br>(ङ) सामाजिक सिप | १९२ |
| | | जम्मा | ५७६ |

(उपर्युक्त तालिकामा उल्लिखित क्रियाकलाप र समयबाहेक मनोरञ्जन क्रियाकलाप, बाह्य खेल र आराम गर्ने समय गरी कम्तीमा दैनिक १ घण्टाका दरले वर्षभरिमा २५६ घण्टासम्म वार्षिक समय थप हुनसक्ने छ ।)

## १.७ आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना

### तालिका ३ : आधारभूत शिक्षा (कक्षा १–३) को पाठ्यक्रम संरचना

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलाप | ४ | १२८ |

| क्र.सं. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | | २६ | ८३२ |

(पठनपाठन सञ्चालनका लागि उपयोग भएको ३२ घण्टाको समयावधिलाई १ पाठ्यघण्टा (Credit hour) मानिएको छ ।)

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण तथा गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ ः

१. भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिइने छ । गणितीय सिपअन्तर्गत सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा व्यावहारिक गणितीय सिपको विकास र प्रयोगमा ध्यान दिइने छ ।

२. विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, स्वास्थ्य र शारीरिक शिक्षा, प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिने छ ।

३. सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापअन्तर्गत सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, सिर्जनात्मकता, कला र संस्कृति, जीवनोपयोगी सिप तथा सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरूसँग सम्बन्धित क्रियाकलाप समावेश गरिने छ ।

४. स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. संस्कृत, गुरुकुल, गुम्बा/विहार, मदर्सा, किरात मुन्धुम जस्ता परम्परागत शिक्षा पद्धतिका हकमा नेपाली र सामाजिक विषयबाहेक अन्य विषयहरू परम्परागत शिक्षा पद्धतिअनुसार अनुकूलन र विकास गरी कार्यान्वयन गर्न सकिने छ ।

६. संस्कृत तथा परम्परागत शिक्षातर्फको कक्षा १-३ लाई एकीकृत सिद्धान्तअनुरूप साधारण शिक्षा सरहको शिक्षा प्रदान गरिने छ । यस शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

७. विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा समावेश गरी समग्रमा गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा र हाम्रो सेरोफेरो विषयक्षेत्रलाई समावेश गरी बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम विकास गरिने छ । त्यसै गरी कक्षा १-३ का विद्यार्थीका लागि आवश्यक हुने व्यवहारकुशल सिपहरूलाई आवश्यकतानुसार सबै विषयक्षेत्र र कक्षामा एकीकृत गरिने छ ।

## १.८ आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४–५) को पाठ्यक्रम संरचना**

| क्र. सं | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

उल्लिखित संरचनाका आधारमा पाठ्यक्रम निर्माण गर्दा निम्नलिखित पक्षहरू समावेश गरिने छ :

१. भाषिक विषयअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास, शब्दभण्डार, आधारभूत सञ्चार सिप, अभिव्यक्ति सिपको विकास जस्ता पक्षहरूमा ध्यान दिनुपर्दछ । गणितअन्तर्गत

सङ्ख्या र अङ्कको अवधारणाका साथै व्यावहारिक गणितीय ज्ञान तथा सिपको विकास र प्रयोगमा ध्यान दिनुपर्दछ । विज्ञान तथा प्रविधि शिक्षासम्बन्धी क्रियाकलापहरूअन्तर्गत वैज्ञानिक सोच तथा सिपको प्रयोग, विज्ञान, वातावरण, स्थानीय पर्यावरण, सूचना र सञ्चार प्रविधि आदि सिकाइका क्षेत्रअन्तर्गत पर्ने विषयवस्तुहरू समावेश गरिने छ । सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षाअन्तर्गत नेपालको भौगोलिक, सामाजिक तथा ऐतिहासिक पक्ष, सामाजिक मूल्य र मान्यता, चारित्रिक विकास, कला र संस्कृति, जीवनोपयोगी सिप, नागरिक चेतना आदि विषयवस्तुहरू समावेश गरिने छ । स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कलाअन्तर्गत शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप, सिर्जनात्मकता आदिसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिने छ । सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्दछ । स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने छन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय तहको सहयोग र समन्वयमा स्थानीय विज्ञ तथा अभिभावकको संलग्नतामा विकास गरी कार्यान्वयनमा ल्याउने छ ।

२. संस्कृत तथा परम्परागत शिक्षाआतर्गत आधारभूत शिक्षा (कक्षा ४-५) लाई साधारण शिक्षासरहको शिक्षा प्रदान गरिने छ । यसअन्तर्गत सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयसँग सम्बन्धित विषयक्षेत्रलाई आवश्यकताका आधारमा थपघट गरी यस शिक्षाका पाठ्यसामग्रीलाई सन्दर्भ र औचित्यका आधारमा अनुकूलन गरिने छ । मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भाषा, लिम्बू भाषा इत्यादि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने छ ।

३. गुरुकुल शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा वेद वा नीतिशास्त्र वा मानवमूल्य शिक्षा विषय अध्ययन अध्यापन गर्न सकिने छ । मदर्सा शिक्षातर्फ स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला विषयका सट्टामा दिनियात विषय अध्ययन अध्यापन गर्न सकिने छ ।

## १.९ आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना

**तालिका ५ : आधारभूत शिक्षा (कक्षा ६–८) को पाठ्यक्रम संरचना**

| क्र. सं. | विषय | | | | |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदर्सा शिक्षा | पाठ्य घण्टा | वार्षिक कार्यघण्टा |
| १. | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | गणित | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कलासहित | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीति शास्त्र | भोटभाषा वा पाली भाषा वा संस्कृत वा अन्य भाषा वा उर्दू भाषा | ४ | १२८ |
| | | | जम्मा | ३२ | १०२४ |

# २.

# आधारभूत शिक्षा (कक्षा १–८ )का तहगत सक्षमता

यस स्थानीय पाठ्यक्रमको अध्ययन पश्चात आधारभूत तहको अन्त्यमा विद्यार्थीहरूले निम्न लिखित सक्षमता हासिल गर्ने छन् ।

- फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लाको परिचय, क्षेत्रफल, साँध सिमाना, भौगोलिक बनावट, जातजाति, जनसङ्ख्या, र शैक्षिक सङ्घ, संस्थाको जानकारी
- फिक्कल तथा सिन्धुली जिल्लाको स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान तथा उपयोग, संरक्षण र संवर्धनमा सहभागिता
- फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लाको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको पहिचान, महत्त्व, संरक्षण र संवर्धनमा सहयोग
- फिक्कल तथा सिन्धुली जिल्लाको स्थानीय संस्कार र संस्कृतिको पहिचान र अनुसरण
- स्थानीय पेसाप्रति सकारात्मक सोच र परिवारका मानिसले गर्ने पेसामा सहयोग
- स्थानीय प्रविधिको नाम र उपयोग
- योग, प्रणायाम, ध्यान, सरसफाइ, सरुवारोग, भोजन, व्यायाम, स्थानीय खेलहरूको परिचय र अभ्यास
- प्राकृतिक प्रकोपसँग परिचित र सुरक्षित हुन
- हरित विद्यालयको जानकारी तथा बालबगैँचा निर्माणमा सहयोग
- स्थानीय विकास निर्माण र समाजसेवामा योगदान पुऱ्याउने महत्त्वपूर्ण व्यक्ति तथा संस्थाको जानकारी

## २.१ अधारभूत शिक्षा ( कक्षा १–३ )का तहगत सक्षमता

- फिक्कल गाउँपालिको परिचय, क्षेत्रफल, साँध सिमाना, भौगोलिक बनावट, जातजाति, जनसङ्ख्या, र शैक्षिक सङ्घ, संस्थाको जानकारी
- स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान तथा उपयोग,संरक्षण, र संवर्द्धनमा सहभागिता

- फिक्कल गाउँपालिकाको ऐतिहासिक तथा पर्यटकीय स्थलको पहिचान, महत्त्व, संरक्षण र संवर्द्धनमा सहयोग
- स्थानीय संस्कार र संस्कृतिको पहिचान र अनुसरण
- स्थानीय पेसाप्रति सकारात्मक सोच र परिवारका मानिसले गर्ने पेसामा सहयोग
- स्थानीय परम्परागत प्रविधि तथा आधुनिक प्रविधिको नाम र उपयोग
- सरसफाइ, भोजन तथा स्थानीय खेलहरूको परिचय र अभ्यास
- प्राकृतिक प्रकोपसँग परिचित र सुरक्षित हुन
- हरित विद्यालयको जानकारी तथा बालबगैँचा निर्माणमा सहयोग
- स्थानीय विकास निर्माण र समाजसेवामा योगदान पुऱ्याउने महत्त्वपूर्ण व्यक्ति तथा संस्थाको जानकारी

## २.२ कक्षागत सिकाइ उपलब्धि

**तालिका १: हाम्रो स्थानीय विषयक्षेत्रका कक्षागत सिकाइ उपलब्धि**

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • आफ्नो वडाको नाम बताउन<br>• आफ्नो वडाको सिमाना बताउन<br>• आफ्नो टोलको भौगोलिक बनावटको पहिचान गर्न<br>• आफ्नो वरिपरि भएका वनजङ्गलको नाम र बोटविरुवा तथा जीवजनावरको नाम भन्न<br>• आफ्नो वरिपरि भएका पानीका स्रोतहरूको नाम भन्न<br>• आफ्नो नाम र थर बताउन | • आफ्नो गाउँपालिकाको नाम बताउन<br>• आफ्नो वडाको भौगोलिक बनावट, सिमाना र क्षेत्रफल बताउन<br>• आफ्नो वरिपरि भएका वनजङ्गलको फाइदा बताउन<br>• आफ्नो वरिपरि भएका वनजङ्गलमा पाइने बोटविरुवा र जनावरको संरक्षणका उपाय बताउन<br>• पानीका स्रोतबाट हुने फाइदा बताउन<br>• आफू र आफ्ना साथीहरूको नाम थर बताउन | • गाउँपालिकाको नाम र वडा सङ्ख्या बताउन<br>• गाउँपालिकाको भौगोलिक बनावट सिमाना र क्षेत्रफल बताउन<br>• आफ्नो वरिपरि भएका वन जङ्गलको संरक्षण गर्ने उपाय भन्न<br>• आफ्नो वरिपरि भएका वनजङ्गलमा पाइने बोटविरुवा र जनावरको संरक्षणमा सहभागी हुन<br>• पानीका स्रोतहरूको संरक्षण गर्ने उपाय भन्न<br>• आफू र आफ्ना छिमेकीहरूको नाम र थर बताउन |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • आफूले मनाउने चाडको नाम भन्न<br>• आफूले मनाउने चाडमा खाइने खानेकुराको नाम भन्न<br>• आफ्नो विद्यालय तथा घर नजिकै भएका धार्मिक स्थलको नाम भन्न<br>• स्थानीय स्तरमा पाइने बाजाको नाम भन्न<br>• धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको परिचय दिन<br>• आफ्नो विद्यालय र घर वरिपरिको धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको नाम भन्न<br>• आफ्नो परिवारको पेसा बताउन<br>• कृषि पेसामा प्रयोग हुने परम्परागत औजारहरूको नाम बताउन<br>• परम्परागत स्थानीय प्रविधिको नाम बताउन<br>• व्यक्तिगत सरसफाइ गर्न<br>• स्वस्थकर र पत्रु खानेकुराको नाम बताउन | • आफूले मनाउने चाडपर्वमा गरिने क्रियाकलाप बताउन<br>• आफूले मनाउने चाडपर्वमा लगाउने लुगा खानेकुराको नाम भन्न<br>• आफ्नो घर तथा विद्यालय नजिकै भएका धार्मिक स्थलमा गरिने क्रियाकलाप बताउन<br>• स्थानीय र पञ्चेबाजाको नाम भन्न<br>• धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान गर्न<br>• आफ्नो गाउँ घरमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको नाम भन्न<br>• आफ्नो र छिमेकीको पेसा बताउन<br>• कृषि औजारहरूको जतन गर्न<br>• परम्परागत प्रविधिको नाम र काम बताउन<br>• व्यक्तिगत र घर आँगन सरसफाइ गर्न<br>• खानेकुराको सही प्रयोग गर्न<br>• स्थानीय खेलको नाम बताउन र खेल्न | • आफूले मनाउने चाडपर्वका क्रियाकलापमा सहभागी हुन<br>• चाडपर्व पर्ने महिनाको नाम बताउन<br>• आफ्नो नजिकै भएका धार्मिक स्थलमा हुने क्रियाकलापमा सहभागी हुन<br>• पञ्चेबाजा सहित अन्य बाजाको नाम बताउन<br>• धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको पहिचान र महत्त्व बताउन<br>• आफ्नो वडा क्षेत्रमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको नाम भन्न<br>• आफ्नो वडा क्षेत्रका मानिसले गर्ने पेसा बताउन<br>• कृषिमा प्रयोग हुने आधुनिक औजार हरूको नाम बताउन<br>• परम्परागत तथा आधुनिक प्रविधिको नाम बताउन<br>• व्यक्तिगत घरआँगन र कक्षाकोठाको सरसफाइ गर्न<br>• खानेकुराहरूको स्रोत पहिचान गर्न<br>• स्थानीय खेलहरू समूहमा मिलेर खेल्न |

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • स्थानीय खेलहरूको नाम बताउन<br>• बाढी पहिरोको परिचय दिन<br>• बगैँचाको परिचय दिन<br>• आफ्नो विद्यालयको नाम बताउन<br>• आफ्नो घरको प्रमुख व्यक्तिको नाम भन्न | • बालबगैँचाको परिचय दिन<br>• आफ्नो र छिमेकी विद्यालयहरूको नाम भन्न<br>• आफ्नो टोलमा भएका समाजसेवी व्यक्तिहरूको नाम बताउन | • भूकम्प, चट्याङ र सडक दुर्घटनाको परिचय दिन<br>• बालबगैँचा निर्माणमा सहयोग गर्न<br>• वडाभित्रका विद्यालयहरूको नाम बताउन<br>• आफ्ना वडाक्षेत्रमा भएका समाजसेवी व्यक्तिहरूको नाम बताउन |

## २.३ विषयवस्तुको क्षेत्र र क्रम

तालिका २ः हाम्रो स्थानीय विषयक्षेत्रको विषयवस्तुको क्षेत्र र क्रम

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | • आफ्नो टोल र छिमेकको नाम<br>• आफ्नो टोलको सिमाना, र भौगोलिक बनावट<br>• आफ्नो वडाको नाम<br>• छिमेकी टोलको सिमाना<br>• भौगोलिक बनावट | ३० | • आफ्नो गाउँपालिकाको नाम<br>• आफ्नो वडाको नाम, भौगोलिक बनावट र सिमाना<br>• आफ्नो वडाको क्षेत्रफल<br>• आफ्नो वडाको भौगोलिक वनावट | ३० | • आफ्नो गाउँपालिकाको नाम, वडा संङ्ख्या र भौगोलिक बनावट<br>• आफ्नो गाउँपालिकाको वडाको नाम र सिमाना<br>• आफ्नो गाउँपालिकाको क्षेत्रफल | ३० |

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | | • आफ्नो गाउँपालिकाको जनसङ्ख्या | |
| २. हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो नजिकको वनजङ्गलको नाम<br>• वनजङ्गलमा पाइने बोटविरुवा र जीवजन्तुहरू<br>• आफ्नो घरमा प्रयोग हुने पानीको स्रोत<br>• आफ्नो वरपर भएका पानीका स्रोत | २० | • वनजङ्गलबाट प्राप्त हुने वस्तुहरू<br>• आफ्नो वनजङ्गलबाट प्राप्त हुने वस्तुहरूको प्रयोग, बोटविरुवा र जीवजनावरको संरक्षण<br>• पानीका स्रोतका परिचय<br>• पानीका स्रोतबाट हुने फाइदा | २० | • वनजङ्गलबाट हुने फाइदा<br>• वनजङ्गल, जीवजनावर र बोटविरुवाको हेरचाह र संरक्षण<br>• पानीको स्रोतको पहिचान र महत्व<br>• पानीका स्रोतको संरक्षण | २० |
| ३. हाम्रो संस्कार र संस्कृति | • आफ्नो नाम र थर<br>• आफ्नो जाति, भाषा र धर्म<br>• आफूले मनाउने चाडपर्वका नाम<br>• चाडपर्वमा खाइने खानेकुराहरू<br>• आफ्नो गाउँमा पाइने बाजा<br>• आफ्नो नजिकै भएका मठ मन्दिर | २५ | • आफ्नो साथीहरूको नाम र थर<br>• आफ्ना साथीहरूको जात, भाषा र धर्म<br>• आफूले मनाउने चापर्वका नाम र क्रियाकलाप<br>• आफूले मानाउने चाडपर्वमा खानेकुरा र पहिरन<br>• आफ्नो गाउँमा पाइने बाजा र पञ्चेबाजाका नाम | २५ | • आफ्ना छिमेकीहरूको नाम थर<br>• आफ्नो गाउँमा बस्ने जातजाति, भाषा र धर्म<br>• आफूले मानाउने चाडपर्वको पहिचान<br>• आफूले मनाउने चाडपर्वमा सहभागिता<br>• पञ्चेबाजा र अन्य बाजाहरू | २५ |

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | • स्थनीय मठ मन्दिरमा गरिने पूजाआजा | | • स्थानीय मठ मन्दिरमा हुने पूजामासहभागिता | |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | • धार्मिक स्थलको परिचय<br>• ऐतिहासिक स्थलको परिचय<br>• पर्यटकीय स्थलको परिचय<br>• आफ्नो नजिकै भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम | ३० | • धार्मिक स्थलको पहिचान<br>• ऐतिहासिक स्थलको पहिचान<br>• पर्यटकीय स्थलको पहिचान<br>• आफ्नो टोल छिमेकमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम | ३० | • धार्मिक स्थलको पहिचान र महत्त्व<br>• ऐतिहासिक स्थलको पहिचान र महत्त्व<br>• पर्यटकीय स्थलको पहिचान र महत्त्व<br>• आफ्नो वडाभित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम | ३० |
| ५. पेसा उद्यमशीलता र प्रविधि | • आफ्ना परिवारका सदस्यहरूको पेसा<br>• कृषि पेसामा प्रयोग हुने औजारका नाम<br>• स्थानीय परम्परागत प्रविधिको परिचय | २० | • आफू र आफ्ना छिमेकीको पेसा<br>• कृषि पेसामा प्रयोग हुने औजारको सुरक्षा गर्ने तरिका<br>• स्थानीय परम्परागत प्रविधिको पहिचान र काम<br>• स्थानीय परम्परागत प्रविधिको महत्त्व | २० | • आफ्ना गाउँका मानिसले गर्ने पेसा<br>• कृषि पेसामा प्रयोग हुने आधुनिक औजार हरूको नाम<br>• आधुनिक प्रविधिको पहिचान | २० |

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | • स्थानीय प्रविधिका नाम | | | | • स्थानीय परम्परागत र आधुनिक प्रविधि बीच भिन्नता | |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | • सरसफाइको परिचय<br>• व्यक्तिगत सरसफाइको तरिका<br>• आफूले खाने खानेकुराहरूको नाम<br>• आफूले खेल्ने खेलको नाम | १५ | • व्यक्तिगत तथा घरआँगनको सरसफाइ<br>• व्यक्तिगत तथा घरआँगनको सरसफाइको तरिका<br>• सरसफाइमा प्रयोग हुने सामानको नाम<br>• स्थानीय खेलको नाम | १५ | • व्यक्तिगत, घरआँगन र कक्षाकोठाको सरसफाइ<br>• व्यक्तिगत तथा घरआँगन र कक्षाकोठाको सरसफाइको तरिका<br>• सरसफाइमा प्रयोग हुने सामानको नाम र काम<br>• स्थानीय खेलको नाम र खेल्ने तरिका | १५ |
| ७. प्रकोप, वातावरण र हरित विद्यालय | • बाढी पहिरोको परिचय<br>• वातावरणको परिचय<br>• बगैँचाको परिचय<br>• बालबगैँचाको परिचय | १० | • हावाहुरी र आगलागीको परिचय<br>• हावाहुरी र आगलागीबाट हुने जोखिमको परिचय<br>• बालबागैँचाको परिचय र महत्त्व | १० | • भूकम्प, चट्याङ र सडक दुर्घटनाको परिचय<br>• भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट हुने जोखिमको पहिचान | |

| विषय क्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | • बालबगैंचाको संरक्षण | | • भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट बच्ने उपाय<br>• बालबगैंचा निर्माणमासहभागी | १० |
| ८. व्यक्ति र सङ्घ संस्था परिचय | • व्यक्ति र सङ्घ संस्थाको परिचय<br>• आफ्नो विद्यालयको नाम<br>• आफ्नो विद्यालयको प्रधानाध्यापकको नाम<br>• आफ्नो घरमुलीको नाम | १० | • व्यक्ति र सङ्घ संस्थाको परिचय<br>• आफ्नो र छिमेकी विद्यालयको नाम<br>• आफ्नो विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम<br>• आफ्नो टोलका अगुवा व्यक्तिको नाम | १० | • व्यक्ति र सङ्घ संस्थाको परिचय<br>• आफ्नो वडामा भएका सङ्घ संस्थाहरूको नाम<br>• आफ्नो वडाका वडाअध्यक्षको नाम<br>• आफ्नो वडाका वडासदस्यको नाम | १० |

## २.४ सिकाइ उपलब्धिको विस्तृतीकरण

**तालिका ३ : हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा १)**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | • आफ्नो टोल र छिमेकको नाम बताउन<br>• आफ्नो टोलको सिमाना र भौगोलिक बनावट बताउन | • गाउँबस्तिको चित्र वा नक्सा देखाइ छलफल गराउने र सिमाना समेत भन्न लगाउने | • तिमी कुन गाउँमा बस्छौ ?<br>• तिम्रो गाउँ नजिकै कुन गाउँ छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • आफ्नो वडा कार्यालय रहेको स्थानको नाम भन्न<br>• छिमेकी टोलको सिमाना बताउन | • गाउँपालिकाको नक्सा देखाइ आफ्नो वडा छुट्याउन लगाइ वडा कार्यालय रहेको स्थानको नाम समेत बताइदिने<br>• आफ्नो टोल वा विद्यालय वरिपरिको वास्तविक भौगोलिक बनावट अवलोकन गराइ जानकारी गराउने | • तिम्रो घर कति नम्बर वडामा पर्छ ?<br>• तिम्रो वडा कार्यालय रहेको स्थानको नाम के हो ?<br>• तिम्रो घर कस्तो ठाउँमा छ ?<br>जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने |
| २. हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • आफ्नो नजिकको वनजङ्गलको नाम बताउन<br>• वनजङ्गलमा पाइने बोटबिरुवा र जीवजनावर नाम भन्न र सूची बनाउन<br>• आफ्नो घरमा प्रयोग हुने पानीको स्रोत बताउन<br>• आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम भन्न | • वनजङ्गलको चित्र देखाई छलफल गरी वनजङ्गलको परिचय गराउने<br>• सम्भव भए विद्यालय बाहिर लगी नजिकैको वनजङ्गल देखाई नाम समेत बताई दिने<br>• आफ्नो नजिकैको वनजङ्गलमा पाइने बोटबिरुवा र जीवजनावरको नाम सोध्ने विद्यार्थीलाई कठिनाइ भए शिक्षकले बताइदिने र सूची बनाउन लगाउने<br>• वनजङ्गलमा पाइने वस्तुहरूको भन्न र सूची बनाउन लगाउने<br>• पानीका विभिन्न स्रोतहरूको चित्र देखाई | • तिम्रो नजिकै भएको वनजङ्गलको नाम के हो ?<br>• वनजङ्गलमा के के पाइन्छ ?<br>• तिमी कहाँको पानी खान्छौ ?<br>• तिम्रो नजिकै भएका पानीका स्रोतहरूको नाम भन । जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | | तिनीहरूको नाम भन्न लगाउने भन्न नसके आफूले भनिदिने तथा आफूले प्रयोग गर्ने पानीको स्रोतको नाम भन्न लगाउने<br>• पानीका स्रोतको सूची बनाउन लगाउने | |
| ३. हाम्रो संस्कार र संस्कृति | • आफ्नो नाम र थर बताउन<br>• आफ्नो जाति, भाषा र धर्म बताउन<br>• आफूले मनाउने चाडपर्वका नाम भन्न<br>• चाडपर्वमा खाइने खानेकुराहरूको सूची बनाउन<br>• आफ्नो गाउँमा पाइने बाजाको नाम भन्न र चित्र बनाउन<br>• आफ्नो नजिकै भएका मठ मन्दिरको नाम भन्न | • शिक्षकले आफ्नो नाम थर बताई विद्यार्थीहरूलाई पनि आ-आफ्नो नाम थर भन्न लगाउने<br>• जातजाति, भाषा र धर्मको परिचय दिई (ब्राह्मण, क्षेत्री, दलित र जनजाति) आ-आफ्नो जात भन्न लगाउने<br>• विभिन्न चाडपर्वहरूका चित्र प्रदर्शन गरी चाडपर्वको परिचय दिँदै आफूले मनाउने चाडपर्वका नाम भन्न लगाउने<br>• विभिन्न चाडपर्वमा खाने खानेकुराको नाम भन्न लगाई सूची बनाउन लगाउने<br>• विभिन्न बाजाका चित्र देखाई बाजाको नाम र काम भन्न लगाउने | • तिम्रो पूरा नाम के हो ?<br>• तिम्रो जात के हो ?<br>• तिमी कुन कुन चाडपर्व मनाउछौ ?<br>• तिमीलाई मन पर्ने बाजा कुन हो ?<br>• तिम्रो घर वा विद्यालय नजिकै कुन मन्दिर छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | | • आफूलाई मनपर्ने बाजाको चित्र बनाउन र रङ समेत भर्न लगाउने<br>• मठ, मन्दिरको फोटो देखाई परिचय गराउने<br>• आफ्नो नजिकै भएका मठ, मन्दिरहरूका नाम भन्न लगाउने | |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | • धार्मिक स्थलको परिचय दिन<br>• ऐतिहासिक स्थलको परिचय दिन<br>• पर्यटकीय स्थलको परिचय दिन<br>• आफ्नो नजिकै भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | • धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको छुट्टाछुट्टै चित्र प्रर्दशन गरी परिचय गराउने<br>• आफ्नो नजिकै भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको सूची देखाउँदै नाम भन्न लगाउने | • धार्मिक स्थल भनेको के हो ?<br>• तिम्रो नजिकैको पर्यटकीय स्थलको नाम के हो ?<br>• तिम्रो नजिकैको ऐतिहासिक स्थलको नाम के हो ? |
| ५. पेसा उद्यमशीलता र प्रविधि | • आफ्ना परिवारका सदस्यहरूको पेसा बताउन<br>• कृषि पेसामा प्रयोग हुने औजारका नाम भन्न<br>• स्थानीय प्रविधिको परिचय दिन<br>• स्थानीय प्रविधिका नाम भन्न | • विभिन्न पेसाका मानिसहरूले काम गरेका चित्र देखाउँदै आफ्नो परिवारका मानिसले गर्ने पेसा भन्न लगाउने<br>• कृषि पेसाको परिचय दिदै कृषि पेसामा प्रयोग हुने औजारहरूको चित्र देखाउँदै नाम भन्न लगाउने | • तिम्रो बुवा के काम गर्नु हुन्छ ?<br>• कृषि भनेको के हो ?<br>• कृषि कार्यका प्रयोग हुने औजारको नाम भन ।<br>• ढिकीले के काम गर्छ ?<br>• जाँतो केबाट बनेको हुन्छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | | • स्थानीय प्रविधि जस्तै : ढिकी, जाँतो जस्ता सामग्रीको चित्र देखाई चिन्न र नाम भन्न लगाउने | |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | • सरसफाइको परिचय दिन<br>• व्यक्तिगत सरसफाइको परिचय दिन र प्रयोग गर्न<br>• आफूले खाने खानेकुराहरूको नाम भन्न र सफा खानेकुराको प्रयोग गर्न<br>• आफूले खेल्ने खेलको नाम भन्न र साथीसँग मिलेर खेल्न | • सफा र फोहोर वस्तु वा क्रियाकलापको फोटो देखाइ कुन मन पर्छ भनी सोध्ने र सफा र फोहोरको परिचय दिने<br>• व्यक्तिगत सरसफाइको चित्र प्रदर्शन गरी सरसफाइको तरिका छलफल गराउने<br>• सफा र फोहोर खानेकुराको परिचय दिँदै सफा खाना खान प्रेरित गर्ने र सफा खानाको नाम समेत भन्न लगाउने<br>• विभिन्न खेलहरू खेलेको चित्र वा तस्बिर प्रदर्शन गरी आफूले खेल्ने खेलको नाम भन्न लगाउने<br>• विद्यार्थीहरूलाई साथीसँग मिलेर खेल्न लगाई नतिजा समेत घोषणा गर्ने | • हामीले किन सफा हुनुपर्छ ?<br>• तिमी आफ्नो सरसफाइ कसरी गर्छौ ?<br>• खानेकुरा किन छोप्नुपर्छ ?<br>• तिमीले कुन कुन खेल खेलेका छौ ? जस्ता विभिन्न प्रश्न गरी मूल्याङ्कन गर्ने |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| ७. प्रकोप, वातावरण र हरित विद्यालय | • बाढी पहिरोको परिचय दिन<br>• वातावरणको परिचय दिन<br>• बगैँचाको परिचय दिन<br>• बालबगैँचाको परिचय दिन | • बाढी, पहिरो, वनजङ्गल र बगैँचा आदि झल्किने चित्र प्रदर्शन गरी विद्यार्थीहरूलाई छलफल गराई परिचय दिने<br>• सम्भव भए सम्बन्धित ठाउँमा लगी अवलोकन गराई वातावरण र बगैँचाको परिचय दिने | • बाढी गएको देखेका छौ ?<br>• पहिरो भनेको के हो ?<br>• तिम्रो घरमा बगैँचा छ ?<br>• विद्यालयमा नि ?<br>• बगैँचामा के के छन् ? जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने |
| ८.व्यक्ति र सङ्घ संस्था परिचय | • व्यक्ति र सङ्घ संस्थाको परिचय दिन<br>• आफ्नो विद्यालयको नाम भन्न<br>• आफ्नो विद्यालयको प्रधानाध्यापक र कक्षा शिक्षकको नाम भन्न<br>• आफ्नो घरमुलीको नाम भन्न | • विभिन्न सङ्घ संस्थाको तथा व्यक्तिहरूको फोटो देखाई छलफल गराउँदै परिचय दिने<br>• आफ्नो विद्यालय पनि एउटा संस्था भएको जानकारी दिँदै नाम भन्न लगाउने<br>• आफ्ना घरका प्रमुख व्यक्तिको नाम भन्न लगाउने<br>• आफ्नो विद्यालयको प्रधानाधयापकको नाम भन्न लगाउने<br>• कक्षा शिक्षकको नाम भन्न लगाउने | • तिम्रो विद्यालयको नाम के हो ?<br>• तिम्रो प्रधानाध्यापकको नाम के हो ?<br>• तिम्रो बुवा, आमाको नाम भन ।<br>जस्ता विभिन्न प्रश्न गरी मूल्याङ्कन गर्ने |

**तालिका ४ : हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा २ )**

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | • आफ्नो गाउँपालिकाको नाम भन्न<br>• आफ्नो वडाको नाम भोगोलिक बनावट र सिमानामा पर्ने ठाउँहरूको नाम भन्न<br>• आफ्नो वडाको क्षेत्रफल बताउन<br>• आफ्नो वडाको वनावट अग्लो, होचो, भिरालो आदि छुट्याइ भन्न | • गाउँपालिकाको नक्सा प्रदर्शन गरी गाउँपलिकाको नाम र वडाको नाम तथा सिमाना बताइदिने<br>• आफ्नो वडाको भौगोलिक बनावटको अवलोकन, छलफल गरी पहिचान गर्न र अवस्था बताउन लगाउने<br>• आफ्नो वडाको सिमाना छुट्याई वडाको क्षेत्रफल अनुमान गर्न लगाउने र वास्तविक क्षेत्रफल बताइदिने<br>• आफ्नो वरपर देखिने भौगोलिक बनावटको जानकारी गराई नक्साको आधारमा पूरै वडाको भौगोलिक बनावटको बारेमा छलफल गराउने | • तिम्रो गाउँपालिकाको नाम के हो ?<br>• तिम्रो वडाको सिमानामा पर्ने गाउँ, नदी, बाटो आदिको सूची बनाइ कक्षामा प्रदर्शन गर :<br>• तिम्रो वडाको नाम के हो ?<br>• तिमी कति नम्बर वडामा बस्छौ ?<br>• तिमी बस्ने ठाउँको बनावट कस्तो छ ?<br>जस्ता नमूना मौखिक प्रश्नोत्तर तथा अवलोकन समेत गराइ मूल्याङ्कन गर्ने |
| २. हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • वनजङ्गलबाट प्राप्त हुने वस्तुहरूको नाम भन्न<br>• आफ्नो वनजङ्गलबाट प्राप्त हुने वस्तुहरूको प्रयोग, बोटविरुवा र जीवजनावरको संरक्षणको तरिका बताउन | • वनजङ्गलमा पाइने विभिन्न वस्तुहरूको चित्र वा फोटो देखाई नाम भन्न लगाउने<br>• वनजङ्गलबाट ल्याएर आफ्नो घरमा प्रयोग हुने वस्तुका नाम भन्न लगाउने र आफूले पनि भनिदिने<br>• बोटविरुवा र जङ्गली जनावरको बारेमा छलफल गराई सूची प्रदर्शन गरी संरक्षणको तरिका बताइदिने | • तिम्रो घरमा वनजङ्गलबाट के के कुरा ल्याउँछन् ?<br>• जङ्गलमा पाइने बोटविरुवा र जनावर हरूको सूची बनाऊ :<br>• वनजङ्गलको संरक्षण कसरी गर्न सकिन्छ ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • पानीका स्रोतको परिचय दिन<br>• पानीका स्रोतबाट हुने फाइदा बताउन | • विद्यार्थीहरूले देखेका पानीका स्रोतहरूका नाम भन्न लगाई विभिन्न पानीका स्रोतहरूको चित्र प्रदर्शन गरी परिचय दिने<br>• पानीका स्रोतबाट हुने फाइदाहरूको सूची प्रदर्शन गरी फाइदा बताइदिने | • हामी काठ, दाउरा र घाँस कहाँबाट ल्याउँछौँ ?<br>• पानीका स्रोतबाट हुने फाइदाहरू के के हुन् ?<br>• सम्भव भए प्रत्यक्ष रूपमा धारा, इनार, कुवा, खोला आदि देखाई त्यसबाट हुने फाइदाहरूका बारेमा मौखिक प्रश्नोत्तर र छलफल गराई मूल्याङ्कन गर्ने |
| ३. हाम्रो संस्कार र संस्कृति | • आफ्नो साथीहरूको नाम र थर बताउन<br>• आफ्ना साथीहरूको जात, भाषा र धर्म बताउन<br>• आफूले मनाउने चाडपर्वका नाम, क्रियाकलाप बताउन र अभिनय गर्न<br>• आफूले मनाउने चाडपर्वमा खानेकुरा र पहिरनको नाम बताउन | • आफ्नो कक्षाका साथीहरूको नाम, थर, भाषा, धर्म र जात सोधी पत्ता लगाउन लगाउने, नसकेमा शिक्षकले सहयोग गर्ने<br>• विद्यार्थीहरूलाई आफू र साथीहरूले मनाउने चाडपर्वको नाम पालैपालो भन्न लगाउने र उक्त चाडपर्वमा गर्ने क्रियाकलापको बारेमा छलफल गराउने<br>• आफूले मनाउने चाडपर्वमा खाइने खानेकुरा र लगाउने पहिरनका बारेमा छलफल गराई नाम भन्न लगाउने | • तिम्रा कक्षाका साथीहरूको नाम, थर, भाषा, धर्म र जातको सूची बनाऊ :<br>• तिमी कुन कुन चाडपर्व मनाउँछौ र ति चाडपर्वमा के के गर्छौ ?<br>• दसैँ तिहारमा के के खानेकुरा खान्छौ ?<br>• पञ्चेबाजा मध्ये तिमीलाई मन पर्ने एउटा बाजाको चित्र बनाऊ र रङ समेत भर |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • आफ्नो गाउँमा पाइने बाजा र पञ्चेबाजाका नाम भन्न<br>• स्थानीय मठ मन्दिरमा गरिने पूजाआजामा सरिक हुन | • पञ्चेबाजाको चित्र देखाई पालैपालो चिन्न लगाउने<br>• आफ्नो वरपर भएका मठ, मन्दिर के के छन् ? भनी त्यहाँ गरिने पूजाआजाको बारेमा छलफल गराउने<br>• विभिन्न चाडपर्व, पहिरन, खानेकुराहरू मठ, मन्दिर तथा पूजाआजा गरेको चित्र प्रदर्शन गरी थप स्पष्ट पारिदिने | • तिम्रो नजिकै भएका मठ, मन्दिरमा कहिले, कहिले र के के पूजा गरिन्छ ? जस्ता नमुना प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | • धार्मिक स्थलको पहिचान गर्न<br>• ऐतिहासिक स्थलको पहिचान गरी नाम बताउन<br>• पर्यटकीय स्थलको पहिचान गर्न र नाम भन्न<br>• आफ्नो टोल छिमेकमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम बताउन | • आफ्ना गाउँ र वरपर भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको बारेमा छलफल गराई पालैपालो नाम टिपोट गर्न लगाउने<br>• स्थानीय स्तरमा भएका र विद्यार्थीले भन्न छुटाएका थप केही स्थान भए शिक्षकले भनिदिने | • स्थानीय स्तरमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको चित्र देखाई ति ठाउँहरू चिन्न लगाउने<br>• आफ्नो गाउँ, टोल छिमेकमा भएका ति स्थलहरूको सूची तयार गर्न लगाई मूल्याङ्कन गर्ने<br>• सम्भव भएमा अवलोकन भ्रमण गराई नाम सोधी मूल्याङ्कन गर्ने |
| ५. पेसा उद्यमशीलता र प्रविधि | • आफू र आफ्ना छिमेकीको पेसा बताउन | • आफ्ना गाउँघरका मानिसहरूले गर्ने कामको नाम भन्न लगाउने | • आफ्ना छरछिमेकका मानिसले गर्ने कामको सुची बनाऊ : |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • कृषि पेसामा प्रयोग हुने औजारको सुरक्षा गर्ने तरिका बताउन<br>• स्थानीय परम्परागत प्रविधिको पहिचान गर्न र काम बताउन<br>• स्थानीय परम्परागत प्रविधिको महत्त्व बताउन | • कृषिमा प्रयोग हुने औजार हरूको चित्र प्रदर्शन गर्दै ती औजारहरूको सुरक्षा गर्ने तरिका बारेमा छलफल गराउने<br>• स्थानीय स्तरमा पाइने परम्परागत प्रविधिको चित्र प्रदर्शन गरी उनीहरूले देखेका नाम र काम बताउन लगाउने, विद्यार्थीले नसके शिक्षकले भनिदिने<br>• स्थानीय परम्परागत प्रविधिको महत्त्वको बारेमा छलफल गराई स्पष्ट पारिदिने | • कृषि औजारको सुरक्षा कसरी गर्न सकिन्छ ?<br>• स्थानीय परम्परागत प्रविधिहरूको सूची तयार गरी तिनीहरूले गर्ने काम भन :<br>• स्थानीय परम्परागत प्रविधिको के महत्त्व छ ? जस्ता नमुना प्रश्नहरू सोधी मूल्याङ्कन गर्ने |
| ६.स्वास्थ्य, सरसफाइ र खेलकुद | • व्यक्तिगत तथा घरआँगनको सरसफाइ गर्न<br>• व्यक्तिगत तथा घरआँगनको सरसफाइको तरिका बताउन<br>• सरसफाइमा प्रयोग हुने सामानको नाम भन्न<br>• स्थानीय खेलको नाम भन्न र खेल्न | • व्यक्तिगत तथा घरआँगनको चित्र प्रदर्शन गर्दै छलफल गराउने<br>• सरसफाइका सामग्रीहरूको नमुना देखाउँदै सरसफाइ गर्ने तरिका बताइदिने<br>• स्थानीय खेलहरूको नाम भन्न लगाई खेल्ने तरिका छलफल गरी नमुना खेल खेल्न लगाउने | • तिमी आफ्नो सरसफाइ कसरी गर्छौ ?<br>• तिम्रो घरमा आँगनको सफाइ कसले र कसरी गर्छन् ?<br>• सरसफाइ गर्न के के सामानहरू चाहिन्छ ?<br>• तिमीले खेल्ने खेलहरूको सूची बनाऊ :<br>• विभिन्न खेलहरु खेल्न लगाइ अवलोकन गरी मूल्याङ्कन गर्ने |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| ७. प्रकोप, वातावरण र हरित विद्यालय | • हावाहुरी र आगलागीको परिचय दिन<br>• हावाहुरी र आगलागीबाट हुने जोखिमको अवस्था बताउन<br>• बालबागैँचाको परिचय र महत्त्व बताउन<br>• बालबगैँचाको संरक्षणको तरिका बताउन | • हावाहुरी र आगलागीको चित्र वा फोटो प्रदर्शन गरी परिचय गराउने<br>• हावाहुरी र आगलागीबाट हुने सम्भाव्य जोखिमको चित्रद्वारा छलफल गराइ पहिचान गराउने<br>• बगैँचाको चित्र, पोस्टर वा सम्भव भए अवलोकन गराई बालबगैँचा परिचय र महत्त्व बारेमा छलफल गराउने<br>• बालबगैँचाको हेरचाह सम्बन्धी छलफल गराई सहभागी हुन समेत प्रेरित गर्ने<br>• बालबगैँचाको गोडमेलमा सहभागी गराउने | • हावाहुरी र आगलागी भनेको के हो ?<br>• हावाहुरी र आगलागीबाट के कस्ता खतराहरू हुन सक्छन् ?<br>• तिम्रो विद्यालयमा बगैँचा छ ?<br>• तिमी आफ्नो विद्यालयको बगैँचाको हेरचाह कसरी गर्छौ ?<br>• बगैँचाको हेरचाह किन गर्नुपर्छ ?<br>जस्ता विभिन्न खालका मौखिक तथा लिखित प्रश्नोत्तरका माध्यमबाट र सम्भव भए प्रयोगात्मक अभ्यास पानी हाल्ने, गोडमेल गर्ने जस्ता कार्य गराई मूल्याङ्कन गर्ने |
| ८. व्यक्ति र सङ्घ संस्था परिचय | • व्यक्ति र सङ्घ संस्थाको परिचय दिन<br>• आफ्नो र छिमेकी विद्यालयको नाम भन्न | • आफ्नो र नजिकैका अन्य विद्यालयका नाम पालैपालो भन्न लगाउने भन्न नसकेमा शिक्षकले भनिदिने<br>• आफ्नो टोल छिमेकका र विद्यालयका प्रमुख व्यक्तिहरूको नाम भन्न लगाइ छलफल गराउने | • तिम्रो विद्यालयको नाम के हो ?<br>• तिम्रो नजिकै भएका विद्यालयहरूको नाम लेख : |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • आफ्नो विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षको नाम भन्न<br>• आफ्नो टोलका अगुवा व्यक्तिहरूको नाम बताउन | • विभिन्न अगुवा व्यक्तिहरू र संस्थाहरूको चित्र वा फोटो प्रदर्शन गरी व्यक्ति र संस्थाको परिचय गराउने | • तिम्रो विद्यालयका व्यवस्थापन समितिका अध्यक्षको नाम के हो ?<br>• तिम्रो टोलका अगुवा व्यक्तिहरूको नाम के हो ?<br>यस्ता विभिन्न मौखिक तथा लिखित प्रश्नोत्तरको माध्यमबाट मूल्याङ्कन गर्ने |

**तालिका ५ : हाम्रो स्थानीय विषयवस्तुको सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा ३ )**

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| १. हाम्रो गाउँपालिका | • आफ्नो गाउँपालिकाको नाम र वडा संङ्ख्या बताउन<br>• आफ्नो गाउँपालिकाको वडाको नाम, सिमाना र भौगोलिक बनावट बताउन<br>• आफ्नो गाउँपालिकाको क्षेत्रफल बताउन् | • गाउँपालिकाको नक्सा प्रदर्शन गरी गाउँपालिकाको नाम, वडा सङ्ख्या, वडाको नाम र सिमानाका बारेमा समूहगत रूपमा छलफल गराई वडाको नाम, वडाको सङ्ख्या र सिमाना भौगोलिक बनावट सम्बन्धी धारणा स्पष्ट पार्ने<br>• गाउँपालिकाको नक्साको माध्यमबाट क्षेत्रफलको जानकारी गराई सँगै भन्न लगाउने | • तिम्रो गाउँपालिकाको नाम र वडा सङ्ख्या लेख :<br>• तिम्रो गाउँपालिकामा कतिओटा वडाहरू छन् तिम्रो छिमेकी वडा कुन हो ?<br>• तिम्रो गाउँपालिकाको भौगोलिक बनावट कस्तो छ ?<br>• तिम्रो गाउँपालिकाको प्रत्येक वडामा कति कति जनसङ्ख्या छ, सूची तयार गर : |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • आफ्नो गाउँपालिकाको जनसंख्या बताउन | • आ-आफ्नो वडाको अनुमानित जनसङ्ख्या भन्न लगाई वास्तविक जनसङ्ख्या शिक्षकले बताउने र विद्यार्थीहरूलाई अभ्यास गराउने | • तिम्रो गाउँपालिकाको क्षेत्रफल कति छ ? जस्ता विभिन्न प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने |
| २. हाम्रो प्राकृतिक स्रोत र सम्पदा | • वनजङ्गलबाट हुने फाइदा बताउन<br>• वनजङ्गलमा पाइने बोटविरुवा र जङ्गली जनावरको संरक्षण गर्न<br>• पानीको स्रोतको पहिचान र महत्त्व बताउन<br>• पानीका स्रोतको संरक्षण गर्न | • वनजङ्गलबाट हुने फाइदा वनजङ्गलमा पाइने बोटविरुवा र जङ्गली जनावरको संरक्षणबारे विद्यार्थीहरूलाई समूहगत रूपमा छलफल गराई यसबाट हुने फाइदा संरक्षण गर्ने उपायहरू टिपोट गर्न लगाउने र नपुग भएका कुराहरू शिक्षकले जानकारी गराइ अभ्यास गराउने<br>• आफ्नो गाउँमा भएका पानीका स्रोतको सूची तयार गर्न लगाउने, पानीको महत्त्व र स्रोत संरक्षण सम्बन्धी छलफल गराई शिक्षकले आवश्यक पृष्ठपोषण प्रदान गर्ने | • वनजङ्गलबाट हुने फाइदाहरू के के हन् ?<br>• वनजङ्गलमा पाइने बोटविरुवा र जङ्गली जनावरको संरक्षण कसरी गर्न सकिन्छ ?<br>• तिम्रो गाउँमा भएका पानीका स्रोतहरूको सूची तयार पार :<br>• पानीको मुहानको संरक्षण किन गर्नुपर्छ ?<br>• हामीलाई पानी किन चाहिन्छ ? जस्ता प्रश्नोत्तरका माध्यमबाट मूल्याङ्कन गर्ने |
| ३. हाम्रो संस्कार र संस्कृति | • आफ्ना छिमेकीहरूको नाम, थर, भाषा र धर्म बताउन<br>• आफ्नो गाउँमा बस्ने जातजाति छुट्याइ भन्न | • आफ्ना छिमेकीको नाम, थर, भाषा र धर्म तथा जातजातिको बारेमा बाताउन लगाउने र आवश्यक सहयोग शिक्षकले गर्ने | • तिम्रो छिमेकमा बस्ने मानिसहरू कुन कुन जातिका छन् ?<br>• तिम्रा छिमेकीहरू कुन धर्म मान्छन् ?<br>• तिमी कुन भाषा बोल्छौ ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
| --- | --- | --- | --- |
| | • आफूले मनाउने चाडपर्वको पहिचान गर्न र भन्न<br>• आफूले मनाउने चाडपर्वमा सहभागिता जनाउन<br>• पञ्चेबाजा र अन्य बाजाहरूको नाम भन्न<br>• स्थानीय मठ मन्दिरमा हुने पूजामा सहभागिता जनाउन | • आफू र आफ्नो गाउँमा मनाउने चाडपर्वहरूको बारेमा व्यक्तिगत रूपमा भन्न लगाई टिपोट गर्न लगाउने, सूची तयार गर्ने र चित्रहरू प्रदर्शन गर्ने<br>• आफूले मनाउने चाडपर्वमा सहभागी भई गरेका क्रियाकलापको अनुभव भन्न लगाउने र टिपोट गर्न लगाउने र आवश्यक सहजीकरण शिक्षकले गर्ने<br>• आफ्नो गाउँमा उपलब्ध हुने वा देखेका बाजाहरूको नाम भन्न लगाई सूची तयार गर्न लगाउने<br>• आफ्नो गाउँमा भएका मठ, मन्दिरमा हुने गरेका पूजाआजामा सहभागी भई गरेका क्रियाकलापको अनुभव भन्न लगाई टिपोट गरिदिने र अन्य आवश्यक पृष्ठपोषण सहित शिक्षकले सहजीकरण गर्ने | • तिमीले मनाउने चाडपर्वहरूको नाम भन :<br>• तिमीले मनाउने चाडपर्वमा तिमी के के गर्छौ ?<br>• तिम्रो गाउँमा पाइने बाजाहरूको नाम भनी आफूलाई मनपर्ने बाजाको चित्र बनाऊ :<br>• तिम्रो घर नजिक कुन मन्दिर छ ?<br>• तिमी कहिल्यै मन्दिरमा पूजा गर्न गएका छौ ? |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | • धार्मिक स्थलको पहिचान र महत्त्व बताउन<br>• ऐतिहासिक स्थलको पहिचान र महत्त्व बताउन | • आफ्नो गाउँमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू कहाँ कहाँ छन् ? छलफल गरी टिपोट गर्ने र जानकारी गराउने | • तिम्रो वडामा भएको धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको सूची तयार गरी कक्षामा प्रदर्शन गर :<br>• तिम्रो वडामा भएका धार्मिक स्थलहरू के के हुन् ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
| --- | --- | --- | --- |
| | • पर्यटकीय स्थलको पहिचान र महत्त्व बताउन<br>• आफ्नो वडाभित्रका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | • स्थानीय स्तरमा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको चित्र प्रदर्शन गरी यसका महत्त्वको बारेमा छलफल गराइ जानकारी गाउने<br>• आफ्नो वडाभित्र धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको नामको सूची तयार गरी छलफल गराउने<br>• नजिकै यस्ता स्थलहरू छन् भने अवलोकन गराई महत्त्व स्पष्ट पारिदिने | • तिम्रो वडामा पर्यटकीय स्थलहरू छन् ?<br>• पर्यटकीय स्थलको के महत्त्व छ ?<br>• ऐतिहासिक स्थल भन्नाले के बुझिन्छ ? आदि प्रश्नहरू गरी मूल्याङ्कन गर्ने |
| ५. पेसा उद्यमशीलता र प्रविधि | • आफ्ना गाउँका मानिसले गर्ने पेसाको नाम भन्न<br>• कृषि पेसामा प्रयोग हुने आधुनिक औजार हरूको नाम भन्न<br>• आधुनिक प्रविधिको पहिचान गर्न<br>• स्थानीय परम्परागत र आधुनिक प्रविधि बिच भिन्नता बताउन | • आफ्नो गाउँका मानिसले गर्ने पेसा व्यवसायको सूची तयार गर्न लगाइ छलफल गराउने<br>• कृषि पेसामा प्रयोग हुने आधुनिक औजारहरू जस्तै : हाते ट्र्याक्टर, धान झार्ने मेसिन जस्ता सामग्रीहरूको चित्र प्रदर्शन गरी छलफल गर्ने<br>• स्थानीय परम्परागत प्रविधि र आधुनिक प्रविधिको भिन्नता कामको आधार वा अन्य आधारमा चित्र देखाइ फरकपनको जानकारी गराउने जस्तै : ढिकी र मिलको फरक देखाउने | • तिम्रो गाउँका मानिसहरूले गर्ने पेसा, व्यवसायहरू के के हुन् ?<br>• कृषि पेसामा प्रयोग हुने आधुनिक औजारहरूको सूची बनाऊ :<br>• परम्परागत र आधुनिक औजारहरूको नाम लेख :<br>• परम्परागत प्रविधि र आधुनिक प्रविधि बीच के भिन्नता छ ? आदि जस्ता प्रश्नहरू गर्ने |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| ६.स्वास्थ्य, सरसफाइ खेलकुद | • व्यक्तिगत, घरआँगन र कक्षाकोठाको सरसफाइ गर्न<br>• व्यक्तिगत तथा घरआँगन र कक्षाकोठाको सरसफाइको तरिका बताउन<br>• सरसफाइमा प्रयोग हुने सामानको नाम र काम बताउन<br>• स्थानीय खेलको नाम र खेल्ने तरिका बताइ खेल्न | • व्यक्तिगत, वातावरणीय तथा कक्षाकोठा सरसफाइ गरेको चित्र प्रदर्शन गरी व्यक्तिगत, घरआँगन तथा कक्षाकोठा सरसफाइ गर्ने तरिकासम्बन्धी छलफल गराइ जानकारी गराउने<br>• सरसफाइमा प्रयोग हुने विभिन्न सामग्रीहरूको नाम र काम भन्न लगाइ छलफल गराउने<br>• प्रयोगात्मक रूपमा व्यक्तिगत सरसफाइ तथा कक्षाकोठा सरसफाइ गर्न लगाइ तरिका बताइदिने<br>• स्थानीय खेलहरूको सूची बनाउन लगाउने र नमुनाका रूपमा खेलहरू प्रदर्शन गर्ने | • व्यक्तिगत सरसफाइ गर्न आवश्यक पर्ने सामग्रीहरूको सूची तयार गर :<br>• कक्षाकोठा सफा गर्न के के सामग्रीहरू आवश्यक पर्छ ?<br>• तिमी तिम्रो शरीर, कक्षाकोठा र घरआँगन कसरी सफा गर्छौ ?<br>• सरसफाइ गर्न आवश्यक पर्ने सामग्रीहरूको सूची बनाऊ :<br>• स्थानीय स्तरमा खेलिने खेलहरूको सूची तयार गर :<br>• स्थानीय स्तरका खेलहरू समूहमा मिलेर खेल्न लगाई अवलोकन गर्ने आदि |
| ७. प्रकोप, वातावरण र हरित विद्यालय | • भूकम्प, चट्याङ र सडक दुर्घटनाको परिचय दिन | • भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट क्षतिको चित्र देखाई परिचय गराउने | • तिमीले भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट भएको क्षति देखेका छौ ? |

| क्षेत्र | सिकाइ उपलब्धि | सम्भाव्य सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन |
|---|---|---|---|
| | • भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट हुने जोखिमको पहिचान गर्न र सुरक्षित हुन<br>• भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट बच्ने उपाय बताउन<br>• बालबगैँचा निर्माणमा सहभागी हुन | • भूकम्प, चट्याङ र सडक दुर्घटनाबाट हुने सम्भावित जोखिमबारे छलफल गराई जोखिमहरूको सूची तयार गराई प्रदर्शन गराउने<br>• जोखिमबाट बच्ने उपायहरूको सूची बनाइ प्रदर्शन गर्न लगाउने<br>• बालबगैँचाको बारेमा छलफल गराई आफ्नो विद्यालयमा बालबगैँचा निर्माण गर्न प्रेरित गर्ने र निर्माण कार्यमा मद्दत गर्न लगाउने | • यस्ता जोखिमबाट बच्ने उपायहरू के के हुन सक्छन् ? सूची तयार पार :<br>• तिम्रो विद्यालयमा बालबगैँचा छ ?<br>• तिमी बगैँचा निर्माणमा कसरी सहयोग गर्न सक्छौ ? यस्तै प्रश्नहरूको माध्यमबाट लिखित, मौखिक तथा प्रयोगात्मक रूपमा मूल्याङ्कन गर्ने |
| ८. व्यक्ति र सङ्घ संस्था परिचय | • व्यक्ति र सङ्घ संस्थाको परिचय दिन<br>• आफ्नो वडामा भएका सङ्घ संस्थाहरूको नाम भन्न<br>• आफ्नो वडाका वडाअध्यक्षको नाम भन्न<br>• आफ्नो वडाका वडासदस्यहरुको नाम भन्न | • विभिन्न समाजसेवी व्यक्तिहरूको तथा सङ्घ संस्थाहरूको फोटो देखाई सामाजिक व्यक्ति र सङ्घ संस्थाहरूको परिचय गराउने<br>• आफ्नो वडामा भएका सङ्घ संस्थाहरू र सामाजिक व्यक्तिहरूको सूची तयार गर्न लगाई उक्त सूचीका बारेमा छलफल गराई आफ्नो वडामा भएका प्रमुख व्यक्तिहरू र सङ्घ संस्थाहरूको जानकारी गराउने | • तिम्रो वडामा भएका सामाजिक सङ्घ संस्थाहरूको सूची तयार पार :<br>• तिम्रो वडामा प्रमुख सामाजिक व्यक्तिहरू को को हुनुहुन्छ ?<br>• तिम्रो वडा अध्यक्ष वा वडा सदस्यको नाम भन : जस्ता प्रश्नोत्तर तथा संस्थाहरूको आवलोकन भ्रमण गराई मूल्याङ्कन गर्ने |

## २.५ विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा

**तालिका ६ :विषय क्षेत्रअनुसार अनुमानित कार्यघण्टा**

| क्र.स. | विषयवस्तुको क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|---|
| १ | हाम्रो गाउँपालिका | ३० | ३० | ३० |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | २० | २० | २० |
| ३ | हाम्रो संस्कार र संस्कृति | २५ | २५ | २५ |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | ३० | ३० | ३० |
| ५ | पेसा उद्यमशीलता र प्रविधि | २० | २० | २० |
| ६ | स्वास्थ्य र सरसफाइ | १५ | १५ | १५ |
| ७ | प्रकोप वातावरण र हरित विद्यालय | १० | १० | १० |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | १० | १० | १० |
| | जम्मा | १६० | १६० | १६० |

## २.६ सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष :

- **सक्षमता तथा सिकाइ उपलब्धिहरू** : पाठ्यक्रममा उल्लेखित लक्ष्य तथा उद्देश्यहरूअनुसारका सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने शिक्षण विधि छनोट गर्नुपर्छ ।
- **विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्दछ ।
- **बालमनोविज्ञान** : सिकारुको इच्छा, रुचि, क्षमता तथा योग्यता, प्रवृति, पूर्वज्ञान आदिलाई ध्यान दिई शिक्षण विधि छनोट गर्नुपर्दछ । त्यस्ता विधिले विद्यार्थीलाई उत्प्रेरित गर्न सक्नुपर्छ ।
- **स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, भौतिक आदि दृष्टिले उपयुक्त र स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।
- **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खाने हुनुपर्दछ ।
- **समय र विद्यार्थी सङ्ख्या** : उपलब्ध समय र विद्यार्थी सङ्ख्याले पनि शिक्षण विधि तथा रणनीति छनोटमा प्रभाव पार्दछ ।
- **शिक्षकको योग्यता, क्षमता र रुचि** : शिक्षकको आफ्नो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगाव जस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्दछ ।

यसरी कुनै पनि विषयको शिक्षण गर्दा विषयको गहनताका साथै विषयवस्तुको प्रकृति, विद्यार्थीको पूर्वज्ञान, क्षमता, रुचि, स्वभाव, स्तर तथा उमेर एवम् उपलब्ध भौतिक सुविधा र शिक्षण सामग्रीका आधारमा शिक्षण विधिको छनोट गर्नु आवश्यक हुन्छ ।

## २.७ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य शिक्षण सिकाइ विधिहरू :

क्रियाकलापमुखी सिकाइलाई जोड दिई कक्षा १-३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका लागि यहाँ प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

- **कथाकथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

- **आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

- **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

- **निर्माणात्मक कक्षा** : यस विधिमा मष्तिस्क, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार अदान प्रदान गरी निष्कर्ष निकालिन्छ

- **सहयोगात्मक कक्षा** : यसमा समान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

- **परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जन ागर्न सकिन्छ ।

- **छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बीचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्न र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

- **अन्वेषण, अनुसन्धान तथा खोज** : यसमा समस्या वा प्रश्नको प्रस्तुति गर्नु पर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।
- **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
- **सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।
- **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।
- **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।
- **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठाभित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।
- **भ्रमण** : विभिन्न स्थानको भ्रमण गराइ त्यहाँका अनुभव र सिकेको कुरा छलफल गराइन्छ ।
- **प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।
- **स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकताअनुसार विद्यार्थीबीच छलफल गराउन सकिन्छ ।
- **अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

## २.८ विद्यार्थी मूल्याङ्कन

यस स्थानीय पाठ्यक्रममा आधारभूत तह कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात निर्णयात्मक प्रयोजनको परम्परागत पद्धतिको मूल्याङ्कनले बालबालिकालाई सिकाइका लागि प्रोत्साहन र सहयोग गर्न सक्तैन भन्ने कुरालाई आत्मसात् गरिएको छ । विद्यार्थी मूल्याङ्कनले उनीहरूलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइ सुधारका लागि मार्ग प्रशस्त गर्नुपर्दछ । यसै दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रक्रिया, रणनीति तथा साधनहरू प्रयोग गर्न आवश्यक छ । कक्षाकोठामा आधारित मूल्याङ्कनका लागि विभिन्न किसिमका साधनहरू प्रयोग गरेर विद्यार्थीको

सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरिन्छ ।

कक्षाकोठामा आधारित यस्तो मूल्याङ्कनको अभिलेखलाई सञ्चित गरी आवश्यकताअनुसार सिकाइको मूल्याङ्कनको रूपमा अथवा विद्यार्थीको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्माणात्मक उद्देश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकाले यस्तो मूल्याङ्कन पद्धतिलाई निरन्तर मूल्याङ्कन पद्धति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उद्देश्य सिकाइसुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकताअनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभूत तहको कक्षा १-३ को यो स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गरिने विधि, प्रक्रिया तथा साधनहरू पहिचान गरिने छ । त्यसै गरी यस स्थानीय पाठ्यक्रममा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरको मूल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखीकरण गर्ने तरिका र अभिलेखीकरण फारमसमेत नमूनाका लागि समावेश गरिएको छ । यसै नमूनाका आधारमा स्थानीय विषय पठनपाठन गर्ने शिक्षकले आवश्यक फारम विकास गरी अभिलेखीकरण गर्नुपर्नेछ ।

## २.९ कक्षा १–३ मा विद्यार्थीको मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने तरिका तथा साधनहरू निम्नअनुसार हुन सक्तछन् :

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | अवलोकन | रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न, फारम, घटना वर्णन | |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री | |
| ३ | लिखित कार्य | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री | |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | रुजू सूची, रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फारम | |

| क्र.सं. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| ७ | स्वमूल्याङ्कन | रुजू सूची, श्रेणी मापन, फारम | |
| ८ | अभिभावकको प्रतिक्रिया | रुजू सूची, श्रेणी मापन, फारम | |
| ९ | कुराकानी छलफल | रुजू सूची, श्रेणी मापन, फारम | |

**तालिका ७ : विद्यार्थीको मूल्याङ्कनका सम्भाव्यतरिका तथा साधनहरू**

माथि उल्लेखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परीक्षण गरेर उपलब्धिस्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ ।

**तालिका ९ : विद्यार्थीको उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्ला स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा दैनिक कक्षा क्रियाकलापका रूपमा विद्यार्थीका सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लेखित तरिका तथा साधन मध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइ स्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धि स्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधारमा हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनु पर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर सहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धि स्तर पनि अभिलेखि तगर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चितता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजना तयार गर्न प्रयोग गर्नुपर्दछ ।

विद्यार्थी मूल्याङ्कनका लागि नमूना साधन, साधन प्रयोग गर्ने तरिका तथा मूल्याङ्कनको अभिलेख सम्बन्धी थप विवरण अनुसूचीमा समावेश गरिएको

## अनुसूची १ : आधारभूत तह कक्षा १–३ मा विद्यार्थी मूल्याङ्कनका साधनको प्रयोग, अभिलेखीकरण तथा प्रयोग सम्बन्धी मार्गदर्शन

यस पाठ्यक्रमको खण्ड ११ मा विद्यार्थी मूल्याङ्कन गर्नुको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ सुधार गर्नु भएकाले मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा विकास तथा प्रयोग गर्नु पर्ने आवश्यकता रहेको स्पष्ट पारिएको छ। त्यसमा मूल्याङ्कनका सम्भाव्य विधि, प्रक्रिया, तरिका तथा साधनहरू उल्लेख गरिएको छ । यहाँ यस पाठ्यक्रमको मूल्याङ्कन खण्डमा उल्लेखित उद्देश्य प्राप्तिका लागि मूल्याङ्कन विधि, प्रक्रिया, तरिका तथा साधनहरूको प्रयोग र नतिजाको अभिलेखीकरण सम्बन्धी तरिका तथा साधन र तिनको प्रयोग गर्ने तरिका विषय क्षेत्रगत रूपमा समावेश गरिएको छ ।

## मूल्याङ्कन गर्ने तरिका

१. प्रत्येक विद्यार्थीले प्रत्येक विषय क्षेत्रका सिकाइ उपलब्धिमा के कति उपलब्धि हासिल गरे भनी मूल्याङ्कनका उपयुक्त साधन प्रयोग गरी परीक्षण गरेर यकिन गर्नुपर्छ ।

२. विद्यार्थीको उपलब्धि स्तरलाई तलको तालिका अनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषय क्षेत्रअनुसारको सिकाइ उपलब्धिमा अभिलिखित गर्नुपर्छ ।

## विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्ला स्तरको उपलब्धि हासिल गरेको |

उल्लेखित मापदण्ड विद्यर्थीको स्तर पहिचान गर्ने सामान्य आधार मात्र भएकाले विषय क्षेत्रगत रूपमा उल्लेखित आधार र व्याख्या थप विशिष्ट स्वरूपको हुने भएकाले विद्यार्थी मूल्याङ्कन गर्दा त्यसैलाई प्रयोग गर्नुपर्छ ।

३. सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ । त्यसैगरी प्रत्येक विषय क्षेत्रको सिकाइ पश्चात प्रत्येक सिकाइ उपलब्धि र औसत सिकाइ उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक विषय क्षेत्रको सिकाइ पछि अभिभावकसँग छलफल गर्नुपर्दछ । छोटो छोटो समयमा सम्भव नभए एक दुई महिनाको अन्तरालमा सो अवधिमा सिकाइ भएका विषय क्षेत्रका मूल्याङ्कन नतिजा सहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवशयकता अनुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ ।

४. नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीका सबल पक्ष,रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

## विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषय क्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ ।

- विषय क्षेत्रगत रूपमा प्रत्येक विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।

- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको प्रगति स्पष्ट बुझ्न सहयोग पुग्ने खालका विद्यार्थीका नमूना कार्य तथा सिर्जनाहरू समयबद्ध रूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्रबाट १ देखि ३ कार्य तथा समग्रमा विषय क्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फाइल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ ।

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन ।
- विद्यार्थीले आफ्नो कार्य, सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य गरी उपलब्धिका लागि प्रोत्साहित हुन ।
- अभिभावकले विद्यार्थीको कार्य, सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न ।
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई हग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षा विकास तथा प्रोत्साहन कार्यको योजना निर्माण गर्न र जवाफदेहीता वहन गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सम्बन्ध सुधार गरी सिकाइ वातावरण सुधार गर्न ।

## विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारमहरू

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधानका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधन मध्ये फारममा उल्लेख भएमा त्यसमा चिह्न लगाउने र अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा गर्ने ।

२. हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गर्नुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्तछ । भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गर्नुपर्दछ । यसका लागि सुधारात्मक सिकाइ पश्चात विद्यार्थीको पुनः मूल्याङ्कन गरी फारममा उल्लेख भएअनुसार अभिलेखित गर्नुपर्दछ ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइ स्तर १ मै छाड्न भने हुदैन । कुनै विद्यार्थी पटक पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइ स्तर १ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुन सक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषय क्षेत्रअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषय क्षेत्रको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

$$\text{क्षेत्रगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्नेछ ।

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका अधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धि स्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र सिकाइ उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ ।

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धि स्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

यो उपलब्धि प्रतिशतको व्याख्या माथिको बुँदा ५ अनुसार गर्नुपर्छ ।

| क्र. स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ४ | ६० र र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ^ | ४० र र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | – | NG | अवर्गीकृत (Not Graded) |

## अनुसूची २ : विद्यार्थीको व्यक्तिगत विवरण

१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

(क) विद्यालयको नाम : ........................................................................

(ख) ठेगाना : ................................................................................

(ग) विद्यार्थीको नाम :........................................................................

(घ) जन्म मिति :...............................................................................

(ङ) विद्यार्थीको घरको ठेगाना :...............................................................

(च) पारिवारिक विवरण :

(अ) आमाको नाम :...........................................................................
पेसा :.................. सम्पर्क नं.:....................

(आ) बाबुको नाम :.........................................................................
पेसा :................... सम्पर्क नं.:....................

(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

(अ) नाम : ............................................... पेसा :....................
सम्पर्क नं. :...................

(आ) विद्यार्थीसँगको नाता :......................................

(ज) विद्यालय भर्ना मिति र कक्षा : ....................................

(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता :.........................
...................................

(ञ) अघिल्लो अनुभव :

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको ..................................................................

(आ) अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव :...........................

२. स्वास्थ्य सम्बन्धी विवरण

(क) तौल र उचाइ

| मिति | तौल (के.जी. मा) | उचाइ (से.मी.) | प्रतिक्रिया(यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विषेश रोग भएमा सोबारे टिपोट : ..............................................

(ग) कुनै अपाङ्गता भए सोको विवरण : ...................................................

(घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ...................................

## अनुसूची ३ : हाम्रो स्थानीय विषयको विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख

**मापन तरिका** : प्रत्येक सिकाइ उपलब्धिका लागि दिइएका उपलब्धि सूचक विद्यर्थीले हासिल गरेमा सम्बन्धित कोठामा सकेको (✓) चिह्न र हासिल नभए नसकेको (×) चिह्न लगाउनुहोस् । प्रत्येक चार सूचकमध्ये हासिल भएका सूचक(✓) चिह्न गन्नुहोस् र त्यतिनै अङ्क अङ्कन महलमा लेख्नुहास् । तपाइँले प्रयोग गर्नु भएको साधनमा चिह्न लगाउनुहोस् वा अन्य साधन प्रयोग गर्नुभएको भए सोही महलमा लेख्नुहोस् ।

**विषयवस्तुको क्षेत्र : हाम्रो गाउँपालिका कक्षा** : १

**विद्यार्थीको नाम :**

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| हाम्रो गाउँ-पालिका | आफ्नो वडाको नाम, सिमाना बताई आफ्नो टोलको भौगोलिक बनावट पहिचान गर्न | १. आफ्नो टोल र छिमेकको नाम बताउन | | | | | | | |
| | | २. आफ्नो टोलको सिमाना र भौगोलिक बनावट बताउन | | | | | | | |
| | | ३. आफ्नो वडाको नाम भन्न | | | | | | | |
| | | ४.आफ्नो छिमेकी टोलको सिमाना बताउन | | | | | | | |
| अभिभावकको सही : शिक्षको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र : हाम्रो प्राकृतिक स्रोत र सम्पदा कक्षा : १**

**विद्यार्थीको नाम :**

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | | **थप सहायतापछिको मूल्याङ्कन** | | | **मूल्याङ्कनका सम्भाव्य साधन** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | आफ्नोवरिपरि भएकावनजङ्गल, बोटविरुवा, जीव जनावर र पानीका स्रोतको नाम भन्न | १.आफ्नो नजिकको वनजङ्गलको नाम बताउन | | | | | | | |
| | | २. वनजङ्गलमा पाइने बोविरुवा र जीवजनावरका नाम भन्न र सूची बनाउन | | | | | | | |
| | | ३. आफ्नो घरमा प्रयोग हुने पानीका स्रोत बताउन | | | | | | | |
| | | ४. आफ्नो वरपर भएका पानीका स्रोतहरूको नाम भन्न | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र : हाम्रो संस्कार र संस्कृति** **कक्षा : १**

**विद्यार्थीको नाम :**

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| हाम्रो संस्कार र संस्कृति | आफ्नो नाम, थर तथा आफूले मनाउने चाड, चाडका खाने खानेकुरा, घर नजिकै भएको धार्मिक स्थल र स्थनीय बाजाको नाम भन्न | १. आफ्नो नाम, थर, जाति, भाषा, र धर्म बताउन | | | | | | | |
| | | २. आफूले मनाउने चाड र चाडमा खाइने खानेकुराको नाम भन्न र सूची तयार गर्न | | | | | | | |
| | | ३. आफ्ना गाउँमा पाइने बाजाको नाम भन्न | | | | | | | |
| | | ४. आफ्नो नजिकै भएका मठ, मन्दिरको नाम भन्न | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र :** **४. हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थहरू** **कक्षा : १**

**विद्यार्थीको नाम :**

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | | **थप सहायतापछिको मूल्याङ्कन** | | | **मूल्याङ्कनका सम्भाव्य साधन** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थहरू | धार्मिक, ऐतिहासिक, र पर्यटकीय स्थलको परिचय दिई आफ्नो घर वा विद्यालय नजिकै भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | १. धार्मिक स्थलको परिचय दिन | | | | | | | |
| | | २. ऐतिहासिक स्थलको परिचय दिन | | | | | | | |
| | | ३. पर्यटकीय स्थलको परिचय दिन | | | | | | | |
| | | ४. आफ्नो नजिकै भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलको नाम भन्न | | | | | | | |
| अभिभावकको सही : | शिक्षकको सही : | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र : पेसा उद्यमशीलता र प्रविधि** **कक्षा : १ विद्यार्थीको नाम :**

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| पेसा उद्यमशीलता र प्रविधि | आफ्नो परिवारको पेसा, कृषि औजारको नामरस्थानीय प्रविधिको नाम बताउन | १. आफ्ना परिवारका सदस्यहरूको नाम बताउन | | | | | | | |
| | | २. कृषि पेसामा प्रयोग हुने औजारहरूको नाम बताउन | | | | | | | |
| | | ३. स्थानीय प्रविधिको परिचय दिन | | | | | | | |
| | | ४. स्थानीय प्रविधिका नाम भन्न | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र :** **स्वास्थ्य र सरसफाइ** **कक्षा : १**

**विद्यार्थीको नाम :**

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | | **थप सहायतापछिको मूल्याङ्कन** | | | **मूल्याङ्कनका सम्भाव्य साधन** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | |
| स्वास्थ्य र सरसफाइ | व्यक्तिगत सरसफाइ गर्न, सफा र शुद्ध खानेकुराको नाम तथा स्थानीय खेलहरूको नाम बताउन | १. सरसफाइको परिचय दिन | | | | | | | |
| | | २. व्यक्तिगत सरसफाइको परिचय दिन र प्रयोग गर्न | | | | | | | |
| | | ३. आफूले खाने खानेकुराको नाम भन्न र सफा खानेकुराको प्रयोग गर्न | | | | | | | |
| | | ४. आफूले खेल्ने खेलको नाम भन्न र साथीसँग मिलेर खेल्न | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र : प्रकोप, वातावरण र हरित विद्याल कक्षा : १ विद्यार्थीको नाम :**

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकारण/ उपलब्धि सूचक | नियमित पढाइपछिको मूल्याङ्कन | | | थप सहायतापछिको मूल्याङ्कन | | | मूल्याङ्कनका सम्भाव्य साधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सकेको/ नसकेको | मिति | अङ्कन | सकेको/ नसकेको | मिति | अङ्कन | |
| प्रकोप, वातावरण र हरित विद्यालय | बढी, पहिरो र बगैँचाको परिचय दिन | १. बाढी पहिरोको पचिय दिन | | | | | | | |
| | | २. वातावरणको परिचय दिन | | | | | | | |
| | | ३. बगैँचाको परिचय दिन | | | | | | | |
| | | ४. बालबगैँचाको परिचय दिन | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

**विषयवस्तुको क्षेत्र : व्यक्ति र सङ्घ संस्था परिचय** **कक्षा : १**

**विद्यार्थीको नाम :**

| **विषयवस्तुको क्षेत्र** | **मुख्य सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धि विस्तृतीकरण/ उपलब्धि सूचक** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | | **थप सहायतापछिको मूल्याङ्कन** | | | **मूल्याङ्कनका सम्भाव्य साधन** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | **सकेको/ नसकेको** | **मिति** | **अङ्कन** | |
| व्यक्ति र सङ्घ संस्था परिचय | आफ्नो विद्यालय, प्र.अ. र कक्षा शिक्षकको नाम तथा घरका प्रमुख व्यक्तिको नाम भन्न | १. व्यक्ति, सङ्घ संस्थाको परिचय दिन | | | | | | | |
| | | २. आफ्नो विद्यालयको नाम भन्न | | | | | | | |
| | | ३. आफ्नो विद्यालयका प्र. अ. र कक्षा शिक्षकको नाम भन्न | | | | | | | |
| | | ४. आफ्नो घरका प्रमुख व्यक्तिको नाम भन्न | | | | | | | |
| अभिभावकको सही : शिक्षकको सही : | | | उपलब्धि प्रतिशत | | | | | | |

द्रष्टव्य : यहाँ नमुनाका रूपमा स्थानीय विषयको विषयक्षेत्र अन्तर्गत कक्षा १ का लागि प्रयोग गरिने मूल्याङ्कन अभिलेख फारममात्र समावेश गरिएको छ। कक्षा २ र ३ का लागि प्रयोग गरिने मूल्याङ्कन अभिलेख फाराम शिक्षक स्वयमूले निर्माण गरी अभिलेख राख्नुपर्नेछ।

# ३.

# आधारभूत शिक्षा (कक्षा ४–५) का तहगत सक्षमता

१. आफ्नो गाउँपालिकाको भूगोल, हावापानी, पोसाक, तथा खाद्यबालीको पहिचान र प्रयोग

२. आफ्नो गाउँपालिकाको विगत र वर्तमान अवस्थाको मानव बस्तीको पहिचान र गौरव

३. प्राकृतिक स्रोत र सम्पदाको पहिचान, प्रयोग र संरक्षण

४. आफ्नो संस्कार र संस्कृतिको पहिचान, प्रयोग र संरक्षण

५. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको पहिचान, महत्त्व र संरक्षण

६. आफ्नो परिवारको पेसाप्रति गौरव, अनुसरण र सहभागी

७. स्वास्थ्य, सरसफाइ र खेलकुदप्रति सकारात्मक सोच र प्रयोग

८. स्वच्छ वातावरण निर्माणमा सहयोग तथा प्रकोपप्रति सजग

९. व्यक्ति, सङ्घ, संस्थाप्रति सकारात्मक तथा आस्थावान

## ३.१ कक्षागत सिकाइ उपलब्धि

| विषय वस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा |
| हाम्रो गाउँपालिका | १. फिक्कल गाउँपालिकाको भौगोलिक बनावटको पहिचान गरी क्षेत्रगत वर्गीकरण गर्न<br>२. मौसमअनुसार फिक्कल गाउँपालिकाको हावापानीमा हुने फरक बताउन<br>३. मौसमअनुसारका पोसाक तथा खानेकुरा पहिचान गरी सूची तयार गर्न<br>४. फिक्कल गाउँपालिकाको प्रारम्भिक सामुदायिक बस्तीका बारेमा सामान्य जानकारी हासिल गर्न<br>५. फिक्कल गाउँपालिकाको मानव बस्ती वितरणको सामान्य परिचय दिन | १६ | १. फिक्कल गाउँपालिकाको उचाइ, अक्षांश र देशान्तर बताउन<br>२. फिक्कल गाउँपालिकामा बसोबास गर्ने जातजातिगत विवरण र तिनको जनसङ्ख्या बताउन तथा सूची निर्माण गर्न<br>३. मौसमअनुसारका पोसाक तथा खानेकुराको पहिचान र प्रयोग गर्न<br>४. फिक्कल गाउँपालिकाको प्रारम्भिक सामुदायिक बस्तीका बारेमा जानकारी हासिल गरी कक्षामा प्रस्तुत गर्न<br>५. फिक्कल गाउँपालिकाको मानव बस्ती वितरणको पहिचान र वर्णन गर्न | १६ |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ६. फिक्कल गाउँपालिकाको वनजङ्गल तथा नदीनालाको छोटकरीमा वर्णन गर्न तथा सूची बनाउन<br>७. प्राकृतिक स्रोतको विगत र वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण गर्न<br>८. प्राकृतिक स्रोतबाट हुने फाइदाहरूको सूची निर्माण गरी प्रदर्शन गर्न | १८ | ६. फिक्कल गाउँपालिकाको वनजङ्गल र तटीय क्षेत्रको परिचय तथा महत्त्व बताउन<br>७. वनजङ्गल र तटीय क्षेत्रको संरक्षणका उपाय पहिचान गरी सूची निर्माण गर्न<br>८. फिक्कल गाउँपालिका क्षेत्रका खनिज वस्तुहरूको परिचय तथा महत्त्व बताउन<br>९. प्रकृतिक स्रोत संरक्षणका उपाय पहिचान गरी तिनको कार्यान्वयनमा सहयोग गर्न | १८ |

| विषय वस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा |
| | | | १०. भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता बोध गरी स्थानीय समुदायलाई सुसूचित गर्न | |
| हाम्रो संस्कार र संस्कृति | ९. फिक्कलमा मनाइने चाडपर्व तथा रीतिरिवाजको परिचय दिन<br>१०. साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिको परिचय तथा महत्त्व बताउन<br>११. उँधौली र उँभौली पर्वको परिचय तथा महत्त्व बताउन<br>१२. धर्मअनुसारका चार संस्कार (नामकरण, व्रतबन्ध, विवाह र मृत्यु) सम्बन्धी क्रियाकलापको परिचय दिन | १६ | ११. फिक्कलमा मनाइने चाडपर्व, रीतिरिवाजको तथा मेलाको परिचय र महत्त्व बताउन<br>१२. साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिको परिचय तथा क्रियाकलापमा सहभागी हुन<br>१३. उँधौली र उँभौली पर्वको परिचय तथा क्रियाकलापमा सहभागी हुन<br>१४. धर्मअनुसारका जन्म तथा मृत्यु संस्कारमा गरिने क्रियाकलापको जानकारी लिन | १६ |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १३. फिक्कल गाउँपालिकामा भएका धार्मिक तथा ऐतिहसिक स्थलहरूको पहिचान गरी सूची निर्माण गर्न<br>१४. फिक्कल गाउँपालिकामा भएका आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न सम्भावित स्थानको परिचय दिई सूची निर्माण गर्न<br>१५. फिक्कल गाउँपालिकामा भएका सार्वजनिक उद्यानको परिचय तथा महत्त्व बताउन | १६ | १५. फिक्कल गाउँपालिकामा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको परिचय तथा महत्त्व बताउन<br>१६. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको सूची निर्माण गरी प्रस्तुत गर्न<br>१७. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलबाट हुने फाइदा बताउन<br>१८. फिक्कलमा भएका आन्तरिक तथा बह्य पर्यटकीय स्थलको संरक्षण र संवर्धनमा सहयोग गर्न | १६ |

| विषय वस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा |
| पेसा, उद्यमशीलता र प्रविधि | १६. फिक्कल गाउँपालिकाका मानिसहरूको मुख्य पेसाका बारेमा बताउन<br>१७. परम्परागत स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय दिन र प्रयोग गरेर देखाउन<br>१८. पशुपालन र यसबाट हुने फाइदा बताउन<br>१९. फिक्कलमा हुने नगदे बालीको परिचय र सूची निर्माण गर्न<br>२०. फिक्कलका मानिसहरूले आम्दानीको मुख्य स्रोतको पहिचान गरी बताउन | १८ | १९. निगालो, वेत, बाँस, पराल, खर, खोस्टाबाट बन्ने सामग्रीहरूको सूची तयार गर्न<br>२०. पानीबाट चल्ने मिल, घट्टजस्ता प्रविधिको परिचय, काम र फाइदा बताउन<br>२१. फलफूल तथा तरकारी खेतीको परिचय र महत्त्व बताउन<br>२२. प्राङ्गारिक र रासायनिक मलको परिचय तथा फाइदा बेफाइदा बताउन | |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | २१. स्वस्थ र अस्वस्थ भोजन छुट्याई स्वस्थ भोजनको प्रयोग गर्न<br>२२. सही तरिकाले उठ्ने, बस्ने र सुत्ने तरिका बताउन र अभ्यास गर्न<br>२३. कक्षाकोठाको सरसफाइको तरिका बताउन र कक्षाकोठा सफा गर्न<br>२४. आफ्नो घर तथा विद्यालयमा खेलिने खेलको परिचय दिन र नियमको पालना गरी खेल्न | १४ | २३. खाना खानु अघि र शौचालयको प्रयोग पछि साबुन पानीले राम्रोसँग हात धुने अभ्यास गर्न<br>२४. स्वस्थकर तथा पोषणयुक्त खाना पहिचान गरी प्रयोग गर्न<br>२५. योगको अवधारणा तथा महत्त्व बताउन र अभ्यास गर्न<br>२६. खेलकुदबाट हुने फाइदा बताउन र खेलकुद सामग्रीको संरक्षण गर्न | १४ |

| विषय वस्तुको क्षेत्र | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा | सिकाइ उपलब्धि | वार्षिक कार्य घण्टा |
| प्रकोप, वातावरण र हरित विद्यालय | २५. प्राकृतिक र मानव निर्मित प्रकोप र विपतको पहिचान गरी हानिनोक्सानीको बारेमा बताउन<br>२६. फोहोर व्यवस्थापनका उपाय अवलम्बन गर्न<br>२७. हरित विद्यालय तथा बालवगैंचाको परिचय र आवश्यकता बताउन | १८ | २७. प्राकृतिक र मानव निर्मित प्रकोपका प्रकारका सूची निर्माण गरी प्रस्तुत गर्न<br>२८. प्रदुषणको परिचय, प्रकार र कारणको पहिचान पहिचान गरी न्यूनीकरणका उपाय बताउन<br>२९. आफ्नो विद्यालयमा बालवगैंचा निर्माण र संरक्षणमा सहयोग गर्न | १८ |
| व्यक्ति र सङ्घ संस्था परिचय | २८. स्थानीय स्तरमा सामाजिक सेवामा योगदान पुर्‍याउने व्यक्तिको परिचय दिन<br>२९. स्थानीय सामाजिक सङ्घ संस्थाको परिचय दिन<br>३०. आफ्नो वडाभित्रका शैक्षिक संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न | १२ | ३०. स्थानीय सामाजिक सेवामा समर्पित व्यक्तिहरूको परिचय र योगदान बताउन<br>३१. समाजसेवी व्यक्तिहरूको जीवनीबाट अनुकरण गर्न<br>३२. समाजिक सङ्घ संस्थाहरूले गर्ने कार्य बताउन<br>३३.आफ्नो वडाभित्रका शैक्षिक संस्थाहरूले गर्ने कामको सूची तयार गरी प्रदर्शन गर्न | १२ |

## ३.२ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षाः ४)

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | १. फिक्कल गाउँपालिकाको भौगोलिक बनावटको पहिचान गरी क्षेत्रगत वर्गीकरण गर्न<br>२. मौसमअनुसार फिक्कल गाउँपालिकाको हावापानीमा हुने फरक बताउन<br>३. मौसमअनुसारका पोसाक तथा खानेकुरा पहिचान गरी सूची तयार गर्न<br>४.फिक्कल गाउँपालिकाको प्रारम्भिक सामुदायिक बस्तीका बारेमा सामान्य जानकारी हासिल गर्न | १. फिक्कल गाउँपालिकाको भूबनोट (लेक, बेँसी, पाटन, दुन.....आदि)<br>२. फिक्कल गाउँपालिकाको हावापानी<br>३.जाडो र गर्मी मौसममा लगाउने पोसाक<br>४. खाद्यान्न, तरकारी तथा फलफूल<br>५. फिक्कल गाउँपालिकाको प्रारम्भिक सामुदायिक बस्तीको अवस्था<br>६. फिक्कल गाउँपालिकाको हालको मानव बस्ती र त्यसको अवस्था | | (क) नक्सा तथा चित्र प्रदर्शन गरी फिक्कल गाउँपालिकाको भूबनोट पहिचान गर्न र त्यसका आधारमा क्षेत्रगत वर्गीकरण प्रस्तुत गर्न लगाउने ।<br>(ख) मौसम अनुसार फिक्कल गाउँपालिकाको हावापानी विविधता झल्किने चित्र, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी छलफल तथा प्रश्नोत्तर गर्न लगाउने । | (क) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>(ख) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>(ग) लिखित अभ्यास गराएर<br>(घ) हाजिरीजवाफ सञ्चालन गरेर<br>(ङ) प्रश्नोत्तर गरेर<br>(च) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>(छ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>(ज) आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर | १६ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ५. फिक्कल गाउँपालिकाको हालको मानव बस्ती वितरणको सामान्य परिचय दिन | ७. फिक्कल गाउँपालिकाका मानिसहरूको प्रारम्भिक तथा हालको जीवनशैलीमा भिन्नता | (ग) हावापानीको भिन्नता हुँदा लगाउने पोसाक, खाद्यान्न, तरकारी आदिको फोटो, चित्र सङ्कलन गरी कक्षामा प्रदर्शन गर्ने र यिनीहरूको प्रयोग विधिका बारेमा छलफल गराई सूची निर्माण गर्न लगाउने ।<br>(घ) हावापानीको भिन्नता हुँदा गरिने क्रियाकलाप तथा लगाइने पोसाकका बारेमा अभिभावक तथा टोलछिमेकका बुढापाका व्यक्तिसँग छलफल गर्न लगाई त्यस | | | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | क्रममा पाइएका विशेष कुरा कक्षामा प्रस्तुत गर्न लगाउने<br>(ङ) फिक्कल गाउँपालिकाको प्रारम्भिक मानव बस्तीका बारेमा सामग्री अध्ययन, समाजका ज्येष्ठ व्यक्तिसँग अन्तरक्रिया तथा सूचना प्रविधिका सामग्रीको अवलोकन तथा अध्ययन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । यस्ता कार्यमा शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई नेतृत्व गर्न उत्प्रेरित गर्ने ।<br>(च) प्रारम्भिक मानव बस्तीले निर्माण गरेका घर, विद्यालय, पाटीपौवा, | | | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | मन्दिर आदिका चित्र, सङ्लन गरी छलफल गराउने ।<br>(छ) फिक्कल गाउँपालिकामा हालको मानव बस्ती र यसको वितरणलाई समावेश गरी नमुना चित्र प्रस्तुत गरी छलफल गराउने ।<br>(ज) प्रारम्भिक अवस्थाका नमुना चित्र, फोटो तथा हालका अवस्थाका चित्र, फोटो सङ्कलन गरी पहिले र अहिलेको अवस्थाको जीवनशैलीमा भएको परिवर्तनका बारेमा छलफल गर्न लगाउने । | | | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ६. फिक्कल गाउँपालिकाको वनजङ्गल तथा नदीनालाको छोटकरीमा वर्णन गर्न तथा सूची बनाउन<br>७. प्राकृतिक स्रोतको विगत र वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण गर्न<br>८. प्राकृतिक स्रोतबाट हुने फाइदाहरूको सूची निर्माण गरी प्रदर्शन गर्न | १. फिक्कल गाउँपालिकाको वनजङ्गल<br>२. नदी, खोला, खोल्सा, खहरे....आदि<br>३. प्राकृतिक स्रोतको विगत र वर्तमान अवस्थाको तुलना<br>४. संरक्षणका उपाय र तिनको कार्यान्वयन<br>५. प्राकृतिक स्रोतबाट हुने फाइदा | | (क) फिक्कल गाउँपालिकामा भएका वनजङ्गल, नदीनाला, खोला, खोल्सा आदि फोटो, चित्र प्रदर्शन गरी छलफल गराई सूची निर्माण गर्न लगाउने ।<br>(ख) विद्यार्थीलाई आफ्ना टोलछिमेक वा समुदायमा रहेका ज्येष्ठ वा अनुभवी व्यक्तिसँग गई प्राकृतिक स्रोतको विगतका बारेमा छलफल तथा जानकारी टिपोट गर्न लगाउने ।<br>(ग) विद्यार्थीको स-साना समूह निर्माण गरी उपलब्ध जानकारीलाई छलफल र | (क) निर्धारित विषयवस्तुको आधारमा मौखिक प्रश्नोत्तर गरेर<br>(ख) सिकाइ सहजीकरणका क्रममा छलफल (युगल, सामूहिक) मा सहभागिता तथा समूह कार्यमा सक्रियताको अवलोकन तथा लेखाजोखा गरेर<br>(ग) निर्दिष्ट सूचीको प्रस्तुतिका आधारमा सिकाइको मूल्याङ्कन गरेर<br>(घ) लिखित अभ्यास गर्न लगाएर | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | त्यसको सार वा निष्कर्ष समूहगत सार वा निष्कर्षलाई कक्षामा प्रस्तुत गर्न लगाउने । त्यसपछि प्राकृतिक स्रोतको वर्तमान अवस्थाको तुलनात्मक विश्लेषण गर्न सहयोग गरी थप छलफल र प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने ।<br>(घ) प्राकृतिक स्रोतबाट प्राप्त हुने फाइदाहरूको सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्ने । त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गर्ने अवसर प्रदान गर्ने । | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| हाम्रो संस्कार र संस्कृति | ९. फिक्कलमा मनाइने चाडपर्व तथा रीतिरिवाजको परिचय दिन<br>१०. साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिको परिचय तथा महत्त्व बताउन<br>११. उँधौली र उँभौली पर्वको परिचय तथा महत्त्व बताउन<br>१२. धर्मअनुसारका चार संस्कार (नामकरण, व्रतबन्ध, विवाह र मृत्यु) सम्बन्धी क्रियाकलापको परिचय दिन | १. फिक्कल गाउँपालिकामा मनाइने चाडपर्व तथा रीतिरिवाज<br>.२. फिक्कलमा लाग्ने मेला, जात्रा र अन्य धार्मिक क्रियाकलाप<br>३. साउने तथा माघे सङ्क्रान्तिको परिचय र महत्त्व<br>४. उँधौली र उँभौली पर्वको परिचय तथा महत्त्व<br>५.धर्मअनुसार चार संस्कार सम्बन्धी क्रियाकलाप | | (क) विभिन्न चाडपर्व झल्किने चित्र, फोटो, भिडिओ प्रदर्शन गर्ने र विद्यार्थीहरूलाई छलफल गर्न लगाइ चाडपर्व तथा रीतिरिवाजका बारेमा शिक्षकले परिचय दिने र विद्यार्थीलाई समेत परिचय दिन लगाउने ।<br>(ख) फिक्कल गाउँपालिकाभित्र लाग्ने मेला, जात्रा र अन्य धार्मिक क्रियाकलाप आदिका फोटो, चित्र सम्भव भए भिडिओ समेत प्रदर्शन गरी परिचय दिने ।<br>(ग) साउने तथा माघे सङ्क्रान्ति र उँधौली, उँभौली जस्ता पर्वमा गरिने | (क) स्थानीय रूपमा मनाइने चाडपर्वका नाम भन्न लगाउने ।<br>(ख) ती चाडपर्वमा गरिने क्रियाकलापहरू के के हुन जस्ता प्रश्न सोध्ने ।<br>(ग) स्थानीय मेला, जात्राको नाम भन्न लगाउने ।<br>(घ) साउने सङ्क्रन्ति र माघे सङ्क्रन्तिमा के के गरिन्छ ?<br>(ङ) उँधौली र उँभौली पर्व भनेको के हो ? | १६ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | क्रियाकलापका फोटो, चित्र तथा भिडिओ प्रदर्शन गरी ती पर्वहरूको परिचय गराउने ।<br>(घ) धर्मकर्म अनुसारका चार संस्कार (न्वारन, व्रतबन्ध, विवाह,मृत्यु) जस्ता क्रियाकलापहरू झल्किने फोटो, चित्र सम्भव भए भिडिओ समेत प्रदर्शन गरी परिचय गराउने । | | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १३. फिक्कल गाउँपालिकामा भएका धार्मिक तथा ऐतिहसिक स्थलहरूको पहिचान गरी सूची निर्माण गर्न<br>१४. फिक्कल गाउँपालिकामा भएका | १. धार्मिक स्थलहरूको परिचय र महत्त्व<br>२. ऐतिहासिक स्थलहरूको परिचय र महत्त्व | | (क) फिक्कल गाउँपालिकामा भएका धार्मिक स्थलहरू मठ, मन्दिर, गुम्बा, चर्च आदिका फोटो, चित्र देखाइ धार्मिक स्थलबारेमा छलफल गराउने | (क) फिक्कल गाउँपालिकामा भएका धार्मिक तथा ऐतिहासिक स्थलहरूको नाम भन्न लगाई सूची बनाउन लगाउने । | १६ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | आन्तरिक तथा बाह्य पर्यटन प्रवर्धन गर्न सम्भावित स्थानको परिचय दिई सूची निर्माण गर्न<br>१५. फिक्कल गाउँपालिकामा भएका सार्वजनिक उद्यानको परिचय तथा महत्त्व बताउन | ३. पर्यटकीय स्थलहरूको परिचय र महत्त्व<br>४. पर्यटन विकासका लागि आवश्यक पूर्वाधारको परिचय र महत्त्व<br>५. प्याराग्लाइडिङको परिचय र महत्त्व<br>६. जल विहारका लागि र्‍याफ्टिङको परिचय र महत्त्व<br>७. सार्वजनिक उद्यानको परिचय र महत्त्व | | (ख) फिक्कल गाउँपालिकामा भएका ऐतिहासिक स्थल तथा वस्तुहरू पाटीपौवा, धारा, पँधेरा, विश्राम स्थल, चौतारा आदिका चित्र, फोटो प्रदर्शन गर्दै छलफल गराउने ।<br>(ग) पर्यटकीय स्थलहरू फिक्कल भ्युटावर, पार्क, वनभोज स्थलहरूको फोटो, चित्र, सम्भव भए पर्यटक घुमिरहेको भिडिओ प्रदर्शन गरी पर्यटकीय स्थलको परिचय गराउने ।<br>(घ) पर्यटन विकासका लागि आवश्यक पूर्वाधार बाटो, बिजुली, प्याराग्लाइडिङ, | (ख) फिक्कल गाउँपालिकामा भएका पर्यटकीय स्थलहरू परिचय दिन लगाई नाम समेत भन्न लगाई भन्न सके नसकेको पहिचान गरी मूल्याङ्कन गर्ने ।<br>(ग) पर्यटन विकास भनेको के हो ? पर्यटन विकासका लागि आवश्यक पूर्वाधारहरू के के हुन् ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(घ) क्षेत्र भ्रमणको अवलोकन गर्ने साथै सार्वजनिक उद्यान भनेको के हो ? उद्यानको के महत्त्व छ ? जस्ता प्रश्नद्वारा मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | र्‍याफ्टिङ आदिको फोटो, चित्र तथा सम्भव भएमा सम्बन्धित स्थलको अवलोकन भ्रमण समेत गराई छलफल गराउने ।<br>(ङ) सार्वजनिक उद्यान सम्भव भए सम्बन्धित स्थलमा क्षेत्र भ्रमण गराई तथा चित्र, फोटो आदिद्वारा सार्वजनिक उद्यानको परिचय र महत्त्व स्पष्ट पारिदिने | | |
| पेसा, उद्यमशीलता र प्रविधि | १६. फिक्कल गाउँपालिकाका मानिसहरूको मुख्य मुख्य पेसाका बारेमा बताउन<br>१७. परम्परागत स्थानीय प्रविधिमा आधारित सामग्रीहरूको परिचय दिन र प्रयोग गरेर देखाउन | १. कृषि, व्यापार, नोकरी आदिको परिचय<br>२. पुराना प्रविधि (ढिकी, जाँतो, ओखल, पानी घट्ट, उर्गल-लुसी, उखु पेल्ने कोल....आदि)को परिचय र प्रयोग | | (क) विभिन्न पेसाका मानिसहरूले काम गरिरहेको फोटो, चित्र, भिडिओ आदि देखाई पेसाका बारेमा छलफल गराउने र नाम भन्न लगाउने | (क) पेसा भनेको के हो ? तिम्रो गाउँमा कुन कुन पेसा गर्ने मानिस छन् ? जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>(ख) आफ्नो घर/ विद्यालय नजिक पाईने स्थानीय परम्परागत प्रविधिमा आधारित सामग्रीहरुको नाम टिपोट गरी त्यसको प्रयोगबारे लेख्नुहोस्। | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | १८. पशुपालन र यसबाट हुने फाइदा बताउन<br>१९. फिक्कलमा हुने नगदे बालीको परिचय र सूची निर्माण गर्न<br>२०. फिक्कलका मानिसहरूले आम्दानीको मुख्य स्रोतको पहिचान गरी बताउन | ३. पशुपालनको परिचय र महत्त्व<br>४. नगदे बालीको परिचय र महत्त्व<br>५. मुख्य आम्दानीका स्रोतको परिचय र नाम | | (ख) स्थानीय परम्परागत प्रविधि ढिकी, जा[illegible]तो, ओखल, पानीघट्ट, उर्गल-लुसी, उखु पेल्ने कोल, तेल पेल्ने कोल तथा मिल लगायत) सञ्चालन भएको ठाउँमा लगी अवलोकन गराउने र प्रयोग गर्ने तरिकाबारे छलफल गर्ने ।<br>(ग) स्थानीय परम्परागत सामग्री बनाउने मानिससँग भेट गराई उक्त सामग्री बनाउने तरिकाबारे देखाउन लगाउने र छलफल गराउने ।<br>(घ) पशुपालनसँग सम्बन्धित चित्र, पोष्टर, फोटो देखाई | (ग) स्थानीय परम्परागत प्रविधिमा आधारित कुनै दुईवटा सामग्रीहरुको चित्र बनाई त्यसको उपयोगबारे लेखी कक्षामा प्रस्तुत गनुहोस् ।<br>(घ) अवलोकन भ्रमणका आधारमा आफूले सिकेका पाँचओटा बुँदाहरू टिपी प्रस्तुत गर्नुहोस् ।<br>(ङ) पशुपालन भनेको के हो ? पशुपालनबाट हुने पाँचओटा फाइदा लेख । जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>(च) आम्दानीका स्रोतको सूची बनाउन लगाई अवलोकन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | पशुपालनको परिचय दिने । सम्भव भए पशुपालन गरेकै ठाउँमा लगी पशुपालन गर्ने तरिका गोठ, आहार आदिबारे स्पष्ट पार्ने साथै पशुपालनबाट हुने फाइदा समेत बताई टिपोट गर्न लगाउने ।<br>(ङ) आम्दानीका स्रोतको परिचय गराई समुदायका अगुवा जानेबुझ्ेका व्यक्तिसँग अन्तरक्रिया गराइ आम्दानीका मुख्य स्रोतहरू टिपोट गर्न लगाउने । | | |
| स्वास्थ्य, सरसफाइ र खेलकुद | २१. स्वस्थ र अस्वस्थ भोजन छुट्याई स्वस्थ भोजनको प्रयोग गर्न<br>२२. सही तरिकाले उठ्ने, बस्ने र सुत्न | १. घरम बनेका खानाहरू<br>२. शरीरलाई शक्तिदिने, वृद्धि तथा रक्षा गर्ने खानाका प्रकारहरू | | (क) स्वस्थ भोजनका फाइदा र अस्वस्थकर भोजनले पुऱ्याउने नोक्सानबारे छलफल गराउने । | (क) स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा बताउन लगाउने ।<br>(ख) स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाउने । | १४ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | तरिका बताउन र अभ्यास गर्न<br>२३. कक्षाकोठाको सरसफाइको तरिका बताउन र कक्षाकोठा सफा गर्न<br>२४. आफ्नो घर तथा विद्यालयमा खेलिने खेलको परिचय दिन र नियमको पालना गरी खेल्न | (भिटामिन, कार्बोहाइड्रेट, प्रोटिन युक्त) स्वस्थकर खाना<br>३. पत्रु भोजन (जङ्क फुड)का बेफाइदा<br>४. ताजा र बासी खानेकुरा र यसले पार्ने प्रभाव<br>५. उड्ने, बस्ने र सुत्ने सही तरिका<br>६. कक्षाकोठा सरसफाइको आवश्यकता महत्त्व<br>७. विभिन्न स्थानीय खेलहरू र खेल्ने तरिका | | (ख) कुन कुन खानामा भिटामिन, प्रोटिन, कार्वहाइड्रेट पाइन्छ छलफल गराउने ।<br>(ग) स्वस्थकर र अस्वस्थकर खानाका फाइदा बेफादाको सूची बनाइ छलफल गराउने ।<br>(घ) कस्ता कस्ता खानेकुराले शारीरिक, मानसिक वृद्धि गराउछ बताउने ।<br>(ङ) ताजा र बासी खाने कुरा र यसले पुऱ्याउने फाइदा बेफाइदाका बारेमा छलफल गराउने<br>(च) खानालाइ कसरी सुरक्षित राख्ने बताउने ।<br>(छ) उठ्ने, बस्ने र सुत्ने तरिका जस्तै | (ग) खानालाई कसरी सुरक्षित राख्न सकिन्छ सोध्ने ।<br>(घ) कार्वहाइड्रेट, भिटामिन, प्रोटिन कुन कुन खानेकुरामा पाइन्छ सोध्ने।<br>(ङ) सुत्ने आसनको अभ्यासको मूल्याङ्कन गर्ने ।<br>(च) दैनिक कक्षाकोठा सरसफाइ गर्न समूह बनाइ गर्न लगाउने र पृष्ठपोषण दिने ।<br>(छ) खेल खेलेका आधारमा मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | उत्तानो, देब्रे, दाहिने, घोप्टो आसनका चित्रहरू देखाई अभ्यास गराउने ।<br>(ज) कक्षाकोठा सफा गर्न लगाई फोहोर व्यवस्थापन गर्न सिकाउने<br>(झ) घरमा तथा विद्यालयमा खेलिने खेलहरूको नाम र खेल्ने तरिका बताई खेल खेल्न लगाउने । | | |
| प्रकोप, वातावरण र हरित विद्यालय | २५. प्राकृतिक र मानव निर्मित प्रकोप र विपतको पहिचान गरी हानिनोक्सानीको बारेमा बताउन<br>२६. फोहोर व्यवस्थापनका उपाय अवलम्बन गर्न | १. प्राकृतिक प्रकोप/विपत् जस्तैः बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरिबतास र चट्याङ<br>२. मानव निर्मित प्रकोप/विपत् जस्तैः आगलागी, सडक दुर्घटना | | (क) आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटना आदिको बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रको | (क) आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपत्को सूचीकरण गर्न लगाउने ।<br>(ख) मानव निर्मित प्रकोप/विपद्को सूचीकरण गर्न लगाउने ।<br>(ग) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २७. हरित विद्यालय तथा बालवगैँचाको परिचय र आवश्यकता बताउन | ३. फोहोरको परिचय, घर तथा विद्यालयभित्र र बाहिरका फोहोरका स्रोतहरू<br>४. फोहोरका किसिम ठोस, तरल, कुहिने, नकुहिने आदि<br>५. फोहोर व्यवस्थापनका तरिका<br>६. हरित विद्यालय तथा बालवगैँचाको परिचय, आवश्यकता र फाइदा | | बारेमा प्राकृतिक वा मानव निर्मित बिचको भिन्नताको बारेमा छलफल गराउने<br>(ख) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने ।<br>(ग) घरभित्र र बाहिरबाट निस्कने फोहोरहरूको सूची प्रस्तुत गरी छलफल गराउने<br>(घ) वरिपरि भएको फोहोर देखाई विद्यार्थीलाई समूहमा विभाजन गरी फोहोरको वर्गीकरण गर्न लगाउने | सडक दुर्घटना आदिको चित्र/कविता,गीत आदिको माध्यमबाट जानकारी प्रस्तुत गर्न लगाउने ।<br>(घ) कक्षाकोठाबाट निस्कने फोहोरमैलाको सूचीकरण गर्न लगाउने<br>(ङ) आफ्नो घरमा पाइने फोहोरको वर्गीकरण गरी चार्ट पेपरको माध्यमवाट प्रस्तुतीकरण गर्न लागउने ।<br>(च) प्रयोगात्मक रूपमा फोहोर व्यवस्थापन गर्न लगाई अवलोकन गर्ने ।<br>(छ) हरित विद्यालयबाट हुने फाइदा भन्न लगाउने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | (ङ) नकुहिने फोहोरबाट विभिन्न सामाग्री बनाउन सिकाउने, कम्पोस्ट गरिएको क्षेत्रको भ्रमण गराउने ।<br>(च) विद्यालय वरिपरि भएका बोटविरुवा देखाई हरित विद्यालयको परिचय गराउने तथा फाइदा बताई दिने । | | |
| व्यक्ति र सङ्घ संस्था परिचय | २८. स्थानीय स्तरमा सामाजिक सेवामा योगदान पुर्‍याउने व्यक्तिको परिचय दिन<br>२९. स्थानीय सामाजिक सङ्घ संस्थाको परिचय दिन<br>३०. आफ्नो वडाभित्रका शिक्षण संस्थाहरूको सूची निर्माण गरी प्रस्तुत गर्न | १. सामाजिक सेवाको परिचय<br>२. व्यक्ति, सङ्घ संस्थाको परिचय<br>३. स्थानीय सङ्घ संसथाको परिचय र नाम<br>४. फिक्कल गाउँपालिकाभित्र सञ्चालित शिक्षण संस्थाहरूको परिचय तथा नाम | | (क) समाज सेवाको परिचय दिँदै स्थानीय स्तरमा सामाजिक सेवामा लागेका व्यक्तिहरूको समाज सेवामा लागिरहेको अवस्थाको फोटो, भिडिओ आदि देखाई परिचय गराउने । | (क) समाज सेवा भनेको के हो ?<br>(ख) तिम्रो गाउँमा भएका समाज सेवी व्यक्तिको नाम भन ।<br>(ग) समाज सेवी व्यक्तिले गर्ने कुनै दुईओटा काम बताऊ<br>(घ) तिम्रो गाउँमा भएका स्थानीय सङ्घ संस्थाको नाम भन । | १२ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | (ख) स्थानीय स्तरमा सञ्चालित सङ्घ संस्थाहरूका कार्यालय (स्वास्थ्य, रेडक्रस, सहकारी... आदि) का फोटो, चित्र देखाई, सम्भव भए नजिकैको कुनै एउटा संस्थामा अवलोकन भ्रमण गराइ त्यस संसथाको साइनबोर्ड समेत देखाई सङ्घ संस्थाको परिचय गराउने ।<br>(ग) आफ्नो वडाभित्र सञ्चालित शिक्षण संस्थाहरूको चार्ट बनाई प्रदर्शन गर्ने र आफ्नो वडामा कति विद्यालय छन् र तिनीहरूका नाम के के हुन् भन्ने कुरा पटक पटक बताई दिने र चार्ट हेरी सूची निर्माण गर्न लगाई प्रस्तुत गर्न लगाउने । | (ङ) स्वास्थ्य संस्थाले गर्ने कुनै पाँचओटा काम बताऊ ।<br>(च) शिक्षण संस्था भनेको के हो ? तिम्रो वडामा भएका शिक्षण संस्थाको नामको सूची बनाऊ । जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने । | |

## ३.३ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण (कक्षा: ५)

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | १. फिक्कल गाउँपालिकाको उचाइ, अक्षांश र देशान्तर बताउन<br>२. फिक्कल गाउँपालिकामा बसोबास गर्ने जातजातिगत विवरण र तिनको जनसङ्ख्या बताउन तथा सूची निर्माण गर्न ।<br>३. मौसमअनुसारकापोसाक तथा खानेकुराको पहिचान र प्रयोग गर्न<br>४. फिक्कल गाउँपालिकाको प्रारम्भिक सामुदायिक बस्तीका बारेमा जानकारी हासिल गरी कक्षामा प्रस्तुत गर्न | १. फिक्कल गाउँपालिकाको क्षेत्रफलः क्षेत्रगत उचाइ अक्षांश, देशान्तर<br>२. पालिकाको जातजातिगत विवरण र तिनको जनसङ्ख्या<br>३. जाडो र गर्मीको मौसममा लगाउने पोसाक<br>४. मौसमअनुसारका खाद्यान्न, तरकारी र फलफूल<br>५. फिक्कल गाउँपालिकाको प्रारम्भिक मानव बस्तीको इतिहास (रहनसहन, शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक | | (क) ग्लोब तथा नक्साको प्रयोग गरी फिक्कल गाउँपालिकाको उचाइ, अक्षांश, र देशान्तरबारेमा छलफल गराउने ।<br>(ख) फिक्कल गाउँपालिकाको भूगोल, अक्षांश, देशान्तर तथा माटाको प्रकार समेटिएका विविध सामग्रीको अध्ययन गरी मुख्य मुख्य कुरा टिपोट गरी छलफल गर्न लगाउने ।<br>(ग) उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी | (क) उपलब्ध सामग्रीका आधारमा फिक्कल गाउँपालिकाको क्षेत्रफल पहिचान गरे नगरेका आधारमा मूल्याङ्कन गर्ने ।<br>(ख) प्रदर्शन गरिएको नक्साको आधारमा बस्ती वा सहर, उचाइ, वनजङ्गल सही ढङ्गले चिनेर बताउन सके नसकेको आधारमा मूल्याङ्कन गर्ने ।<br>(ग) विद्यार्थीले आत्मविश्वास तथा स्पष्टताका साथ प्रस्तुति गरे नगरेको अवलोकन गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।<br>(घ) फिक्कल गाउँपालिका र यसको जातजातिगत विवरण र जनसङ्ख्याको सूची निर्माण तथा प्रदर्शन गर्न सके नसकेका आधारमा सिकाइको मापन गर्ने । | १६ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | ५. फिक्कल गाउँपालिकाको मानव बस्ती वितरणको पहिचान र वर्णन गर्न | अवस्था आदि)<br>६. फिक्कल गाउँपालिकाको हालको मानव बस्तीको वितरणको अवस्था | | गाउँपालिकाको जातजातिगत विवरण र तिनको जनसङ्ख्या पहिचान गर्न परियोजना कार्य गर्न लगाउने ।<br>(घ) गाउँपालिकाको क्षेत्रफल बताई भूगोल (समथर, पहाडी, खेतीयोग्य जमिन, बस्ती र अन्य क्षेत्रले ओगटेको) क्षेत्रफलको अनुमान गर्न लगाउने ।<br>(ङ) जातजातिगत सूचनालाई स्थानीय जानकार व्यक्ति वा वडा तथा गाउँपालिका कार्यलयमा गई यकिन गर्न लगाउने ।<br>(च) फिक्कल गाउँपालिकाको हावापानीको परिचय दिँदै स्थानअनुसार हावापानीमा | (ङ) जाडो र गर्मीमा बस्ने मानिसहरूको पोसाकको बारेमा प्रश्न सोध्ने, खाद्यान्न बालीका नाम तथा उत्पादन हुने समय भन्न लगाउने, त्यसैगरी तरकारी र फलफूलका नाम, फल्ने समय र प्रयोगको तरिका बारेमा भन्न, लेख्न लगाई मूल्याङ्कन गर्ने ।<br>(च) फिक्कलको प्रारम्भिक मनाव बस्तीका बारेमा श्रव्य दृश्य सामग्रीका आधारमा तथा तत्कालीन जीवनशैलीका बारेमा प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>(छ) हालको मानव बस्ती वितरण र जीवनशैलीका बारेमा मौखिक तथा लिखित प्रश्न सोधी लेखाजोखा गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | हुने फरक बताउन<br>विभिन्न समयमा मौसमअनुसार खिचिएको फोटो, चित्र, चार्ट आदि देखाई लेक, बेँसी तथा मध्यभागको हावापानी र मौसमअनुसार लगाउने पोसाक सम्बधी छलफल गराउने ।<br>(छ) मौसमअनुसार खाद्यान्न, तरकारी तथा फलफूल उत्पादन हुने कुरा जानकारी गराउँदै धान, मकै, गहुँ, कोदो, फापर आदि खाद्यान्न बाली उत्पादन हुने समय, हिँउदे र बर्खे तरकारी तथा फलफूल उत्पादन हुने समय जानकारी दिन फोटो , चित्र, भिडिओ देखाई छलफल गराउने, सम्भव भए अवलोकन भ्रमण गराई खाद्यान्न, | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | तरकारी तथा फलफूलको जानकारी गराई प्रयोगको तरिका समेत बताइदिने ।<br>(ज) फिककल गाउँपालिकाको प्रारम्भिक मानव बस्तीसँग सम्बन्धित सामग्री पत्रपत्रिका, स्मारिका, बुढापाकाका भनाइ अदि सङ्कलन गरी चार्टमा प्रस्तुत गर्दै त्यस बेलाका मानिसहरूका जीवनशैलीका बारेमा समेत जानकारी गराउने र चार्टको अध्ययन गरी कक्षामा प्रस्तुत समेत गर्न लगाउने ।<br>(झ) फिककल गाउँपालिकाको हालको मानव बस्तीको जानकारी दिन फोटो, चित्र, पत्रपत्रिका, भिडिओ जस्ता सामग्री देखाई | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | प्रारम्भिक र हालको अवस्थामा मानिसको जीवनशैलीमा भएको परिवर्तनको तुलनात्मक छलफल गराउने । | | |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ६. फिक्कल गाउँपालिकाको वनजङ्गल र तटीय क्षेत्रको परिचय तथा महत्त्व बताउन<br>७. वनजङ्गल र तटीय क्षेत्रको संरक्षणका उपाय पहिचान गरी सूची निर्माण गर्न<br>८. फिक्कल गाउँपालिका क्षेत्रका खनिज वस्तुहरूको परिचय तथा महत्त्व बताउन<br>९. प्रकृतिक स्रोत संरक्षणका उपाय पहिचान गरी तिनको | १. फिक्कल गाउँपालिकाको वनजङ्गल<br>२. खोला, नदी र तटीय क्षेत्र<br>३. खनिजको परिचय र महत्त्व<br>४. प्राकृतिक स्रोत संरक्षणका उपाय र कार्यान्वयन<br>५. भावीपुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता | | (क) फिक्कल गाउँपालिकामा भएका प्राकृतिक सम्पदा वनजङ्गल, नदी, खोला र तटीय क्षेत्रको परिचय र महत्त्व बताई परिचय तथा महत्त्वको चार्ट प्रदर्शन गरी प्रश्नोत्तर विधिद्वारा छलफल गराउने ।<br>(ख) प्राकृतिक सम्पदाको संरक्षण कसरी गर्न सकिएला ? जस्ता प्रश्न गर्दै वृक्षारोपण, बेराघेरा, पहिरो नियन्त्रण, गिट्टी बालुवा उत्खनन्, गरेका जस्ता फोटो, चित्र, | (क) प्राकृतिक सम्पदा भनेको के हो ? फिक्कलमा पाइने प्राकृतिक सम्पदाहरू के के हुन् ? प्राकृतिक स्रोतबाट के फाइदा हुन्छ ? जस्ता प्रश्नोत्तर विधिको प्रयोग गरी मूल्याङ्कन गर्ने ।<br>(ख) फिक्कलमा भएका प्राकृतिक सम्पदाहरूको सूची बनाउन लगाउने र अवलोकन गर्ने ।<br>(ग) प्राकृतिक सम्पदाको संरक्षण भनेको के हो ? संरक्षण नगरे के हुन्छ ? संरक्षण गर्न के के गर्नुपर्छ ? जस्ता प्रश्न गर्ने तथा संरक्षणका उपायहरूको सूची बनाउन लगाई अवलोकन गर्ने । | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | कार्यान्वयनमा सहयोग गर्न<br>१०. भावी पुस्ताका लागि प्राकृतिक स्रोतको आवश्यकता बोध गरी स्थानीय समुदायलाई सुसूचित गर्न | | | भिडिओ आदि देखाई आफ्नो क्षेत्रमा गर्न सकिने | (घ) खनिज भनेको के हो ? फिक्कलमा पाइने खनिज वस्तुहरू के के हुन् ? जस्ता प्रश्न सोध | |
| | | | | संरक्षणका उपाय विद्यार्थीहरूलाई भन्न लगाई आफूले पाटीमा टिप्दै जाने नपुगेका कुरा आफूले थपेर पूरा गरी पटक पटक छलफल गराई सूची निर्माण गर्न लगाउने ।<br>(ग) अन्य प्राकृतिक सम्पदा<br>जस्तै खनिज पनि एक हो भन्दै खनिज सम्पदाको परिचय दिने र फिक्कलमा पाइने | मूल्याङ्कन गर्ने ।<br>(ङ) अवलोकन भ्रमणमा आफूले देखेका कुराहरूको वर्णन गर्न लगाई मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | खनिज सम्पदाको नाम भन्न लगाउने । फोटो, चित्रद्वारा खनिजका बारेमा स्पष्ट पार्दै खनिजको प्रयोग र महत्त्वका विषयमा छलफल गराउने ।<br>(घ) क्रियाकलाप दुईमा निर्माण गरिएको सूची प्रदर्शन गर्दै संरक्षणका उपायमध्ये विद्यार्थीले गर्न सक्ने उपाय के के हुन् ? भनी छलफल गर्दै छुट्याउन लगाउने र बाँकी रहेका उपाय कार्यान्वयनमा कसकसको भूमिका के के हुन्छ भनी बताइदिने । सम्भव भए वृक्षारोपण, बेराघेरा, पहिरो नियन्त्रण जस्ता कार्य भइरहेका ठाउँको अवलोकन भ्रमणसमेत गराई छलफल गराउने । (भ्रमण गर्दा | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | सावधानीका साथ विद्यार्थीहरूलाई उपस्थित गराउने)<br>(ङ) भावी पुस्ताका लागि प्राकृतिक सम्पदाको आवश्यकता पहिचान गरी संरक्षण गर्न आफ्नो समुदायलाई सुसूचित गर्नु पर्ने कुरा बताइदिने र पर्चा, पोस्टर, प्लेकार्ड, बनाई विद्यार्थीहरूलाई र्‍याली निकाल्न लगाउने आफू पनि र्‍यालीमा सहभागी हुँदै सूचनाको जानकारी गराउने । | | |
| हाम्रो संस्कार र संस्कृति | ११. फिक्कलमा मनाइने चाडपर्व, रीतिरिवाजको तथा मेलाको परिचय र महत्त्व बताउन | १. फिक्कलमा मनाइने चाडपर्व दसैँ, तिहार, माघे तथा साउने सङ्क्रान्ति, उँधौली र उँभौली पर्व, तथा अन्य रीतिररिवाज, मेला, उत्सवहरू | | (क) फिक्कलमा मनाइने चाडपर्व तथा मेलाहरू झल्किने फोटो, चित्र, भिडिओ तथा चाडपर्वमा गरिने क्रियाकलापहरूको चार्ट, तालिका आदि | (क) दसैँ, तिहार आदि जस्ता पर्वका बारेमा प्रश्न सोध्ने र मौखिक उत्तर भन्न लगाउने, विद्यार्थी स्वयम्‌लाई कुन कुन चाडपर्वमा तिमीले के के गर्‍यौ ? भनी भन्न र लेख्न लगाउने । | १६ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | १२. साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिको परिचय तथा क्रियाकलापमा सहभागी हुन<br><br>१३. उँधौली र उँभौली पर्वको परिचय तथा क्रियाकलापमा सहभागी हुन<br><br>१४. धर्मअनुसारका जन्म तथा मृत्यु संस्कारमा गरिने क्रियाकलापको जानकारी लिन | २. सोह्र संस्कारमध्ये हाल प्रचलनमा रहेका चार संस्कारहरू (नामकरण, व्रतबन्ध, विवाह र मृत्यु संस्कार) | | प्रदर्शनगर्ने, आफूले ती पर्वहरूमा के के गऱ्यौ ? जस्ता प्रश्नहरू गर्दै चाडपर्वको परिचय गराउने । चाडपर्व तथा महत्त्वका विषयमा विभिन्न किंवदन्ती र कथा सुनाई स्पष्ट पारिदिने ।<br><br>(ख) मानिसका जीवनमा गरिने सोह्र संस्कारमध्ये हाल प्रचलनमा रहेका चार संस्कारहरूका विषयमा छलफल गराउने । नामकरण, व्रतबन्ध, विवाह र मृत्यु संस्कारमा जातजातिगत भिन्नता हुने कुरा बुझाउन जातजातिगत रूपमा संस्कार सम्पन्न गर्दा गरेका क्रियाकलाप-हरूको फोटो, पोस्टर, | (ख) चाडपर्वका महत्त्वका बारेमा भन्न लगाई पूजा गरिने देवी देवताका नाम र पूजा गर्ने तरिका लेख्न तथा भन्न लगाई मूल्याङ्कन गर्ने ।<br><br>(ग) मानव जीवनमा गरिने चार संस्कारहरू के के हुन् ? ती संस्कारमा के के ख गरिन्छ ? व्रतबन्ध भनेको के हो ? विवाहमा के के गरिन्छ ? मृत्यु संस्कार भनेको के हो ? मृत्यु संस्कारमा के के गर्नुपर्छ , जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | चित्र, भिडियो आदि देखाउँदै विद्यार्थीहरूलाई पालैपालो छलफल गराई आफ्नो घरमा कुन कुन संस्कारमा के के गर्छन् भनी भन्न लगाउने । | | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १५. फिक्कल गाउँपालिकामा भएका धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको परिचय तथा महत्त्व बताउन<br>१६. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको सूची निर्माण गरी प्रस्तुत गर्न<br>१७. धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलबाट हुने फाइदा बताउन<br>१८. फिक्कलमा | १. धार्मिक स्थलहरू मठ, मन्दिर, गुम्बा, चर्च आदि<br>२. ऐतिहासिक र पर्यटकीय स्थलहरू पाटीपौवा, चौतारा, नदी, भ्युटावर, सडक, थुम्का आदि<br>३. सामाजिक, आर्थिक तथा मनोवैज्ञानिक फाइदाहरू<br>४. संरक्षण संवर्धनका उपायहरू | | (क) फिक्कल गाउँपालिकामा भएका मठ, मन्दिर, गुम्बा, चर्च आदिको परिचय दिँदै विभिन्न धर्मका विषयमा परिचय गराउने । मठ, मन्दिर, गुम्बा, चर्चको फोटो, चित्र, पोस्टर तथा त्यहाँ गरिने धार्मिक क्रियाकलापका भिडिओ देखाई धार्मिक स्थलहरूको धारणा स्पष्ट पार्ने । सम्भव भए कुनै पर्वको अवसर पारेर नजिकैको धार्मिक स्थलको अवलोकन भ्रमणसमेत गराई महत्त्व बताइदिने । | (क) धार्मिक स्थलको परिचय तथा महत्त्व भन्न र लेख्न लगाउने ।<br>(ख) ऐतिहासिक तथा पर्यटकीय स्थलको नाम भन्न र सूची बनाउन लगाई अवलोकन गर्ने ।<br>(ग) धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलबाट हुने फाइदा भन्न लगाई मूल्याङ्कन गर्ने ।<br>(घ)) धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्धन गर्न के के गर्नुपर्छ ? जस्ता प्रश्नोत्तरद्वारा मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | भएका आन्तरिक तथा बह्य पर्यटकीय स्थलको संरक्षण र संवर्धनमा सहयोग गर्न | | | (ख) ऐतिहासिक र पर्यटकीय स्थलहरू पाटीपौवा, चौतारा, नदी, भ्युटावर, सडक ..... आदिका फोटो, चित्र, पोस्टर प्रदर्शन गर्दै छलफल गराई अवधारणा स्पष्ट पार्ने र सूची बनाउन लगाउने । | | १६ |
| | | | | (ग) धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलबाट हुने फाइदाहरू मौखिक रूपमा वर्णन गर्दै विभिन्न स्थानहरूमा पर्यटक, भक्तजनहरू आवतजावत गरेका, बटुवाहरू चौतारी भारी बिसाउँदै गरेका र ती स्थानहरूमा व्यापार व्यवसाय सञ्चालन भएका जस्ता फोटो, चित्र, भिडिओ देखाउँदै यस्ता स्थलहरूबाट सामाजिक, आर्थिक र | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | मनोवैज्ञानिक फाइदासमेत हुने कुरा स्पष्ट बताइदिने र विद्यार्थीहरूलाई समेत भन्न लगाउने ।<br>(घ) ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको हालको अवस्थाको वर्णन गरी वा फोटो, चित्र देखाई सम्भव भए अवलोकन भ्रमणसमेत गराई संरक्षण र संवर्धनका उपाय के के गर्न सकिन्छ ? भनी भन्न लगाउने आफूले टिप्दै जाने नपुग भए थपिदिने निष्कर्षमा पुग्ने त्यस्ता कार्यमा विद्यार्थीहरूलाई समेत सहभागी हुन प्रोत्साहन गर्ने । | | |
| पेसा, उद्यमशीलता र प्रविधि | १९. निगालो, वेत, बाँस, पराल, खर र खोस्टाबाट बन्ने सामग्रीहरूको सूची | १. निगालो, वेत, बाँस, पराल, खर र खोस्टा (डोको, डालो, थुन्से, नाङ्लो, चाल्नी, पेरुङ्गो) | | (क) स्थानीय क्षेत्रमा निगालो, वेत, बाँस, पराल, खर र खोस्टा (डोको, डालो, थुन्से, | (क) स्थानीय क्षेत्रमा निगालो, बेत, बाँस, पराल, खर र खोस्टाबाट बनेका सामग्रीहरूको प्रयोगबारे बुँदागत रूपमा लेख्न | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | तयार गर्न<br>२०. पानीबाट चल्ने मिल, घट्टजस्ता प्रविधिको परिचय, काम र फाइदा बताउन<br>२१. फलफूल तथा तरकारी खेतीको परिचय र महत्त्व बताउन<br>२२. प्राङ्गारिक र रासायनिक मलको परिचय तथा फाइदा बेफाइदा बताउन | का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री घुम बनाउने तरिका र प्रयोगबारे जानकारी<br>२. पानी घट्ट, मिलको परिचय, काम र फाइदा<br>३. फलफूल तथा तरकारी खेती<br>४. प्राङ्गारिक र रासायनिक मलको परिचय, फाइदा र बेफाइदा | | नाङ्लो, चाल्नी, पेरुङ्गो) का सामग्री, डोरी, नाम्लो, चकटी, सुकुल गुन्द्री घुम बनाएको ठाउँमा लगेर अवलोकन गर्न लगाउने र सम्बन्धित व्यक्तिसँग उक्त सामग्रीहरु बनाउने तरिकाबारे छलफल गर्न लगाउने ।<br>(ख) माथि उल्लेखित सामग्रीहरूमध्ये कुनै पाँचओटाको नमुना तयार पार्न लगाई त्यसको प्रयोगबारे छलफल गराउने ।<br>(ग) पानी घट्ट, मिलको परिचयबारे बताई विद्यालय नजिकै रहेको पानी घट्ट, मिलको अवलोकन भ्रमण गराउने । | लगाउने र अवलोकन गर्ने ।<br>(ख) स्थानीय प्रविधिमा आधारित कुनै दुईओटा सामग्रीहरूका नमुना बनाइ कक्षामा प्रदर्शन गर्न लगाई मूल्याङ्कन गर्ने ।<br>(ग) पानी घट्ट, मिलको परिचय र उपयोग भन्न र लेख्न लगाउने ।<br>(घ) विद्यार्थीहरूको प्रस्तुतिको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(ङ) तरकारी तथा फलफूल खेती सम्बन्धी प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने ।<br>(च) प्राङ्गारिक र रासायनिक मल भनेको के हो ? प्राङ्गारिक र रासायनिक मलबाट हुने दुई दुईओटा फाइदा र बेफाइदा भन । जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | (घ) पानी घट्टको उपयोगिताबारे स्थानीय विज्ञसँग छलफल गरी विद्यार्थीहरूलाई यस सम्बन्धी एउटा लेख तयार गर्न लगाउने ।<br>(ङ) विद्यालय नजिकै तरकारी खेती तथा फलफूल खेती भए अवलोकन भ्रमण गराई परिचय तथा महत्त्व | | |
| | | | | बताइदिने । विद्यार्थीहरूलाई त्यहाँ भएका तरकारी र फलफूलका नाम टिप्न र भन्न लगाउने ।<br>(च) प्राङ्गारिक तथा रासायनिक मलको परिचय दिँदै यसबाट हुने फाइदा बेफाइदाको चार्ट प्रदर्शन गरी छलफल गर्ने र विद्यार्थीहरूलाई पनि सूची तयार गर्न लगाउने । | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य, सरसफाइ र खेलकुद | २३. खाना खानु अघि र शौचालयको प्रयोग पछि साबुन पानीले राम्रोसँग हात धुने अभ्यास गर्न | १. शौचालयको सही प्रयोग गर्ने तरिका<br>२.साबुन पानीले राम्रोसँग हात धुने तरिका<br>३. प्राकृतिक गुण भएको खानाको महत्त्व | | (क) शौचालयको प्रयोगका सही तरिका बताइदिने, शौचालय सफा राख्न पानीको प्रयोग गर्न लगाउने, | (क) शौचालय सही तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(ख) साबुन पानीले राम्रोसँग हात धुन जाने नजानेको अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | २४. स्वस्थकर तथा पोषणयुक्त खाना पहिचान गरी प्रयोग गर्न<br>२५. योगको अवधारणा तथा महत्त्व बताउन र अभ्यास गर्न<br>२६. खेलकुदबाट हुने फाइदा बताउन र खेलकुद सामग्रीको संरक्षण गर्न | ४. कृत्रिम खानाले पुऱ्याउने क्षतिको जानकारी<br>५. प्राकृतिक खाना र कृत्रिम खानाको परिचय र फरक<br>६. विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाका प्रकार र प्रयोग<br>७. योगको अर्थ, परिचय, महत्व र उपयोगिता<br>८. योग अभ्यासको आदि मध्य र अन्त्यमा | | शौचालयको प्रयोग पछि साबुन पानीले राम्रोसँग हात धुन सिकाउने, त्यसैगरी खाना खानु अघि र खाइसकेपछि पनि राम्रोसँग साबुन पानीले हात धुनुपर्छ भनी सिकाउने ।<br>(ख) प्राकृतिक खाना र कृत्रिम खानाको फरक देखाइएको चार्ट देखाई छलफल गराउने र कृत्रिम खानाबाट हुने क्षतिको जानकारी दिने । | (ग) प्राकृतिक खाजा ल्याए नल्याएको यकिन गर्ने ।<br>(घ) घरमा प्रयोग हुने प्राकृतिक खाना र कृत्रिम खानाको सूची बनाउन लगाउने ।<br>(ङ) योगको अर्थ, परिचय, उपयोगिता पालेपालो भन्न लगाउने<br>(च) योग गर्दा अपनाउनु पर्ने सावधानीहरू भन्न र लेख्न लगाने । | १४ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | अपनाउनु पर्ने सावधानी<br>९. खेलकुदबाट हुने फाइदा, प्रयोग र सुरक्षाको तरिका | | (ग) विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजाको सूची बनाउन लगाउने ।<br>(घ) स्वस्थ खाजाकोबारेमा अनुच्छेद लेख्न लगाउने ।<br>(ङ) श्रब्दृष्य, चित्र पोष्टर जस्ता सामग्रीको प्रयोग गरी योग, प्राणायाम र ध्यानको सामान्य परिचय दिने ।<br>(च) योगको अर्थ, महत्त्व र उपयोगिताबारे पावरपोइन्टको प्रयोग गरी छलफल गर्ने ।<br>(ज) योगअभ्यासको आदि, मध्य र अन्त्यमा अपनाउनु पर्ने सावधानीहरूको बारेमा भिडिओ सामग्री प्रदर्शन गर्ने र उक्त भिडिओबाट | | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | सिकेका महत्त्वपूर्ण बुँदाहरू टिपोट गर्न लगाई विद्यार्थीहरू बिच अन्तरक्रिया गराउने र अभ्यास समेत गर्न लगाउने ।<br>(झ) खेलकुदबाट हुने फाइदाको सूची प्रदर्शन गरी छलफल गराउने र पालैपालो भन्न लगाउने ।<br>(ञ) आफूले खेल्न प्रयोग गर्ने सामग्रीको सुरक्षा गर्ने तरिका बताइ विद्यार्थी स्वयम्लाई सुरक्षित तरिकाले खेल्न र राख्न लगाउने । | | |
| प्रकोप, वातावरण र हरित विद्यालय | २७. प्राकृतिक र मानव निर्मित प्रकोपका प्रकारका सूची निर्माण गरी प्रस्तुत गर्न | १. प्राकृतिक प्रकोप/विपत् अन्तर्गत बाढी, पहिरो, भूक्षय, भूकम्प, हुरीबतास, चट्याङ | | (क) आफूले देखेका, भोगेका, सुनेका बाढी, पहिरो, भूक्षय, भूकम्पको | (क) आफूले देखेका, भोगेका प्राकृतिक प्रकोप/विपत्को अनुभव लेख्न लगाउने । | १८ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | २८. प्रदुषणको परिचय, प्रकार र कारणको पहिचान गरी न्यूनीकरणका उपाय बताउन<br><br>२९. आफ्नो विद्यालयमा बालवगैँचा निर्माण र संरक्षणमा सहयोग गर्न | २. मानव निर्मित प्रकोप/विपत् अन्तर्गत आगलागी, दुर्घटना, विषाक्त पदार्थ, महामारी आदि<br><br>३. जल प्रदुषण जस्तैः नदी, पोखरी आदिको परिचय<br><br>४. जल प्रदुषणका स्रोत जस्तैः ढल, नल, उद्योगधन्दा, लुगाधुने, मानिस गाईवस्तु नुहाउने<br><br>५. जमिन प्रदुषण जस्तैः विद्यालय, वाटो, खुल्ला चौर, पार्क, वजारक्षेत्र परिचय,<br><br>६. वायु प्रदुषणको परिचय, वायु प्रदुषणका स्रोतहरू जस्तैः उद्योगधन्दा, | | क्षति, आगलागी, सडक दुर्घटना आदिको बारेमा बताइदिने, चित्र प्रस्तुत गर्ने र प्रत्येक चित्रको बारेमा प्राकृतिक वा मानव निर्मित विचको भिन्नताको बारेमा छलफल गराउने ।<br><br>(ख) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटनाले पुऱ्याउने हानि नोक्सानीका बारेमा बताउने, तत्सम्बन्धी चित्र प्रस्तुत गरी छलफल गराउने र सूची निर्माण गर्न लगाउने । | (ख) मानव निर्मित प्रकोप/विपत्को<br><br>अनुभव लेख्न लगाउने । (ग) बाढी, पहिरो, भूक्षय, भूकम्पको क्षति, आगलागी, सडक दुर्घटना आदिको चित्र/कविता, गीत आदिको माध्यमबाट प्रस्तुत गर्न लगाउने । (घ) आफ्नो क्षेत्रका सम्भावित प्रकोप क्षेत्रको चार्ट पेपरमा नक्साङ्कन तयार पार्न लगाउने ।<br><br>(ङ) प्रदुषणको अर्थ भन्न लगाउने ।<br><br>(च) प्रदुषणका कारणहरू सोध्ने ।<br><br>(छ) विद्यार्थीहरूलाई आफूले प्रदुषण न्यूनीकरणका लागि गर्न सक्ने उपायहरू बताउन लगाउने ।<br><br>(ज) स्वच्छ वातावरणको चित्र बनाउन लगाउने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | यातायातका साधन, जलाउने कार्य<br>७. ध्वनि प्रदुषणको परिचय, ध्वनि प्रदुषणका स्रोत जस्तैः कलकारखाना, यातायातका साधन, माइकिङ, महोत्सव आदि बाट आउने आवाज<br>८. वातावरण प्रदुषण रोक्ने उपायको जानकारी | | (ग) शिक्षणमा सूचना प्रविधिको पनि प्रयोग गर्ने<br>(घ) प्रदुषण भएको र नभएको चित्र पोस्टर, श्रव्यदृष्य सामग्रीको माध्यमबाट छलफल गराउने<br>(ङ) विद्यालय वरिपरिका प्रदूषित क्षेत्रको अध्ययन अवलोकन भ्रमण गराई प्रदुषणका कारण टिप्न लगाउने<br>(च) विद्यालय वरिपरि भएका बोटबिरुवा-हरूमा पानी हाल्ने, गोडमेल गर्ने जस्ता काममा सहभागी गराएर पनि हरियालीको धारणा बसाउनुहोस् । | | |
| व्यक्ति र सङ्घ संस्था परिचय | ३०. स्थानीय सामाजिक सेवामा समर्पित व्यक्तिहरूको परिचय र योगदान | १. सामाजिक सेवाको अर्थ<br>२. समाजसेवी व्यक्तिको परिचय र योगदान | | (क) विभिन्न उदाहरण सहित सामाजिक सेवाको अर्थ पटक पटक बताई विद्यार्थीहरूलाई भन्न | (क) सामाजिक सेवा भनेको के हो ? तिम्रो घर नजिकै भएका राजनीति/साहित्य/ कला आदि क्षेत्रमा योगदान पुऱ्याउने | १२ |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | बताउन<br>३१. समाजसेवीव्यक्तिहरूको जीवनीबाट अनुकरण गर्न<br>३२. समाजिक सङ्घ संस्थाहरूले गर्ने कार्य बताउन<br>३३.आफ्नो वडाभित्रका शैक्षिक संस्थाहरूले गर्ने कामको सूची तयार गरी प्रदर्शन गर्न | ३. समाजसेवी व्यक्तिले गरेका कामहरू<br>४. फिक्कल गाउँपालिका क्षेत्रभित्रका सामाजिक संस्थाहरूको परिचय<br>५. सामाजिक सङ्घ संस्थाहरूको काम<br>६. फिक्कल गाउँपालिका भित्र सञ्चालनमा रहेका शैक्षिक सङ्घ संस्थाहरूका कार्य | | लगाउने ।<br>(ख) स्थानीय क्षेत्रभित्र भएका समाज सेवी व्यक्तिहरू राजनीति, साहित्य, कला र विकास निर्माण आदि जस्ता कार्यमा संलग्न प्रतिष्ठित व्यक्तिहरूका फोटो देखाउँदै परिचय गराउने सम्भव भए विद्यालयमा आमन्त्रण गरी विद्यार्थीहरूसँगै अन्तरक्रिया गराई योगदानबारे स्पष्ट पारिदिने ।<br>(ग) स्थानीय क्षेत्रमा भएका सामाजिक संस्थाहरूको नाम र कामको सूची बनाइ प्रस्तुत गर्ने । | व्यक्तिको नाम भन । जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>(ख) स्थानीय क्षेत्रमा भएका सामाजिक संस्थाहरूको नामको सूची र तिनीहरूले गर्ने काम लेख्न लगाउने ।<br>(ग) अध्ययन भ्रमणका आधारमा आफूले भ्रमण गरेको संस्थाले गर्ने कामहरू के के हुन भनी भन्न र लेख्न लगाउने ।<br>(घ) सामाजिक संस्थाको परिचय दिन लगाउने ।<br>(ङ) बिदाको दिन तिम्रो नजिकैको स्वास्थ्य संस्थामा गएर त्यस संस्थाले गर्ने कामको विवरण त्यहाँका कर्मचारीहरूसँग सोधेर लेख भनी परियोजना कार्य दिने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | व्यवहार कुशल सिप | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | | (घ) विद्यालय नजिकको कुनै एक सामाजिक संस्थाको अवलोकन भ्रमण गराई उक्त संस्थाले गरेका कार्यहरूबारे विद्यार्थीहरू बिच छलफल गराउने ।<br>(ङ) कुनै क्षेत्रमा स्थापित स्थानीय सामाजिक सङ्घ संस्थाको परिचय र उक्त संस्थाले गरेका कामहरूको सूची बनाई प्रस्तुत गर्ने र स्थानीय जानकार | (च) शैक्षिक संस्था भनेको के हो ? ती संस्थाहरूले गर्ने कामहरूको सूची बनाऊ । जस्ता प्रश्न दिने र लिखित सूचीको अवलोकन गरी लेखाजोखा गर्ने । | |
| | | | | व्यक्तिसँग विद्यार्थीहरूलाई अन्तरक्रिया गराउने ।<br>(च) फिक्कल गाउँपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको कामको सूची निर्माण गरी प्रस्तुत गर्न लगाउने । | | |

## ३.४ परियोजना/प्रयोगात्मक कार्य

हाम्रो स्थानीय पाठ्यक्रम अन्तर्गत फिक्कलको सेरोफेरो विषय कक्षा ४ र ५ प्रत्येकका लागि परियोजना/प्रयोगात्मक कार्यका लागि विषयक्षेत्रअनुसार निम्न कार्यघण्टाको समय छुट्याइएको छ ।

| क्र.सं. | विषयक्षेत्र | कार्यघण्टा |
|---|---|---|
| १ | हाम्रो गाउँपालिका | ४ |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ५ |
| ३ | हाम्रो संस्कार र संस्कृति | ४ |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | ४ |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | ५ |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | ३ |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | ४ |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | ३ |
| | **जम्मा** | ३२ |

सम्भाव्य परियोजना/प्रयोगात्मक कार्यका उदाहरणहरू

**कक्षा ४**

१. फिक्कल गाउँपालिकाको भौगोलिक बनावटको आधारमा लेक, बेँसी छुट्याइ गाउँ बस्तीको नाम तालिकामा प्रस्तुत गरी कक्षाकोठामा टाँस्न ।

२. समूहमा मिलेर मौसमअनुसारका पोसाक, खाद्यान्न, तरकारी र फलफूलको सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्न ।

३. जानकार व्यक्तिसँग सोधखोज गरी फिक्कलको प्रारम्भिक बस्तीको चालचलन तथा रीतिरिवाजको बारेमा प्रतिवेदन तयार गर्न ।

**प्रतिवेदनको ढाँचा**

(क) प्रतिवेदनको शीर्षक

(ख) प्रतिवेदनको सामान्य परिचय

(ग) तथ्याङ्क सङ्कलनको तरिका

(घ) तथ्याङ्कबाट प्राप्त जानकारी

(ङ) निष्कर्ष

४. प्राकृतिक सम्पदाको संरक्षण गर्न जन चेतना जगाउने खालका नारा तथा पोस्टर बनाइ कक्षामा टाँस्न ।

५. समुदायका विभिन्न चाडपर्वको सूची बनाइ कुनै दुईओटा चाडपर्व कहिले कहिले र के कसरी मनाइन्छ भन्ने विषयमा समुदायका व्यक्तिसँग कुराकानी गरी प्रतिवेदन तयार गर्न ।

**कक्षा ५**

१. आफ्नो गाउँपालिकाको नक्सा निर्माण गरी मूख्य मुख्य ठाउँ, नदी, सडक आदि सङ्केत गरी देखाउन ।

२. फिक्कलका धार्मिक स्थलहरूको सूची निर्माण गरी कक्षामा टाँस्न ।

३. फिक्कलका मानिसहरूको मुख्य मुख्य पेसा अवलोकन, अन्तरक्रिया र छलफलबाट पहिचान गरी कुनै एक पेसामा गरिने कार्यहरूको सूची तालिकामा देखाउन ।

४. फिक्कलका ऐतिहासिक सम्पदाको खोजी गरी त्यसको संरक्षण र संवर्धनका लागि गर्नुपर्ने उपायहरूको सूची बनाइ प्रस्तुत गर्न ।

५. आफ्नो नजिकै रहेका कलाकारिता क्षेत्रमा काम गर्ने व्यक्तिसँग कलाका विषयमा कुराकानी गरी समाजमा पुऱ्याएको योगदानका बारेमा एक अनुच्छेद लेख्न ।

## ३.५ सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय विषय अन्तर्गत तयार गरिएको फिक्कलको सेरोफेरो विषयले विद्यार्थीहरूलाई आफ्नो स्थानीय विषयवस्तुसँग परिचित भई स्थानीय क्षेत्र, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति सचेत र समाज परिर्वतनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ। यस विषयको पाठ्यक्रम स्थानीय विषयवस्तुसँग सम्बन्धित विभिन्न क्षेत्रहरूलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गराई विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । विद्यार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको विकास गराई सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य लक्ष्य हो ।

विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रष्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको

नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ । स्थानीय विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ। विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आ-आफ्ना स्थानीय क्षेत्रमा भएका विभिन्न विषयवस्तुहरूको खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीहरूमा आफ्ना मौलिक रीतिरिवाज, कला, धर्म, संस्कृति, आर्थिक, सामाजिक क्रियाकलाप जस्ता विषयवस्तुमार्फत आवश्यक ज्ञान, सिप र अभिवृत्ति विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ । यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु स्थानीय पाठ्यक्रम फिक्कलको सेरोफेरो विषयको मूल लक्ष्य हो । किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले स्थानीय विषय अन्तर्गत फिक्कलको सेरोफेरो विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि ।

## ३.६ विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग

गर्न सकिन्छ । यसका लागि रुजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

## निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | स्थानीय विषयको अध्ययनका प्रक्रियागत सिपहरूको मूल्याङ्कन पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहार कुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखित गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

## आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेख गर्नुपर्छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| क्र.सं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |

उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नुपर्दछ ।

| क्र. सं. | रेटिङ आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १ | सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएका | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएका | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |

| क्र. सं. | रेटिङ आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपको विश्लेषणसहित दैनिक जीवनमा तिनको सिर्जनात्मक प्रयोग गरी व्यवहार आर्जन गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपमा पूर्णतासहित सामान्य विश्लेषण गर्ने र दैनिक जीवनमा प्रयोग गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनमा सामान्य रूपमा प्रयोग गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तु-सम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३ | प्रयोगात्मक/ परियोजना कार्य | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश गर्न शिक्षकको आंशिक सहयोग आवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक र समुहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ। प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्दा माथि ३.६ मा उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइ स्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

| **विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य** | | | | |
|---|---|---|---|---|
| **उत्कृष्ट (Advanced)** | **उच्च (Proficient)** | **राम्रो (Above basic)** | **सामान्य (Basic)** | **कमजोर (Below basic)** |
| **५** | **४** | **३** | **२** | **१** |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मदत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिन | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको सहभागिताको स्तर र मुख्य सिकाइ, विद्यार्थीको सिकाइ स्तरको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ।

| **क्र. सं.** | **विषयवस्तुको क्षेत्र** | **कक्षा ४, ५** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **सहभागिताको स्तर** | **मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर** | | |
| | | | **सिकाइ उपलब्धि सङ्ख्या** | **उपलब्धि स्तर**<br>**(प्राप्ताङ्क = $\frac{\text{मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क}}{\text{५} \times \text{मुख्य सिकाइ उपलब्धि सङ्ख्या}} \times$ भार** | |
| १ | हाम्रो गाउँपालिका | | | | |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | |
| ३ | हाम्रो संस्कार र संस्कृति | | | | |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | |

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कक्षा ४, ५ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहभागिताको स्तर | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | | |
| | | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर<br>मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क<br>(प्राप्ताङ्क = × भार<br>५ × मुख्य सिकाइ उपलब्धि सङ्ख्या | |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | | | | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | | | | |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | | | | |
| औसत उपलब्धि स्तर | | | | | |

## प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन

यस पाठ्यक्रमको खण्ड ७ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धिस्तरको अङ्क भर्नुपर्दछ ।

| क्र. सं. | विषयवस्तु | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | |
| १ | हाम्रो गाउँपालिका | | | | | |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | | |
| ३ | हाम्रो संस्कार र संस्कृति | | | | | |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | | |

| क्र. सं. | विषयवस्तु | कक्षा ४ | | कक्षा ५ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त<br>जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त<br>जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | | | | | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | | | | | |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

## त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क

| क्र.स. | त्रैमासिक परीक्षा | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | पहिलो | ५ | |
| २ | दोस्रो | ५ | |
| जम्मा | | १० | |

## अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । अन्तिम परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र स्थानीय पाठ्यक्रमले तय गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

## विद्यार्थीको समग्र सिकाइस्तर (Overall Grading)

| क्र.सं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| | जम्मा | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| क्र. स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | – | NG | अवर्गीकृत (Not Graded) |

# ४.

# आधारभूत तह कक्षा ( ६–८ ) का सक्षमताहरू

१. आफ्नो गाउँपालिका र वडाका प्रतिनिधिहरू, स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका नीति तथा कार्यक्रम अधिकार र कर्तव्यको जानकारी

२. प्राकृतिक स्रोतको पहिचान, संरक्षण, संवर्धन र प्रयोग

३. आफ्ना संस्कार र संस्कृतिप्रति गौरव गर्दै सामाजिक कुरीति न्यूनीकरणमा सहयोग

४. ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूका पहिचान, प्रचार प्रसार संरक्षण र संवर्धनमा सहभागिता

५. आफ्नो परिवारको पेसाप्रति सकारात्मक सोच तथा दैनिक जीवनमा अनुसरण

६. स्वास्थ्य, सरसफाइ र खेलकुदप्रति सकारात्मक धारणा सन्तुलित भोजनको प्रयोग र योग सम्बन्धी जानकारी

७. प्रकोप न्यूनीकरण, हरित विद्यालय तथा वातावरण संरक्षणको योजना निर्माण र कार्यान्वयन

८. व्यक्ति, सङ्घ संस्थाको पहिचान, योगदानको जानकारी र प्रयोग

## ४.१ सिकाइ उपलब्धि

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| हाम्रो गाउँपालिका | १. आफ्नो वडाका निर्वाचित प्रतिनिधिहरूको नाम र काम बताउन<br>२. स्थानीय प्राकृतिक स्रोत पहिचान गरी तिनको सदुपयोग तथा संरक्षण गर्न<br>३. गाउँपालिकाको प्राकृतिक स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि बनाइएका नीति र कार्यक्रमका बारे बताउन<br>४. नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्न<br>५. प्राकृतिक स्रोत परिचालनले पार्ने सकारात्मक तथा नकारात्मक प्रभावको विश्लेषण गरी प्रतिवेदन तयार गर्न | १६ | १. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको परिचय दिन<br>२. आफ्नो गाउँपालिका क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको उमेरगत अवस्थाका आधारमा काम तथा जिम्मेवारी बताउन<br>३. स्थानीय तहबाट उपलब्ध हुने सेवाहरूको जानकारी, सहयोग हुने क्षेत्र र उपयोगको तरिका बताउन<br>४. आफ्नो वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवारीको जानकारी तथा आवश्यकताअनुसार सहयोग लिन र दिन | १६ | १. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको गठन प्रक्रिया बताउन<br>२. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कामको सूची निर्माण गर्न<br>३. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको अधिकार र कर्तव्य बताउन<br>४. स्थानीय तहमा हुने न्याय सम्पादनका क्षेत्र र प्रक्रिया बताउन | १६ |

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ६. स्थानीय प्राकृतिक स्रोतको पहिचान गरी तिनको उपयोग तथा संरक्षण गर्न<br>७. फिक्कल गाउँपालिकामा भएका सामुदायिक तथा कबुलियत वनको परिचय दिन<br>८. स्थानीय जीवजनावर तथा पशुपन्छीको खानपान र जीवनचक्रको वर्णन गर्न<br>९. स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र बताउन | १८ | ५. सार्वजनिक स्थलको संरक्षणमा समुदायलाई सहयोग गर्न<br>६. फिक्कल गाउँपालिकामा भएका सामुदायिक तथा कबुलियत वनको महत्त्व बुझी तिनको संरक्षण कार्यमा सक्रिय हुन<br>७. स्थानीय वन्यजन्तु, चराचुरुङ्गी तथा वनस्पतिको सूची बनाई प्रदर्शन गर्न<br>८. स्थानीय जडीबुटीको उत्पादन प्रचार प्रसार, संरक्षण र गोडमेलमा सहयोग गर्न | १८ | ५. स्थानीय नदी, खोला आदिको परिचय, फाइदा, बेफाइदा बताउन<br>६. सार्वजनिक, सामुदायिक तथा कबुलियत वनबाट हुने फाइदा, संरक्षण र संवर्धनका उपाय बताउन<br>७. वन्यजन्तु तथा चराचुरुङ्गीले वातावरणमा पार्ने सकारात्मक र नकारात्मक प्रभाव बताउन | |
| हाम्रो संस्कार र संस्कृति | १०. जातियताका आधारमा रीतिरिवाज, संस्कृति र वेशभूषाको परिचय दिन<br>११.विभिन्न जातजातिले नाच्ने नृत्यको परिचय दिन<br>१२.सामाजिक कुरीतिको परिचय तथा असरहरू बताउन | १६ | ९. कुलपूजा र सोह्रश्राद्धको परिचय र महत्त्व बताउन<br>१०. कुलपूजा र सोह्रश्राद्धमा गरिने क्रियाकलापहरूमा सहभागी भएर सहयोग गर्न | | ८. सोह्र संस्कारहरूको परिचय दिन र सूची निर्माण गर्न<br>९. लोक साहित्यको सामान्य परिचय दिन तथा देउसी, भैलो, श्रम र तिज गीत गाउन | १६ |

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| | १३. सामाजिक कुरीति न्यूनीकरणका उपाय बताउन | | ११.महापुराण र भजनकीर्तनको परिचय तथा महत्त्व बताउन<br>१२. महापुराण र भजनकीर्तनमा सहभागी भई गौरव गर्न | | १०.अतिथि सत्कारको परिचय दिन र परम्पराअनुसार अतिथिको सत्कार गर्न<br>११. लोकोपकारको परिचय दिन र लोकोपकारका लागि आफू तयार हुन | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १४. फिक्कलका ऐतिहासिक तथा पुरातात्विक सम्पदाको परिचय र महत्त्व बताउन<br>१५. ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षणका उपाय पहिचान गरी संरक्षणमा सहयोग गर्न<br>१६. फिक्कल भ्युटावर तथा महाकाली देवीथानको इतिहास छोटकरीमा बताउन<br>१७. स्थानीय पुल, पाटीपौवा, कुवा आदिको सूची बनाउन | १६ | १३. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको पहिचान गरी सूची निर्माण गर्न<br>१४. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको संरक्षण संवर्धनमा आफूले गर्न सक्ने कार्यहरू बुँदागत रूपमा प्रस्तुत गर्न<br>१५. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा गरिने क्रियाकलाप बताइ आफू सहभागी हुन<br>१६. स्थानीय पर्यटकीय | | १२. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको पचिय र महत्त्व बताउन<br>१३. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनमा आफू सहभागी हुन<br>१४. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वका सम्पदाहरूको संरक्षण संवर्धनका लागि स्थानीय वा जिल्ला तहबाट गरिएका प्रयासहरू बताउन<br>१५. स्थानीय पुल, पाटीपौवा, | १६ |

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| पेसा उद्यमशीलता र प्रविधि | १८. स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी लिन र दिन<br>१९. स्थानीय परम्परागत सिप र प्रविधिबाट उत्पादित वस्तुहरूको परिचय दिन<br>२०. कृषिमा प्रयोग हुने आधुनिक प्रविधिको परिचय दिन र फाइदा बताउन<br>२१. घरपालुवा र जङ्गली जनावर तथा पन्छीहरूको परिचय दिन | १८ | स्थलहरू पहिचान गरी प्रचार प्रसार गर्न<br>१७. स्थानीय स्तरमा गरिने जीवन निर्वाह खेतीको परिचय दिन तथा मुख्य मुख्य बालीको सूची बनाउन<br>१८. होटेल व्यवसाय र रिजोर्टको परिचय र महत्त्व बताउन<br>१९. होटेल व्यवसाय सञ्चालन सम्बन्धी आधारभूत कुराहरू बताउन<br>२०. घरपालुवा जनावर तथा पशुपन्छीहरूबाट हुने फाइदा बताउन | | कुवा, बाटा र चौतारो आदिको संरक्षण र संवर्धनमा सहयोग गर्न<br>१६. स्थानीय क्षेत्रमा व्यावसायिक रूपमा गरिने खेतीपातीको परिचय र महत्त्व बताउन<br>१७. पर्यटन व्यवसाय सम्बन्धी जानकारी लिन र महत्त्व बताउन<br>१८. पर्यटन व्यवसाय संवर्धनमा आवश्यक पूर्वाधारहरूको सूची तयार गरी प्रस्तुत गर्न<br>१९. घरपालुवा जनावर तथा पशुपन्छीहरूको महत्त्व बताउन | १८ |
| स्वास्थ्य सरसफाइ र खेलकुद | २२. स्वास्थ्यका लागि पानीको महत्त्व बताउन दैनिक रूपमा सही मात्रामा पानी पिउन<br>२३. रेसा, बोक्रा र | १४ | २१. अम्लिय र क्षारप्रधान खानेकुरामा फरक बताउन तथा क्षारप्रधान खानेकुराको बढी प्रयोग गर्न<br>२२. योगको परिचय दिन र | | २०. सन्तुलित भोजनको पहिचान र प्रयोग गर्न<br>२१. पौष्टिक तत्त्वको परिचय दिन र आवश्यकता बताउन | १४ |

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| | चोक्करको महत्त्व बताउन र प्रयोग गर्न<br>२४. प्राणायामको परिचय र महत्त्व बताउन तथा अभ्यास गर्न | | प्रकार बताउन<br>२३. सकारात्मक सोचको विकास गर्न<br>२४. दैनिक जीवनमा योगको महत्त्व बताउन र अनुसरण गर्न | | २३. योगको परिचय दिन र अष्टाङ्ग योगका प्रकार बताउन<br>२४. अष्टाङ्ग योगको अनुसरण गर्न | |
| प्रकोप वातावरण र हरित विद्यालय | २५. विपत् जोखिमको न्यूनीकरणको परिचय दिन<br>२६. विपत् जोखिम न्यूनीकरणमा सहभागी हुन<br>२७. विद्यालयमा हरियाली प्रवर्धनका लागि आवश्यक पूर्वाधारको जानकारी लिन | १८ | २५. विपत जोखिमबाट बच्ने उपायको अवलम्बन गर्न<br>२६. वातावरणको परिचय दिन तथा संरक्षणका उपाय अवलम्बन गर्न<br>२७. विद्यालयमा हरियाली प्रवर्धनका लागि सहभागी हुन<br>२८.सिन्धुली जिल्लाका मुख्य साहित्यकार तथा समाजसेवी व्यक्तिहरूको परिचय दिन<br>२९. जिल्ला स्तरमा सञ्चालित सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरूको परिचय दिन | | २३. प्राकृतिक प्रकोप तथा विपत् व्यवस्थापन योजना निर्माण गर्न<br>२४. सडक सुरक्षा योजना निर्माण र प्रयोग गर्न<br>२५. हरित विद्यालयको अवधारणालाई आफ्नो दैनिक जीवनमा अनुसरण र प्रयोग गर्न<br>२६. बालक्लब मार्फत हरित विद्यालय निर्माण योजना बनाइ कार्यान्वयन गर्न<br>२७. सिन्धुली जिल्लाका साहित्यकार तथा समाजसेवी व्यक्तिहरूको योगदान बताउन र प्रेरणा लिन | १८ |

| विषय क्षेत्र | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा | सिकाइ उपलब्धि | कार्य घण्टा |
| व्यक्ति र सङ्घ संस्था परिचय | २८. स्थानीय सामाजिक सङ्घ संस्थाहरूको महत्त्व बताउन<br>२९. अक्षयकोष तथा प्रतिष्ठानको परिचय र प्रभाव बताउन<br>३०. स्थानीय साहित्यकार तथा कलाकारहरूको परिचय र योगदान बताउन<br>३१. आफ्नो वडा कार्यालय तथा स्वास्थ्य कार्यालयबाट हुने सेवा प्रवाह सम्बन्धी विवरण तयार पार्न | १२ | ३०. सङ्घ, संस्थाहरूले गर्ने कामहरूको सूची तयार गर्न | | २८. सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरूको सेवा प्रवाहको अवस्थाबारे बताउन<br>२९. सङ्घ, संस्थाहरूको राम्रा कामहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न र आवश्यकताअनुसार सहभागी हुन | १२ |

## ४.२ विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण ( कक्षा ६ )

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | १. आफ्नो वडाका निर्वाचित प्रतिनिधिहरूको नाम र काम बताउन<br>२. स्थानीय प्राकृतिक स्रोत पहिचान गरी तिनको | १. वडाका प्रतिनिधिहरू र काम<br>२. स्थानीय प्राकृतिक स्रोत पहिचान, सदुपयोग र संरक्षण<br>३. स्थानीय प्राकृतिक स्रोत | (क) वडा प्रतिनिधिहरूको परिचय दिँदै प्रतिनिधिहरूको नाम लेखिएको चार्ट प्रस्तुत गरी छलफल गराउने ।<br>(ख) सम्भव भए आफ्नो वडा कार्यालयको अवलोकन भ्रमण गराई | (क) विद्यार्थीहरूलाई पालैपालो वडा प्रतिनिधिहरूको नाम भन्न लगाउने ।<br>(ख) वडा प्रतिनिधिहरूले गर्ने |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | सदुपयोग तथा संरक्षण गर्न<br>३. गाउँपालिकाको प्राकृतिक स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि बनाइएका नीति र कार्यक्रमका बारे बताउन<br>४. नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्न<br>५. प्राकृतिक स्रोत परिचालनले पार्ने सकारात्मक तथा नकारात्मक प्रभावको विश्लेषण गरी प्रतिवेदन तयार गर्न | परिचालन सम्बन्धी नीति र कार्यक्रम<br>४. प्राकृतिक स्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम सहभागिता<br>५. प्राकृतिक स्रोत परिचालनका सकारात्मक तथा नकारात्मक प्रभावको तुलना | वडा अध्यक्ष तथा सदस्यहरूसँग अन्तरक्रिया गरी वडाअध्यक्ष तथा सदस्यहरूको नाम र काम टिपोट गर्न लगाउने<br>(ग) वडा प्रतिनिधिहरूलाई स्रोत व्यक्तिको रूपमा आमन्त्रण गरी नाम र कामको बारेमा जानकारी दिन लगाउने ।<br>(घ) स्थानीय रूपमा उपलब्ध प्रमुख प्राकृतिक स्रोत तथा साधन समावेश गरिएको तालिका निर्माण गरी कक्षामा प्रस्तुत गर्ने र त्यसका आधारमा छलफल तथा प्रश्नोत्तर गराउने ।<br>(ङ) अभिभावक तथा अन्य जानकार व्यक्तिसँग सहकार्य गरी वा विद्यार्थीको समूहले आफैँ खोज अनुसन्धान गरी स्थानीय प्राकृतिक स्रोत साधनका बारेमा परियोजना कार्य गर्न लगाउने । | काम लेखन लगाई अवलोकन गर्ने ।<br>(ग) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर<br>(घ) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर<br>(ङ) प्रश्नोत्तर गरेर<br>(च) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>(छ) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर<br>(ज) आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर<br>(झ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गरे |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (च) सम्भव भए अवलोकन तथा अध्ययन भ्रमण गरी स्रोत परिचालन, संरक्षण तथा संवर्धनका लागि गाउँपालिकाका नीति तथा कार्यक्रमहरूका बारेमा छलफल गराउने ।<br>(छ) गाउँपालिकाबाट प्रकाशित नीति तथा कार्यक्रम पुस्तिकाबाट प्राकृतिक स्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रमको सुची निर्माण गरी छलफलद्वारा जानकारी गराउने ।<br>(ज) स्थानीय स्रोत संरक्षण तथा संवर्धनका लागि स्थानीय निकाय, स्थानीय जनसमुदाय र विद्यार्थीको भूमिका, जिम्मेवारी र कर्तव्य झल्किने चार्ट प्रदर्शन गरी सोही बमोजिम दैनिक व्यवहार वा कार्य गर्न प्रेरित गर्ने ।<br>(झ) विद्यार्थीहरूलाई दुई समूहमा बाँडेर एक समूहले स्थानीय प्राकृतिक | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
| --- | --- | --- | --- | --- |
| | | | स्रोत परिचालनले पर्ने सकारात्मक प्रभावको सूची तथा अर्को समूहले नकारात्मक प्रभाव सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने र उपलब्ध सूचीका आधारमा आ-आफ्नो पक्षमा तर्क गर्न लगाउने र प्रयोगको पक्ष विश्लेषण गर्न लगाउने । | |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ६. स्थानीय प्राकृतिक स्रोतको पहिचान गरी तिनको उपयोग तथा संरक्षण गर्न<br>७. फिक्कल गाउँपालिकामा भएका सामुदायिक तथा कबुलियत वनको परिचय दिन<br>८. स्थानीय जीवजनावर तथा पशुपन्छीको खानपान र जीवनचक्रको वर्णन गर्न<br>९. स्थानीय जडीबुटीको | १. स्थानीय प्राकृतिक स्रोतहरू, उपयोग र संरक्षण<br>२. फिक्कलमा भएका सामुदायिक र कबुलियत वनहरू<br>३. स्थानीय जीवजनावर, पशुपन्छी, खानपान, र जीवनचक्र<br>४. स्थानीय जडीबुटीहरू र प्रयोग क्षेत्र | (क) स्थानीय प्राकृतिक स्रोतको परिचय दिँदै प्राकृतिक स्रोत झल्किने फोटो, पोस्टर, चित्र आदि देखाउँदै प्राकृतिक स्रोतको धारणा स्पष्ट पारिदिने तथा तिनको उपयोगले मानव जीवनमा पार्ने सकारात्मक प्रभावको जानकारी गराउने ।<br>(ख) प्राकृतिक स्रोतको उपयोग गर्दा अपनाउनु पर्ने सावधानी तथा जथाभावी प्रयोगले हुने खतराको जानकारी गराउँदै संरक्षण गर्न विद्यार्थीको कस्तो भूमिका हुन्छ, भन्ने विषयमा छलफल | (क) प्राकृतिक स्रोतको परिचय दिन लगाउने तथा प्राकृतिक स्रोतको प्रयोग किन गरिन्छ ? प्राकृतिक स्रोतबाट हामीलाई के फाइदा हुन्छ ?<br>प्राकृतिक स्रोतको जथाभावी प्रयोगले के कस्तो खतरा हुन्छ ? प्राकृतिक स्रोतको संरक्षण गर्न तिमी के के गर्छौ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ख) फिक्कलमा भएका सामुदायिक तथा कबुलियत |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | नाम र प्रयोगको क्षेत्र बताउन | | गराई संरक्षणमा आफूले गर्न सक्ने सहयोग गर्न उत्प्रेरित गर्ने ।<br>(ग) आफ्नो गाउँपालिका क्षेत्रमा भएका सामुदायिक तथा कबुलियत वनको फोटो, चित्र, पोस्टर प्रदर्शन गर्दै सामुदायिक तथा कबुलियत वनको धारणा स्पष्ट पारिदिने ।<br>(घ) स्थानीय स्तरमा पाइने जीवजनावर सम्बन्धी प्रश्न गर्दै फोटो, चित्र, चार्ट आदि देखाउँदै तिनीहरूको बसाइ, खानपानका विषयमा छलफल गरी जीवनचक्रको समेत जानकारी गराउने ।<br>(ङ) स्थानीय स्तरमा पाइने जडीबुटी (जेष्ठिमधु, चिराइतो .....) जस्ता आफूलाई जानकारी भएका तथा समाजका जडीबुटी सम्बन्धी जानकार व्यक्तिहरूसँग सोधखोज गरी जडीबुटी सम्बन्धी चार्ट निर्माण गरी कक्षामा प्रदर्शन गर्दै नाम र त्यसको प्रयोग क्षेत्र बताइदिने । | वनको परिचय दिन तथा नाम भन्न लगाउने ।<br>(ग) स्थानीय स्तरमा पाइने जीवजनावर तथा पशुपन्छीका नाम, खानपिन, तथा जीवनचक्र सम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(घ) स्थानीय जडीबुटीका नाम, काम र प्रयोगका क्षेत्र सम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ङ) जडीबुटीका नाम तथा प्रयोगका क्षेत्र सम्बन्धी तालिका निर्माण गर्न परियोजना कार्य दिई अवलोकन गरी मूल्याङ्कन गर्ने । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (च) विद्यार्थीहरूलाई दुई दुई जनाको समूह बनाइ आफ्नो घर तथा छिमेकमा भएका जडीबुटी सम्बन्धी जानकार व्यक्तिसँग सोधखोज गरी जडीबुटीका नाम तथा ती जडीबुटी प्रयोग गर्ने क्षेत्रका बारेमा तालिका बनाएर ल्याउनु भनी परियोजना कार्य दिने र कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| हाम्रो संस्कार र संस्कृति | १०. जातियताका आधारमा रीतिरिवाज, संस्कृति र वेशभूषाको परिचय दिन<br>११. विभिन्न जातजातिले नाच्ने नृत्यको परिचय दिन<br>१२. सामाजिक कुरीतिको परिचय तथा असरहरू बताउन<br>१३. सामाजिक कुरीति न्यूनीकरणका उपाय बताउन | १. विभिन्न जातजातिहरूको रीतिरिवाज, संस्कृति र वेशभूषा (मगर, राई, तामाङ, सुनुवार, माझी ....आदि)<br>२. सामाजिक कुरीतिहरूको परिचय जस्तैः बाल विवाह, बहुविवाह, आर्थिक विभेद - धनी गरिबको भिन्नता, लैङ्गिक विभेद, जातीय विभेद तथा सामाजिक विभेद<br>३. न्यूनीकरण कार्यक्रमहरू जस्तैः घरदैलो, सचेतना, पोष्टरिङ्ग, र्‍याली, सडक नाटक | (क) मगर, राई, तामाङ, सुनुवार, माझी .....आदिको वेशभूषा झल्किने चित्रहरू देखाउने र छलफल गर्ने ।<br>(ख) विद्यार्थीहरूले आफूले लगाउने लुगाको बारेमा प्रश्न गर्दै छलफल गर्ने ।<br>(ग) मगर, राई, तामाङ, सुनुवार, माझी .....जस्ता विभिन्न जातजातिका विद्यार्थीहरूलाई आफूले लगाउने परम्परागत पोसाक लगाएर आउन लगाउने र ती पोसाकका बारेमा कक्षामा छलफल गर्ने । | (क) विभिन्न जातजातिका रीतिरिवाज, संस्कृति, वेशभूषाका बारेमा प्रश्न सोध्ने । (ख) विभिन्न जातजातिका मानिसले नाच्ने नाच, मेला, पर्व, जात्रा र पोसाक सम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ग) सामाजिक कुरीतीहरूको सूची बनाइ प्रस्तुत गर्न लगाउने ।<br>(घ) सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (घ) विभिन्न जातिसँग सम्बन्धित पोसाक प्रदर्शन गरी स्पष्ट पार्ने ।<br>(ङ) विभिन्न जातजातिहरूको धर्म, संस्कृतिसँग सम्बन्धित चित्र, पोस्टर, देखाउँदै छलफल गर्ने, सम्भव भए सम्बन्धित स्थलको अवलोकन भ्रमणसमेत गराउने ।<br>(च) विभिन्न जातजातिका मानिसहरूले विभिन्न पर्वको अवसरमा नाच्ने नृत्यको भिडिओ प्रदर्शन गर्दै जाति विशेषका नृत्यको परिचय गराउने, सम्भव भए जात्रा, मेला देखाई देखेका कुरा टिप्न लगाई छलफल गराउने ।<br>(छ) आफ्नो घर तथा समाजमा हुने सामाजिक कुरीतिहरूको नाम तथा यसका असरहरूका बारेमा छलफल गरी चार्ट पेपरमा लेख्ने र कक्षामा प्रस्तुत गर्ने ।<br>(ज) कुरीति विरुद्धको भिडिओ | क्रियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने<br>(ङ) सामाजिक, लैङ्गिक विभेद विरुद्ध हामीले स्थानीय स्तरमा गर्न सकिने क्रियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समूहगत रूपमा नाटक प्रदर्शन गर्न लगाउने । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | देखाउने वा सामुहिक रुपमा अभिनय गर्न लगाउने ।<br>(झ) स्थानीय क्षेत्रमा हुने धूमपान, मद्यपान, लागु औषध जस्ता दूर्व्यसनीबाट व्यक्ति तथा समुदायमा पार्ने असरको सूची बनाई प्रस्तुत गर्ने ।<br>(ञ) न्यूनीकरण कार्यक्रमहरू जस्तैः घरदैलो, सचेतना, पोष्टरिङ्ग, ऱ्याली, सडक नाटक जस्ता कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउने वा काक्षाकोठामा नै अभिनय गर्न लगाउने । | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १४. फिक्कलका ऐतिहासिक तथा पुरातात्विक सम्पदाको परिचय र महत्त्व बताउन<br>१५. ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षणका उपाय पहिचान गरी संरक्षणमा सहयोग गर्न | १. ऐतिहासिक र पुरातात्त्विक सम्पदाको परिचय र महत्त्व<br>२. ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको अवस्था संरक्षणका उपाय र संरक्षण<br>३. फिक्कल भ्युटावर, | (क) स्थानीय ऐतिहासिक र पुरातात्त्विक सम्पदाहरूको परिचय दिँदै आफूले सङ्कलन गरी तयार पारेको परिचयकोनमुना प्रस्तुत गर्दै छलफल गराउने । समभव भए नजिकैका ऐतिहासिक र पुरातात्त्विक स्थलहरूको अवलोकन भ्रमण गराई परिचय टिप्न लगाउने र कक्षामा | क) ऐतिहासिक तथा पर्यटकीय स्थलको परिचय दिन लगाउने ।<br>(ख) पुरातात्त्विक सम्पदा भनेको के हो ? जस्ता प्रश्न सोध्ने ।<br>(ग) धार्मिक स्थल भनेको |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | १६. फिक्कल भ्युटावर तथा महाकाली देवीथानको इतिहास छोटकरीमा बताउन<br>१७. स्थानीय पुल, पाटीपौवा, कुवा आदिको सूची बनाउन | महाकाली देवीथान ....छोटकरी इतिहास<br>४. स्थानीय पुल, पाटीपौवा, कुवा, ......आदिका नामको सूची | प्रस्तुत गर्न लगाउने ।<br>(ख) ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको के महत्त्व छ ? जस्ता प्रश्न गर्दै महत्त्व झल्किने चार्ट प्रस्तुत गरी महत्त्वका विषयमा छलफल गर्ने ।<br>(ग) ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाहरूको हालको अवस्थाको जानकारी दिन फोटो, चार्ट, पोस्टर आदि देखाई छलफल गर्ने । संरक्षणका उपाय विद्यार्थीहरूसँग सोधी नपुगेका कुरा आफूले थपी संरक्षणका उपायको सूची तयार गर्ने र कक्षाकोठामा टाँस्ने । संरक्षणका लागि क-कसले के के गर्न सकिन्छ ? जस्ता प्रश्न सोधी विद्यार्थी आफूले गर्न सकने उपायका बारेमा छलफल गरी विद्यार्थीहरूलाई समेत सहभागी हुन प्रेरित गर्ने ।<br>(घ) स्थानीय स्तरमा भएका ऐतिहासिक वस्तुहरू फिक्कल | के हो ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने<br>(घ) ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको संरक्षण गर्न के के गर्नु पर्छ ? जस्ता प्रश्न सोध्ने ।<br>(ङ) ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको सूची बनाउन लगाई अवलोकन गर्ने ।<br>(च) आफ्नो नजिकै भएका कुनै ऐतिहासिक तथा पर्यटकीय स्थलको इतिहास सम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | भ्युटावर, महाकाली देवीथान,.. आदि जस्ता आफ्ना नजिकै भएका विद्यार्थीले महसुस गर्न सक्ने ठाउँहरूको छोटकरी इतिहास बताउँदै नाम, ठाउँ, स्थापना काल टिप्न लगाई छलफल गराउने ।<br>(ङ) स्थानीय स्तरमा भएका ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू नै पर्यटकीय स्थलहरू हुन् भन्ने जानकारी दिँदै स्थानीय स्तरमा भएका पक्की पुल, झोलुङ्गे पुल, काठे पुल, पाटीपौवा, चौतारा, कुवा, धारा, मठ, मन्दिर, गुम्बा, चर्च, सडक, नदी, पोखरी, भ्युटावर आदिको फोटो, पोस्टर, पर्यटकहरू भ्रमण गर्दै गरेको भिडिओ प्रदर्शन गरी छलफल गर्ने ।<br>(च) सम्भव भए विद्यार्थीहरूलाई यस्ता ठाउँहरूको स्थलगत भ्रमण गराई आफूले देखे सुनेका कुरा टिपी प्रतिवेदन तयार गर्न लगाउने जस्ता परियोना कार्य गराउने । | |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| पेसा उद्यमशीलता र प्रविधि | १८. स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी जानकारी लिन र दिन<br>१९. स्थानीय परम्परागत सिप र प्रविधिबाट उत्पादित वस्तुहरूको परिचय दिन<br>२०. कृषिमा प्रयोग हुने आधुनिक प्रविधिको परिचय दिन र फाइदा बताउन<br>२१. घरपालुवा र जङ्गली जनावर तथा पन्छीहरूको परिचय दिन<br>२२. स्वास्थ्यका लागि पानीको महत्त्व बताउन दैनिक रूपमा सही मात्रामा पानी पिउन<br>२३. रेसा, बोक्रा र | १. स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय (बेत, बा□स उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, थाङ्का लेखन, चित्र लेखन, तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाइ....आदि) सम्बन्धी जानकारी<br>२. स्थानीय परम्परागत प्रविधिहरूबाट उत्पादित वस्तुहरूको परिचय दिन जस्तैः थाङ्काबारे जानकारी, तितेपाती प्रशोधनबाट उत्पादित वस्तुबारे जानकारी)<br>३. आधुनिक कृषि औजार (ट्र्याक्टर, पावर टिलर, मिनी टिलर, धान चुट्ने मेसिन, थोपा सिँचाई ...आदि) | (क) स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय ( बेत, बा□स उद्योग, फर्निचर उद्योग, आरन व्यवसाय, थाङ्का लेखन, चित्र लेखन, तितेपाती प्रशोधन, डकर्मी, सिकर्मी, कपडा बुनाई) संचालनमा रहेको ठाउँमा लगेर अवलोकन गराउने र सम्बन्धित व्यक्तिसँग उक्त उद्योगले उत्पादन गर्ने सामग्रीहरूका उपयोगिता बारे छलफल गर्न लगाउने ।<br>(ख) स्थानीय परम्परागत सिप र प्रविधिमा आधारित उद्योग व्यवसाय सम्बन्धी वृत्तचित्र प्रस्तुत गरी यसले हाम्रो समाजमा पार्ने प्रभावका बारे छलफल गर्न लगाउने ।<br>(ग) स्थानीय परम्परागत सिप र प्रविधिवाट उत्पादित वस्तुहरूको सूची सहित त्यसको उपयोगबारे प्रतिवेदन तयार गर्न लगाउने ।<br>(घ) कृषिमा आधुनिक औजारहरूको प्रयोग भइरहेको ठाउँमा अवलोकन | (क) विद्यालय नजिकैको कुनै एक स्थानीय उद्योगको अवलोकन अध्ययन भ्रमण गरी उक्त उद्योगको परिचय, उत्पादित वस्तुको उपयोगिता समेटी प्रतिवेदन तयार पारी प्रस्तुत गर्न लगाउनुहोस् ।<br>(ख) विद्यार्थीहरूको प्रस्तुतिको<br>अवलोकन मूल्याङ्कन गर्ने ।<br>(ग) आधुनिक कृषि औजारको परिचय तथा यसबाट हुने फाइदा भन्न लगाउने ।<br>(घ) घरवालुका जनावरको नाम, फाइदा र महत्त्व भन्न लगाउनुहोस् ।<br>(ङ) जङ्गली जनावरहरूको परिचय दिन लगाउने तथा संरक्षण प्रभावकारी रूपमा |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | चोक्करको महत्त्व बताउन र प्रयोग गर्न<br>२४. प्राणायामको परिचय र महत्त्व बताउन तथा अभ्यास गर्न | ४. घरपालुवा (गाई, बाख्रा, भैंसी, कुखुरा, हाँस, टर्की) को परिचय, महत्त्व र आवश्यकता<br>५. जङ्गली जनावर (बाघ, भालु, स्याल, चितुवा, ... आदि तथा चराहरू)<br>१. शरीरमा पानीको आवश्यकता, महत्त्व, सही मात्रा र तरिका<br>२. रेसादार, बोक्रा र चोकर भएको खाने कुराको परिचय र महत्व ३. प्राणायामको परिचय र महत्त्व<br>४. प्राणायामको प्रकार<br>(भस्त्रीका, भ्रामरी, शीतली, शीतकारी, उद्‌गीत, कपाल भाती, अनुलोम विलोन) र अभ्यास | भ्रमण गराउने र छलफल गर्ने सम्भव नभए चित्र, पोस्टर, भिडिओ देखाई आधुनिक औजार प्रयोगका बारेमा बताई यसबाट हुने फाइदा समेत बताइदिने ।<br>(ङ) घरपालुवा जनावरको परिचय, महत्त्व र आवश्यकता बारे छलफल गर्ने।<br>(च) घरपालुवा जनावर भएको ठाउँको अवलोकन भ्रमण गराउने र विज्ञ तथा पशुपालकसँग अन्तरक्रिया गराउने ।<br>(छ) जङ्गली जनावर र चराहरूको परिचय र संरक्षणको बारेमा छलफल गराउने । विद्यार्थीहरूलाई चिडियाखानको फोटो, पोस्टर, आदि देखाउने र छलफल गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>(क) शरीरलाई आवश्यक पर्ने पानीको मात्रा र पानी पिउने समय तालिका र तरिकाको बारेमा श्रब्दृश्य सामग्री समेतको प्रयोग गरी छलफल गर्ने । | कसरी गर्न सकिन्छ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्नुहोस् ।<br>(क) शरीरमा पानीको सही मात्राबाट र तरिकाबाट शरीरमा पारेको असर सोध्ने ।<br>(ख) रेसादार खाना, बोक्रा भएको खाने कुरा र चोकरको के महत्त्व छ लेख ।<br>(ग) प्राणायामको अर्थ र महत्त्व लेख ।<br>(घ) प्राणायामको अभ्यास गर्न लगाई अवलोकन गर्ने । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| प्रकोप वातावरण र हरित विद्यालय | २५. विपत् जोखिमको न्यूनीकरणको परिचय दिन<br>२६. विपत् जोखिम न्यूनीकरणमा सहभागी हुन<br>२७. विद्यालयमा हरियाली प्रवर्धनका लागि आवश्यक पूर्वाधारको जानकारी लिन | १. विपत् जोखिम न्यूनीकरणको परिचय<br>२. स्थानीय स्तरमा रहेका विपत् जोखिमको पहिचान<br>३. आवश्यकता र महत्त्व<br>४. विद्यालयमा वृक्षारोपण/करेसाबारी निर्माणको परिचय, आवश्यकता र महत्व<br>५. विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनौट तथा विधिहरु | (च) स्थानीय विज्ञको सहायताले प्राणायामका प्रकारको बारेमा प्रश्नोत्तर, अन्तरक्रिया र अभ्यास गराउने ।<br>(छ) सात प्रकारका प्राणायामको भिडिओ प्रदर्शन गरी अभ्यास गराउने ।<br>(क) विपत् जोखिमको परिचय, आवश्यकता र महत्त्वको बारेमा प्रस्तुती, छलफल, चित्र, पोस्टर र श्रव्यदृष्यका सामग्री मार्फत् स्पस्ट पारिदिने ।<br>(ख) स्थानीय स्तरमा रहेका सम्भावित जोखिमको सूची प्रस्तुत गरी किन जोखिम भनिएको हो स्पष्ट पारिदिने ।<br>(ग) सम्भावित विपत् जोखिम न्यूनीकरण गर्न अपनाउनु पर्ने प्रक्रियाको वारेमा छलफल गराउने ।<br>(घ) विद्यालयमा वृक्षारोपण/करेसावारी निर्माणको परिचय, आवश्यकता, महत्वको वारेमा छलफल गराउने | (क) विपत् जोखिम न्यूनीकरण भन्नाले के वुझ्नुहुन्छ ?<br>(ख) स्थानीय स्तरमा प्रकोपबाट हुन सक्ने सम्भावित विपत्लाई न्यूनीकरण गर्न कस्ता उपाय अवलम्बन गर्न सकिन्छ, त्यसको प्रतिवेदन तयार पार्न लगाउने ।<br>(ग) विपत् जोखिमसँग सम्वन्धित शब्दावलीहरूको सूची तयार पार्न लगाउने ।<br>(घ) विद्यार्थीलाई तीनओटा समूहमा विभाजन गरी पहिलो समूहलाई क्षेत्र छनौट, दोस्रो समूहलाई विद्यालयमा उपलव्ध क्षेत्र अनुसारको हरियाली प्रवर्धनका कार्य र तेस्रो समुहलाई हरियाली प्रवर्द्धन गर्न आवश्यक स्रोतको बारेमा अध्ययन प्रतिवेदन तयार पार्न लगाउने । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (ङ) विद्यालयमा हरियाली प्रवर्धनका लागि क्षेत्र छनौट विद्यार्थीहरूको सहभागितामा गराउने ।<br>(च) विद्यालयको आवश्यकता, ठाउँको उपलब्धता तथा विद्यार्थीहरूको रुचीका आधारमा हरियाली प्रवर्धनका विधिहरूको छलफलबाट कार्ययोजना बनाउने । | (ङ) प्रत्येक विद्यार्थीलाई विद्यालयको वर्तमान अवस्था र हरियाली प्रवर्धन गरिएपछिको अवस्थाको बारेमा तुलनात्मक भिन्नता लेख्न लगाउने । |
| व्यक्ति र सङ्घ संस्था परिचय | २८. स्थानीय सामाजिक सङ्घ संस्थाहरूको महत्व बताउन<br>२९. अक्षयकोष तथा प्रतिष्ठानको परिचय र प्रभाव बताउन<br>३०. स्थानीय साहित्यकार तथा कलाकारहरूको परिचय र योगदान बताउन<br>३१. आफ्नो वडा कार्यालय तथा स्वास्थ्य कार्यालयबाट हुने सेवा | १. स्थानीय सामाजिक सङ्घ संस्थाको महत्त्व र योगदान<br>२. अक्षय कोषको परिचय र योगदान तीर्थ रुक्मिणी अक्षय कोष,<br>उद्धव स्मृति अक्षय कोष<br>३. सामाजिक प्रतिष्ठानको परिचय र योगदान<br>चेतबहादुर थापा स्मृति सामाजिक प्रतिष्ठान<br>४. स्थानीय साहित्यकार | (क) स्थानीय सामाजिक सङ्घ संस्थाहरूले गरेका कामको सूची प्रस्तुत गर्ने र सामाजिक विकासमा उक्त संस्थाहरूको महत्त्वबारे छलफल गरी बुँदागत रूपमा टिपोट गरेर प्रस्तुत गर्ने ।<br>(ख) अक्षय कोषको परिचय दिँदै अक्षय कोष स्थापनामा सहयोग पुऱ्याउने व्यक्तिहरूको फोटो देखाउँदै परिचय गराउने ।<br>(ग) अक्षय कोष स्थापनाको उद्देश्य र यसले पुऱ्याउँदै आएको योगदानको विषयमा छलफल गरी अक्षय कोषको महत्त्व स्पष्ट पार्ने । | (क) स्थानीय सङ्घ संस्थाहरूको काम भन्न लगाउने ।<br>(ख) अक्षय कोष भनेको के हो ? यसको उद्देश्य के हो ?जस्ता प्रश्न गर्ने ।<br>(ग) सामाजिक प्रतिष्ठानले गर्ने कुनै दुई काम भन्न लगाउने ।<br>(घ) तिम्रो क्षेत्रमा भएका साहित्यकार तथा कालाकारको नाम भन । |

| विषयवस्तुको क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | प्रवाह सम्बन्धी विवरण तयार पार्ने | तथा कलाकारहरूको परिचय गायककार राजु बरालको परिचय र योगदान<br>५. वडा तथा स्वास्थ्य कार्यालयको परिचय र सेवा सम्बन्धी जानकारी | (घ) सामाजिक प्रतिष्ठानको परिचय दिई सामाजिक प्रतिष्ठानको उद्देश्य र यसले समाजमा पुऱ्याएको योगदानको विषयमा छलफल गराउने ।<br>(ङ) स्थानीय स्तरमा भएका सहित्यकार तथा कलाकारको फोटो, पोस्टर, भिडिओ आदि देखाई साहित्य तथा कलाको परिचय दिने ।<br>(च) गायक राजु बरालको फोटो सहित परिचय झल्किने चार्ट बनाई गीत सङ्गीतका क्षेत्रमा उहाँले पुऱ्याउनु भएको योगदानको विषयमा छलफल गराउने, सम्भव भए कलाकारलाई बोलाई विद्यार्थीहरूसँग अन्तरक्रिया समेत गराउने ।<br>(छ) आफ्नो वडा तथा स्वास्थ्य कार्यालयको अवलोकन भ्रमण गराई वडाध्यक्ष वा सचिव, स्वास्थ्य कार्यालयका इन्चार्जसँग कुराकानी गर्न लगाई ती संस्थाहरूले गर्ने सेवा प्रवाह सम्बन्धी चार्ट तयार गरी कक्षामा टाँस्न लगाउने । | (ङ) राजु बरालले गीत सङ्गीतको क्षेत्रमा कस्तो योगदान पुऱ्याए ? (च) वडा तथा स्वास्थ्य संस्थाले गर्ने कामको सूची तयार गर्न परियोजना कार्य दिने र अवलोकन गरी मूल्याङ्कन गर्ने । |

## कक्षा ७

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | १. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको परिचय दिन<br>२. आफ्नो गाउँपालिका क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको उमेरगत अवस्थाका आधारमा काम तथा जिम्मेवारी बताउन<br>३. स्थानीय तहबाट उपलब्ध हुने सेवाहरूको जानकारी, सहयोग हुने क्षेत्र र उपयोगको तरिका बताउन<br>४. आफ्नो वडाका निर्वाचित प्रतिनिधिहरू र तिनको जिम्मेवारीको जानकारी तथा आवश्यकताअनुसार सहयोग लिन र दिन | १. स्थानीय व्यवस्थापिका र कार्यपालिका<br>२. आफ्नो गाउँपालिकाको उमेरगत जनसङ्ख्या र काम तथा जिम्मेवारी<br>३. स्थानीय तहबाट उपलब्ध हुने सेवाहरू, सहयोग हुने क्षेत्र र तरिका<br>४. आफ्नो वडाका निर्वाचित प्रतिनिधिहरू, उनीहरूको जिम्मेवारी र सहयोग आदानप्रदान | (क) स्थानीय तहको व्यवस्थापिका (गाउँ सभा) र कार्यपालिकाको परिचय दिने । गाउँपालिका तथा नगर पालिकामा गठन हुने व्यवस्थापिका सदस्य सङ्ख्या प्रत्येक वडामा कति कति जना हुन्छन्, भनी बताइदिने । व्यवस्थापिका तथा कार्यपालिका बिच फरकसमेत बताइदिने ।<br>(ख) आफ्नो गाउँपालिकामा भएका व्यवस्थापिका सदस्य र कार्यपालिका सदस्यहरूको विवरण झल्किने चार्ट बनाई कक्षामा प्रदर्शन गरी छलफल गराउने ।<br>(ग) स्थानीय तहमा उपलब्ध जनगणना सम्बन्धी सामग्री अध्ययन गरी गाउँपालिका क्षेत्रमा बसोबास गर्ने मानिसहरूको महिला, पुरुष र उमेरगत विवरण तालिका निर्माण गरी कक्षामा प्रस्तुत गरी जम्मा जनसङ्ख्या सम्बन्धी छलफल गर्नुहोस् । | (क) स्थानीय व्यवस्थापिका र कार्यपालिकाको परिचय भन्न लगाउने ।<br>(ख) गाउँ सभामा प्रत्येक वडामा कति कति जना सदस्य हुन्छन् ? भनी प्रश्न सोध्ने ।<br>(ग) तिम्रो गाउँपालिकामा कति जनसङ्ख्या छ ? महिला र पुरुष छुट्याइ भन्न लगाउने ।<br>(घ) तिम्रा बुबाआमा, हजुरबा, हजुरआमा, दाजुदिदी..... के काम गर्नु हुन्छ ? तिम्रो काम के हो ? बालश्रम भनेको के हो ? जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>(ङ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर<br>(च) व्यवहारको निरन्तर अवलोकन र |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (घ) उमेरका आधारमा मानिसले गर्ने काम सम्बन्धी जानकारी दिन तिमी के काम गर्छौ ? तिम्रा बाआमा के काम गर्नुहन्छ ? हजुरबा के गर्नुहुन्छ ? जस्ता प्रश्नोत्तर गरी उमेरगत रूपमा मानिसले गर्ने काम (खेती, व्यपार, नोकरी, अध्ययन..आदि)का विषयमा छलफल गरी बालश्रम सम्बन्धी जानकारी गराउने ।<br><br>(ङ) बालश्रममा लागेको, विद्यालयमा पढ्दै गरेको जस्ता भिडिओ देखाएर बालश्रममा नलाग्न तर बुबाआमालाई आफूले सक्ने काममा सहयोग गर्न प्रेरित गर्नुहोस् ।<br><br>(च) स्थानीय स्तरमा उपलब्ध सेवाहरूका बारेमा जानकारी सङ्कलन गरी ती सेवाले गर्ने सहयोगको क्षेत्र तथा उपयोगको तरिकासँग सम्बन्धित सामग्री प्रस्तुत गरी अध्ययन गर्न लगाउने । यस क्रममा विषयवस्तुको जानकारी र प्रयोगसँग सम्बधित भई | तिनको अभिलेखन गरेर ।<br><br>(छ) वडा प्रतिनिधिहरूले गरेका विकास निर्माणका कामहरूको अवलोकन गरी प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गरेर । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | सूचना प्रविधिलाई प्रयोग गर्ने ।<br>(छ) नजिकैको वडा कार्यालयको अवलोकन भ्रमण गरी वडाका निर्वाचित प्रतिनिधिहरूसँग परिचयात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>(ज) स्थानीय जनप्रतिनिधिसँगको छलफल गरी तिनको जिम्मेवारी, काम, कर्तव्य र अधिकारका बारेमा सोध्ने तथा त्यसलाई उपयोग गर्ने रणनीतिको तयारी गर्न लगाउने । | |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ५. सार्वजनिक स्थलको संरक्षणमा समुदायलाई सहयोग गर्न<br>६. फिक्कल गाउँपालिकामा भएका सामुदायिक तथा कबुलियत वनको महत्त्व बुझी तिनको संरक्षण कार्यमा सक्रिय हुन<br>७. स्थानीय वन्यजन्तु, चराचुरुङ्गी तथा वनस्पतिको | १. सार्वजनिक स्थलहरू चउर, खेलमैदान, धारा ...आदि<br>२. गाउँपालिका भित्रका सामुदायिक र कबुलियत वन : परिचय, आवश्यकता, महत्त्व र संरक्षण<br>३. स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति : नाम,<br>(ग) स्थानीय जडीबुटी : नाम, उत्पादन, | (क) सार्वजनिक स्थलहरूको फोटो, पोस्टर भिडिओ देखाउँदै समुदायमा यसको आवश्यकता अवगत गराई संरक्षण गर्नु पर्ने जानकारी गराउने ।<br>(ख) विद्यार्थीलाई संरक्षणका निम्ति गरिने मर्मत सम्भार, सरसफाइ जस्ता कार्यमा सहभागी गराएर राम्रो सहयोग गर्नेलाई पुरस्कृत गरेर संरक्षण कार्यमा लाग्न प्रेरित गर्ने । | (क) सार्ववनिक स्थलको नाम र आवश्यकता बताउन लगाउने ।<br>(ख) सार्वजनिक स्थलका भएका फोहोर व्यवस्थापन गर्न लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(ग) विद्यार्थीका कार्यकलापको निरीक्षण गरेर । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | सूची बनाई प्रदर्शन गर्न<br>८. स्थानीय जडीबुटीको उत्पादन प्रचार प्रसार, संरक्षण र गोडमेलमा सहयोग गर्न | प्रयोगको क्षेत्र र संरक्षण | (ग) विद्यार्थीलाई फिक्कल गाउँपालिका भित्रका सामुदायिक र कबुलियत वनको सङ्ख्या, अवस्था र महत्त्वका बारेमा अनुभव प्रस्तुत गर्न लगाउने ।<br>(घ) सामुदायिक र कबुलियत वन हुँदा र नहुँदा हुने फाइदा र बेफाइदाका बारेमा स्थानीय व्यक्तिको राय सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने । कक्षाको छलफलबाट निष्कर्ष निकाल्न लगाई तिनको संरक्षण कार्यमा विद्यार्थी तथा तिनको परिवारको भूमिका टिपोट गर्न लगाउने । विद्यार्थी तथा तिनको परिवारले सो भूमिकाअनुसार जिम्मेवारी पूरा गरे नगरेको अवलोकन गर्ने ।<br>(ङ) स्थानीय वन्यजन्तु, चराचुरुङ्गी र वनस्पति नाम तथा स्वभाव समावेश भएको नमुना तालिका प्रदर्शन गर्ने । विद्यार्थीलाई यस्तै अन्य मौलिक तालिका निर्माण गरी प्रस्तुत गर्न लगाउने । | (घ) व्यक्तिगत र सामूहिक छलफलका आधारमा सिकाइको मापन गरेर ।<br>(ङ) कक्षाकार्य तथा परियोजना कार्यको परीक्षण गरेर ।<br>(च) व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेखन गरेर ।<br>(ज) आत्मविश्वासपूर्ण स्पष्ट प्रस्तुति र अभ्यासलाई उपयोग तथा अभिलेखीकरण गरेर ।<br>(झ) प्रतिवेदन तयार गर्न लगाई त्यसको मूल्याङ्कन गर्न लगाएर ।<br>(ञ) जनचेतना तथा प्रचार प्रसारका लागि पोस्टर, व्यानर, प्लेकार्ड जस्ता सामग्री बनाउन लगाई अवलोकन गरेर । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | तालिका निर्माणका क्रममा स्थानीय जानकार व्यक्तिको सहयोग लिन विद्यार्थीलाई उत्प्रेरित गर्ने ।<br>(च) स्थानीय वनस्पति र पशुपन्छीको रहनसहन तथा खानपानको अध्ययन गरी तिनीहरूको जीवनचक्रलाई चित्रका माध्यमले प्रस्तुत गरी वर्णन गरिदिने<br>(छ) स्थानीय जडीबुटीको नाम र प्रयोगको क्षेत्र पहिचानका लागि स्थानीय जानकार व्यक्ति तथा परिवारका सदस्य सहयोग लिन लगाउने । विद्यार्थीले हासिल गरेका सिकाइ कक्षामा प्रस्तुत गर्न उत्प्रेरित गर्ने ।<br>(ज) स्थानीय जडीबुटीको उत्पादन तथा संरक्षणसँग सम्बन्धित पोस्टर, सूचना, पम्प्लेट लगायतका प्रचारप्रसार सामग्री निर्माण, प्रदर्शन र वितरण गर्न लगाउने । यसका साथै स्थानीय रूपमा भएका वा खेती गरिएका | |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | स्थानमा गई तिनको उत्पादन र संरक्षण प्रत्यक्ष अनुभव गर्न लगाउने । (झ) सान्दर्भिक श्रव्यदृश्य सामग्री उपयोग गरी सिकाइलाई रोचक तथा प्रभावकारी बनाउने । | |
| हाम्रो संस्कार र संस्कृति | ९. कुल पूजा र सोह्रश्राद्धको परिचय र महत्त्व बताउन<br>१०. कुल पूजा र सोह्रश्राद्धमा गरिने क्रियाकलापहरूमा सहभागी भएर सहयोग गर्न<br>११.महापुराण र भजनकीर्तनको परिचय तथा महत्त्व बताउन<br>१२. महापुराण र भजनकीर्तनमा सहभागी भई गौरव गर्न | १. कुल पूजा र सोह्रश्राद्धको परिचय र महत्त्व<br>२. कुल पूजा र सोह्रश्राद्धमा गरिने क्रियाकलापहरू<br>३. महापुराण र भजनकीर्तनको परिचय तथा महत्त्व<br>४. महापुराण र भजनकीर्तनमा गरिने क्रियाकलापहरू | (क) विभिन्न जातिका मानिसहरूले गर्ने कुल पूजाको परिचय दिँदै कुल पुजा गर्ने परम्पराको बारेमा बताइदिने । कुल पूजाका विषयमा विज्ञ स्थानीय व्यक्तिलाई बोलाई विद्यार्थीहरूसँग अन्तरक्रिया गराउने महत्त्व बताइदिने ।<br>(ख) कुल पूजा गरेको क्रियाकलाप झल्किने फोटो, पोस्टर, भिडिओ आदि देखााई कुल पूजाकामा गरिने क्रियाकलापको जानकारी दिने, त्यस्ता क्रियाकलापमा सहभागी हुन प्रेरित गर्ने ।<br>(ग) सोह्रश्राद्धको परिचय दिन सोह्रश्राद्ध सम्बन्धी परम्परा, श्राद्ध विधि झल्किने लेख तयार गरी कक्षामा प्रस्तुत | (क) कुल पूजाको परिचय दिन लगाउने । कुल पूजा गर्दा आफूले गर्न सक्ने कुनै दुईओटा काम भन्न लगाउने ।<br>(ख) सोह्रश्राद्धको परिचय तथा महत्त्वमा बारेमा एक अनुच्छेद लेख्न लगाई अवलोकन गर्ने ।<br>(ग) कुल पूजा, सोह्रश्राद्ध, पुराण र भजनकीर्तनमा के के गरिन्छ ? परिवारका ज्येष्ठ सदस्यसँग सोधी तालिकमा तयार गरी ल्याउन लगाउने र मूल्याङ्कन गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | गर्दै प्रश्नोत्तर विधिद्वारा छलफल गराउने ।<br><br>(घ) सोह्श्राद्ध गरिरहेको फोटो, पोस्टर, भिडिओ देखाई सोह्रश्राद्ध गर्नु पर्ने कारण र परम्पराबारे स्पष्ट जानकारी दिँदै विद्यार्थीहरूलाई आफ्ना घरमा त्यस्ता कार्य हुँदा सहभागी हुन प्रेरित गर्ने ।<br><br>(ङ) महापुराण र भजनकीर्तनको परिचय दिँदै अन्य धर्ममा गरिने धार्मिक क्रियाकलापको समेत जानकारी गराउने, पुराण तथा भजनकीर्तनका भिडिओ देखाउँदै विद्यार्थीहरूलाई पनि भजनकीर्तन गाउन लगाउने र यस्ता क्रियाकलाप नै हाम्रा संस्कार र संस्कृति हुन् भन्ने जानकारी दिने ।<br><br>(च) सम्भव भए विद्यालय नजिकै पुराण, भजनकीर्तन भएका ठाउँमा अवलोकन भ्रमण गराई पुराण सुन्न र भजनकीर्तन गाउन लगाउने र पुराणमा गरिने क्रियाकलापहरू के के हुन् ? टिपोट | |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | गर्न लगाउने र अर्को दिन कक्षामा प्रस्तुत गरी छलफल गराउने । | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १३. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको पहिचान गरी सूची निर्माण गर्न<br>१४. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको संरक्षण संवर्धनमा आफूले गर्न सक्ने कार्यहरू बुँदागत रूपमा प्रस्तुत गर्न<br>१५. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा गरिने क्रियाकलाप बताइ आफू सहभागी हुन<br>१६. स्थानीय पर्यटकीय स्थलहरू प्रचार प्रसार गर्न | १. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू (सिन्धुली गढी सङ्ग्रहालय, कुशेश्वर महादेव, कमलामाई मन्दिर, कालीमाई मन्दिर, सिद्धबाबा मन्दिर, दुधौलीको त्रिवेणी, नदीहरू.....आदि)<br>२. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको संरक्षण संवर्धनमा गर्नु पर्ने कार्यहरू<br>३. स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा गरिने क्रियाकलाप (पूजापाठ, अवलोकन भ्रमण, ऱ्याफ्टिङ, दृष्यावलोकन, बनभोज, प्याराग्लाइडिङ .....आदि) | (क) फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लामा भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको फोटो, पोस्टर आदि देखाउँदै सूची निर्माण गर्न लगाउने ।<br>(ख) ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको धारणा स्पस्ट पार्न नजिकैको कुनै एक स्थानमा भ्रमण गराई आवश्यक छलफल गराउने भ्रमण गराउन असम्भव भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम र रहेको स्थान समेत बताइदिने ।<br>(ग) स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको संरक्षण संवर्धन गर्न के के गर्नुपर्छ ? जस्ता प्रश्नका माध्यमबाट छलफल गरी विद्यार्थीले भनेका कुरा सेतो पाटीमा टिप्तै जाने र केही छुटेका | (क) फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लामा भएका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको नाम पालैपालो भन्न लगाउने ।<br>(ख) फिक्कल भ्युटावर तथा सिन्धुली गढी दरबार कहाँ कहाँ पर्छन् ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ग) ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन गर्न के के गर्नुपर्छ ? कुनै पाँचओटा बुँदा भन्न र लेख्न लगाउने ।<br>(घ) ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूमा गरिने कुनै तीनओटा क्रियाकलापको नाम भन्न लगाउने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | ४. स्थानीय पर्यटकीय स्थलहरू प्रचार प्रसारका तरिकाहरू | भए शिक्षकले समेत थपी बुँदागत रूपमा टिपोट गर्न र भन्न लगाउने ।<br>(घ) स्थानीय धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूमा गरिने क्रियाकलापहरूको जानकारी गराउन धार्मिक स्थलमा गरिएका पूजापाठ, दीप प्रज्वलन, भजनकीर्तन, ऐतिहासिक तथा पर्यटकीय स्थलमा गरिएका पर्यटक भ्रमण, ऱ्याफ्टिङ्, प्याराग्लाइडिङ् र बनभोज जस्ता क्रियाकलाप गरेका भिडिओ, फोटो, पोस्टर देखाई विद्यार्थीहरूलाई कहाँ के के गरिरहेका छन् ? भनी प्रश्न गर्दै छलफल गराउने तथा नजिकैको कुनै स्थानमा अवलाकन भ्रमण गराई विद्यार्थीहरूलाई समेत क्रियाकलापमा सहभागी गराउने ।<br>(ङ) स्थानीय पर्यटकीय स्थलहरूको जानकारी गराई त्यहाँ भएका हेर्न लायकका ठाउँ, दृष्यावलोकन तथा अन्य | (ङ) स्थानीय पर्यटकीय स्थल फिक्कल भ्युटावरमा भएका आकर्षक दुईओटा कुरा के के हुन् ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | मनोरम क्रियाकलाप सहित पर्यटकीय विकासका लागि प्रचार प्रसार सामग्री सहित प्रचार प्रसारका लागि वक्तृत्व कार्यक्रम सञ्चालन तथा र्‍याली गरी प्रचार प्रसारमा सरिक गराउने र आफूले देखे सुनेका कुरा परिवार र समुदायमा प्रचार प्रसार गर्न लगाउने । | |
| पेसा उद्यमशीलता र प्रविधि | १७. स्थानीय स्तरमा गरिने जीवन निर्वाह खेतीको परिचय दिन तथा मुख्य मुख्य बालीको सूची बनाउन<br>१८. होटेल व्यवसाय र रिजोर्टको परिचय र महत्त्व बताउन<br>१९. होटेल व्यवसाय सञ्चालन सम्बन्धी आधार भूत कुराहरू बताउन<br>२०. घरपालुवा जनावर तथा पशुपन्छीहरूबाट हुने फाइदा बताउन | १. स्थानीय क्षेत्रमा जीवन निर्वाहका रूपमा गरिने खेतीपाती (धान, मकै, कोदो, फापर, गहुँ ....आदि) को परिचय<br>२. होटेल व्यवसाय र रिजोर्टको परिचय र महत्व<br>३. होटल व्यवसाय र रिजोर्ट सञ्चालन सम्बन्धी आधार भूत ज्ञान<br>४. घरपालुवा जनावर तथा पशुपन्छीहरू | (क) स्थानीय क्षेत्रमा जीवन निर्वाहका रूपमा गरिने खेतीपातीका बारेमा जानकारी दिने ।<br>(ख) विद्यालय नजिकै परम्परागत रूपमा खेतीपाती हुँदै आएको स्थानमा अवलोकन भ्रमण गराई कृषि उत्पादनको महत्व र त्यसले स्थानीय क्षेत्रमा पारेको प्रभावबारे स्थानीय कृषक/कृषि व्यवसायीसँग छलफल गरी बुँदागत रूपमा टिपोट गर्न लगाउने र निष्कर्ष दिने ।<br>(ग) स्थानीय विज्ञ, कृषकसँग सोधी स्थानीय रूपमा हुने बालीनाली | (क) आफू बसोबास गर्ने तथा वरिपरिको ठाउँमा गर्दै आएका विभिन्न कृषिबालीहरूको सूची बनाई प्रस्तुत गर्नुहोस् ।<br>(ख) कृषिपेसाका फाइदाहरू बुँदागत रूपमा लेखी प्रस्तुत गर्नुहोस् ।<br>(ग) होटल व्यवसाय र रिजोर्ट सञ्चालनबाट हुने महत्त्वबारे वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी विद्यार्थीहरूको प्रस्तुतिको |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | लगाउने वार्षिक तालिका बनाउन लगाउने ।<br>(घ) फोटो वा पोस्टर देखाउँदै होटेल वा रिजोर्टको परिचय गराउने र बुँदागत रूपमा महत्त्व समेत बताइदिने ।<br>(ङ) स्थानीय स्तरमा भएको कुनै रिजोर्ट वा होटेल सञ्चालन भएको ठाउँमा अवलोकन भ्रमण गराई रिजोर्ट वा होटेल सञ्चालकसँग भेट गराई सञ्चालनका लागि चाहिने आधारभूत पक्षहरूको बारेमा जानकारी लिने र बुँदागत रूपमा छलफल गर्ने ।<br>(च) रिजोर्ट वा होटेल सञ्चालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक प्रभावहरू (आर्थिक, सामाजिक)का बारेमा स्थानीय विज्ञसँग अन्तक्रिया गराई समूहगत रूपमा प्रतिवेदन तयार पार्न लगाउने र प्रस्तुत गर्न लगाउने ।<br>(छ) घरपालुवा जनावर तथा पशुपन्छीहरूबाट | अवलोकनद्वारा मुल्याङ्कन गर्ने ।<br>(घ) रिजोर्ट तथा होटेल व्यवसायबाट समाजमा पर्ने सकारात्मक प्रभावहरूको सोधखोज गरी प्रतिवेदन तयार गर्न परियोजना कार्य दिई विद्यार्थीहरुले तयार पारेको प्रतिवेदनको मुल्याङ्कन गर्ने ।<br>(ङ) आफ्नो घरमा पालेका पशुपन्छीकाट के फाइदा हुन्छ ? परिवारका सदस्यसँग सोधी लेखेर ल्याउन परियोजना कार्य दिई अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(च) पशुपन्छी पालनबाट हुने फाइदाहरू सम्बन्धी प्रश्नहरू सोधी मौखिक तथा लिखित उत्तर दिन लगाउने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | हुने फाइदा बताउँदै विभिन्न जनावर तथा पशुपन्छीहरूबाट हुने फाइदाहरूको चार्ट देखाई छलफल गराउने । <br>(ज) सम्भव भए नजिकैको पशुपन्छी पालन फर्ममा अवलोकन भ्रमण गराई पशुपन्छी पालकसँग अन्तरक्रिया गराई फाइदाहरू टिपोट गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने । | |
| स्वास्थ्य सरसफाइ र खेलकुद | २१. अम्लिय र क्षारप्रधान खानेकुरामा फरक बताउन तथा क्षारप्रधान खानेकुराको बढी प्रयोग गर्न <br>२२. योगको परिचय दिन र प्रकार बताउन <br>२३. सकारात्मक सोचको विकास गर्न <br>२४. दैनिक जीवनमा योगको महत्त्व बताउन र अनुसरण गर्न | १. अम्लिय र क्षारीय गुण भएको खानाको परिचय र महत्व <br>२. योगको परिचय र प्रकार <br>३. अष्टाङ्ग योग मध्ये यम, नियम, आसन, प्राणायामको परिचय <br>४. सकारात्मक सोच र चरित्र निर्माणमा योगको महत्व <br>५. खुसी रहने तथा खुसी बन्ने तरिका <br>६. दैनिक जीवनमा योगको महत्त्व अनुसरण | (क) अम्लिय र क्षारीय गुण भएको खानेकुराको परिचय दिई सूची बनाउन लगाई उक्त खानेकुराको बारेमा छलफल गराउने । <br>(ख) अम्लिय र क्षारीय खानेकुराको महत्त्व र फरकबारे सचित्र तथा श्रव्यदृश्य सामग्रीसहित बताउने र क्षारप्रधान खानेकुरा बढी प्रयोग गर्न प्रेरित गर्ने । <br>(ग) योगको अर्थ बताउने र अष्टाङ्ग योग मध्ये यम, नियम, आसन, प्राणायामको परिचय बुझाउनका लागि पोष्टर, भिडिओ जस्ता सामग्री प्रयोग गरी छलफल | (क) अम्लिय र क्षारीय गुण भएको खानाको सूची बनाउन, भन्न र लेख्न लगाउने । <br>(ख) अम्लिय र क्षारीय गुण भएको खानाको प्रभाव भन्न/लेख्न लगाउने । <br>(ग) अष्टाङ्ग योग मध्ये यम, नियम, आसन, प्राणायामको परिचय दिन लगाउने । <br>(घ) दैनिक जीवनमा योगको महत्त्व लेख । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | गराउने । प्राणायामको सामान्य अभ्यास गराउने ।<br>(ङ) सकारात्मक सोच र चरित्र निर्माणमा योगको अनुभव भएका व्यक्तिसँग अन्तक्रिया गराउने ।<br>(च) खुसी रहने र खुसी बन्ने तरिका बताउने, स्थानीय विज्ञहरूसँग छलफल गर्ने साथै यूट्युव लगायतका सामाजिक सञ्जालमा पाइने भिडिओहरू प्रदर्शन गरी बुँदा टिपोट गर्न र खुसी बन्न अभ्यास गर्न लगाउने ।<br>(छ) योग के हो र यसको के महत्त्व छ ? भन्ने बारेमा अन्तरक्रिया गर्ने ।<br>(ज) योगका प्रकारको बारेमा तयार गरिएको सचित्र पावर पोइन्ट स्लाइड र भिडिओ प्रदर्शन गरी छलफल गर्ने । | (ङ) विद्यार्थीहरूलाई प्राणायामको अभ्यास गर्न लगाई अवलोन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण दिने । |
| प्रकोप वातावरण र हरित विद्यालय | २५. विपत् जोखिमबाट बच्ने उपायको अवलम्बन गर्न | १. पूर्वतयारी (झटपट झोला), पूर्व अभ्यास, प्राथमिक उपचार | (क) स्थानीय विपत्बाट हुन सक्ने क्षतिको बारेमा छलफल गराउने ।<br>(ख) विपत् पूर्वतयारीका लागि विधिहरू अवगत गराउने-जस्तै | (क) विपत् जोखिम न्यूनीकरणका उपायहरू सूची बनाउन लगाउने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | २६. वातावरणको परिचय दिन तथा संरक्षणका उपाय अवलम्बन गर्न<br>२७. विद्यालयमा हरियाली प्रवर्धनका लागि सहभागी हुन | २. वातावरणको परिचय र संरक्षणका उपाय<br>१. हरित विद्यालयको परिचय, आवश्यकता, महत्त्व, आधारभूत पक्षहरु-हरियाली प्रवर्धन, फोहोर व्यवस्थापन, पानी संरक्षण | झटपट झोला ।<br>(ग) संभावित विपत्को पूर्व अभ्यास गराउने ।<br>(घ) प्राथमिक उपचारका सामग्रीको वारेमा जानकारी गराउने ।<br>(ङ) विविध वातावरण झल्किने चित्र, पोस्टर, भिडिओ आदि देखाउँदै वातावरणको परिचय दिने तथा वातावरण संरक्षणका उपाय बताउँदै विद्यालय वरिपरि भएका फोहोर वस्तुहरूको उचित व्यवस्थापनमा सहभागी गराई वातावरण संरक्षणका उपाय अवलम्बन गर्न प्रेरित गर्ने ।<br>(च) हरित विद्यालयको अवधारणाबारे विद्यार्थीहरू बिच छलफल गराउने | (ख) घरमा राखिने झटपट झोला बनाउन लगाउने ।<br>(ग) आफ्नो घरको लागि तयार पारिने प्राथमिक उपचारका सामग्री तयार पारी कक्षाकोठामा प्रस्तुत गर्न लगाउने ।<br>(घ) वातावरणको परिचय दिन लगाउने ।<br>(ङ) वातावरण संरक्षणका उपायहरूको सूची बनाउन लगाउने ।<br>(च) विद्यालय वरिपरिको फोहोर व्यवस्थापन गर्न लगाई अवलोकन गर्ने ।<br>(छ) आफ्नो विद्यालयलाई हरित विद्यालय वनाउनका लागि कार्ययोजना बनाई प्रस्तुत गर्न लगाउने । |
| | | | (छ) नमुना हरित विद्यालयमा हुनु पर्ने अधारभूत पक्षको जानकारी दिने<br>(ज) विभिन्न ठाउँमा रहेका हरित | (ज) आफूले बनाएको कार्ययोजनाअनुसार हरियाली प्रवर्धनमा सहभागी गराई अवलोकन गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | विद्यालयको वारेमा चित्र, पोस्टर वा वृतचित्रको माध्यमबाट जानकारी दिई आफ्नो विद्यालयलाई कसरी हरियाली बनाउन सकिन्छ, भनेर छलफल गराउने । | |
| व्यक्ति र सङ्घ संस्था परिचय | २८. सिन्धुली जिल्लाका मुख्य साहित्यकार तथा समाजसेवी व्यक्तिहरूको परिचय दिन<br>२९. जिल्ला स्तरमा सञ्चालित सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरूको परिचय दिन<br>३०. सङ्घ, संस्थाहरूले गर्ने कामहरूको सूची तयार गर्न | १. सिन्धुली जिल्लाका मुख्य साहित्यकार तथा समाजसेवी व्यक्तिहरू<br>२. जिल्ला स्तरमा सञ्चालित सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरू<br>३. सङ्घ, संस्थाहरूले गर्ने कामहरू | (क) साहित्यकार तथा समाज सेवी उमानाथ शास्त्री 'सिन्धुलीय'को फोटो देखाउँदै जन्म, जन्मस्थान, बुबाआमा, शिक्षा र साहित्यमा प्रवेश जस्ता कुराहरूको जानकारी दिँदै परिचय गराउने ।<br>(ख) नेपाली राजनीतिक आन्दोनका अग्रणी व्यक्तित्व ऋषिराज देवकोटा 'आजाद' फोटो देखाउँदै जन्म, जन्मस्थान, मातापिता, शिक्षा र संलग्नता आदिको परिचय गराउने ।<br>(ग) जिल्ला स्तरमा संञ्चालित प्रमुख सरकारी कार्यालयहरू जस्तैः जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय .......आदिको परिचय र कामका विषयमा छलफल गराउने । | (क) साहित्यकार उमानाथ शास्त्रीको परिचय भन्न लगाउने ।<br>(ख) ऋषिराज देवकोटाको परिचय भन्न लगाउने ।<br>(ग) जिल्ला स्तरमा सञ्चालित प्रमुख सरकारी कार्यालयहरूको नाम र कामको सूची तयार गरी ल्याउन परियोजना कार्य दिने र अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(घ) आफ्नो जिल्ला तथा स्थानीय तहमा सञ्चालित गैर सरकारी संस्थाहरूको परिचय र काम भन्न लगाई मूल्याङ्कन गर्ने |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (घ) सिन्धुली जिल्लामा सञ्चालित गैर सरकारी सङ्घ संस्था जस्तैः नेपाल रेडक्रस शाखा, सहकारी संस्था .....आदिको परिचय दिने तथा ती संस्थाहरूले गर्ने कामको समेत समान्य परिचय गराउने । | |

## कक्षा ८

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| हाम्रो गाउँपालिका | १. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको गठन प्रक्रिया बताउन<br>२. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कामको सूची निर्माण गर्न<br>३. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको अधिकार र कर्तव्य बताउन<br>४. स्थानीय तहमा हुने न्याय सम्पादनका क्षेत्र र प्रक्रिया बताउन | १. स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको गठन, काम, कर्तव्य र अधिकार<br>(ख) स्थानीय तहमा न्याय सम्पादन, क्षेत्र र प्रक्रिया | (क) नेपालको संविधानको धारा २१५ र २२२ मा उल्लेख भए बमोजिमको व्यवस्थापिका र कार्यपालिकाको गठन सम्बन्धी चार्ट प्रस्तुत गर्दै एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने तथा दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने कुरा स्पष्ट पारिदिने ।<br>(ख) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र नेपालको संविधानको अनुसूची ८ र ९ को | (क) व्यवस्थापिका तथा कार्यपालिकाको गठन प्रक्रिया सम्बन्धी प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ख) स्थानीय तहको व्यवस्थापिका र कार्यपालिकाको कामको सूची निर्माण गर्न लगाउने ।<br>(ग) न्यायिक समिति भनेको के हो ? यो कति सदस्यीय हुन्छ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(घ) न्यायिक समितिका संयोजक तथा सदस्यसँग सोधी |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | अध्ययन गरी व्यवस्थापिका र कार्यपालिकाको काम, कर्तव्य र अधिकारको सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्दै छलफल गराउने ।<br>(ग) नेपालको संविधानको धारा २१७ बमोजिम प्रत्येक गाउँपलिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्थाको जानकारी गराउँदै न्यायिक क्षेत्र तथा प्रक्रियाको विषयमा समेत छलफल गराउने ।<br>(घ) सम्भव भए न्यायिक संयोजक वा सदस्यलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी विद्यार्थीसँग अन्तरक्रिया गराई न्यायिक क्षेत्र तथा प्रक्रियाका बारेमा प्रतिवेदन तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने । | न्यायिक क्षेत्र तथा न्याय प्राप्त गर्ने प्रक्रिया सम्बन्धी अनुच्छेद लेखन परियोजना कार्य दिने र उक्त कार्यकृ अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ५. स्थनीय नदी, खोला आदिको परिचय, फाइदा, बेफाइदा बताउन<br>६. सार्वजनिक, सामुदायिक तथा कबुलियत वनबाट हुने फाइदा, संरक्षण र संवर्धनका उपाय बताउन | १.स्थानीय नदी तथा खोलाहरू र तिनबाट हुने फाइदा र बेफाइदा<br>२. सार्वजनिक, सामुदायिक तथा कबुलियत वनबाट हुने फाइदा, संरक्षण र संवर्धनका उपाय | (क) स्थानीय नदी, खोलाहरूको नामको सूची तथा र्‍याफ्टिङ् गरेको, सिँचाइ गरेको, बिजुली निकालेको, घट्ट आदि चलाएको र गिट्टी, ढुङ्गा, बालुवा प्राप्त गरेको फोटो, भिडिओ प्रस्तुत गर्दै परिचय दिने र नदी तथा खोलाबाट हुने फाइदाका बारेमा | (क) स्थानीय नदी, खोलाहरूको नाम फाइदा र बेफाइदा भन्न लगाई मूल्याङ्कन गर्ने ।<br>(ख) सार्वजनिक, सामुदायिक तथा कबुलियत वनबाट हुने फाइदा र बेफाइदाको सूची |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | ७. वन्यजन्तु तथा चराचुरुङ्गीले वातावरणमा पार्ने सकारत्मक र नकारात्मक प्रभाव बताउन | ३. वन्यजन्तु तथा चराचुरुङ्गीले वातावरणमा पार्ने सकारत्मक र नकारात्मक प्रभाव | छलफल गरी फाइदा टिपोट गर्न लगाई स्पष्ट पारिदिने ।<br>(ख) नदी तथा खोलाले फाइदा मात्र नभई बेफाइदा पनि हुने कुराको जानकारी दिन जमिन कटान गरेको बाटो, पुल आदि भत्काएको जस्ता दृष्य सामग्री प्रस्तुत गर्दै बेफाइदाका बारेमा बताइदिने ।<br>(ग) सार्वजनिक, सामुदायिक तथा कबुलियत वनको परिचय गराउँदै वनबाट हामीले के के पाउँछौं ? भन्ने प्रश्न गर्दै विद्यार्थीहरूबाट आएका उत्तर सेतो वा कालो पाटीमा टिप्तै जाने र नपुगेका कुरा आफूले थपी वनबाट हुने फाइदाको सूची तयार गर्न लगाउने ।<br>(घ) यस्तो फाइदा हुने वनको संरक्षण कसले गर्ने ? संरक्षण नगरे के हन्छ ? कसरी संरक्षण गर्नु पर्ला ? जस्ता प्रश्नका माध्यमबाट विद्यार्थीहरूबाटै उत्तर लिने प्रयास गर्नुहोस् ।<br>नपुगेका कुरा आफूले थपी संरक्षण र संवर्धनमा सहभागी हुन प्रेरित गर्नुहोस् । | बनाउन परियोजना कार्य दिई अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(ग) वनजङ्गलको संरक्षणमा आफूले गर्न सक्ने कुरा भन्न लगाई मूल्याङ्कन गर्ने ।<br>(घ) आफ्नो वरिपरि पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको नाम भन्न लगाई मूल्याङ्कन गर्ने ।<br>(ङ) वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण गर्नाले वातावरणमा हुने सकारात्मक प्रभाव बताउन लगाई संरक्षण गर्न के के गर्नु पर्ला जस्ता प्रश्न गरी उत्तरका आधारमा मूल्याङ्कन गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (ङ) आफ्नो वरिपरि पाइने वन्यजन्तु तथा चराचुरुङ्गीको फोटो पोस्टर देखाउँदै परिचय गराउने र तिनबाट वातावरणमा पर्ने सकारत्मक तथा नकारात्मक प्रभावका बारेमा छलफल गराई | |
| | | | सकारत्मक र नकारात्मक प्रभावको सूची बनाउन लगाउने ।<br>(च) वन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण गर्नाले वातावरणमा हुने सकारात्मक प्रभाव बताउँदै चोरी तथा सिकार गर्नु नहुने र चोरी तथा सिकार गर्नेलाई कानुनी कार्बाही समेत हुने कुराको जानकारी गराउने अनि संरक्षण गर्नु पर्ने कुरामा सचेत गराउने । | |
| हाम्रो संस्कार र संस्कृति | ८. सोह्र संस्कारहरूको परिचय दिन र सूची निर्माण गर्न<br>९. लोक साहित्यको सामान्य परिचय दिन तथा देउसी, भैलो, श्रम र तिज गीत गाउन<br>१०. अतिथि सत्कारको परिचय दिन र | १. सोह्र संस्कारहरूको परिचय र सूची<br>२. लोक साहित्यको सामान्य परिचय तथा देउसी, भैलो, श्रम र तिज गीत ...आदि<br>३. अतिथि सत्कारको परिचय र हाम्रो परम्परा<br>४. लोकोपकारको परिचय तथा लोकोपकारका लागि | (क) सोह्र संस्कार भनेको के हो ? तिम्रो घरमा भाइ अथवा बहिनी जन्मिँदा के के गर्छन् ? जस्ता प्रश्न गर्दै मानव जीवनमा जन्मदेखि मृत्युसम्म गरिने सोह्र संस्कारहरूको परिचय दिँदै आफूले तयार पारेको सूची प्रस्तुत गरी प्रत्येक विद्यार्थीलाई सूची बनाउन लगाउने । | (क) सोह्र संस्कारको परिचय तथा नाम भन्न लगाउने ।<br>(ख) लोक साहित्य भनेको के हो ? आफ्नो गाउँ घरमा गाइने एउटा लोक गीत गाउन लगाई मूल्याङ्कन गर्ने ।<br>(ग) अतिथि भनेका को हुन् ? तिमी अतिथिको सत्कार कसरी गर्छौ ? जस्ता प्रश्न |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | परम्पराअनुसार अतिथिको सत्कार गर्न<br>११. लोकोपकारको परिचय दिन र लोकोपकारका लागि आफू तयार हुन | गरिने कामहरू | (ख) विभिन्न लोक साहित्यसँग सम्बन्धित लेख रचना भएका पत्रपत्रिका, अडिओ, भिडिओ जस्ता श्रव्यदृष्य | सोध्ने उत्तर दिएका आधारमा मूल्याङ्कन गर्ने । |
| | | | सामग्री प्रस्तुत गर्दै लोक साहित्यको परिचय दिने ।<br>(ग) शिक्षकले पहिले आफूले जानेको लोक गीत गाएर सुनाउने र विद्यार्थीहरूलाई पनि आफूले जानेका लोकगीत समूह वा एकल रूपमा गाउन लगाने ।<br>(घ) नेपाली समाजमा तिहार, तीज तथा मेलापात आदिमा गाइने गीतहरूको अडिओ, भिडिओ सुनाई वा देखाई विद्यार्थीहरूलाई समेत गाउन लगाउने र आफ्ना परिवारका सदस्यसँग मेलापात वा पर्व गीत सोधी लेखेर ल्याई भोलि कक्षामा गाउन परियोजना कार्य दिने ।<br>(ङ) अतिथिको अर्थ बताउँदै नेपाली संस्कृतिमा अतिथिलाई भगवान सरह मान्ने गरेको कुरा जानकारी गराउने । अतिथि सत्कारका नमुना फोटो, भिडिओ, तथा पोस्टर आदि देखाउँदै तिम्रो | (घ) लोकोपकारको अर्थ सोध्ने र लोकोपकारका लागि आफूले गर्न सक्ने काम भन्न र लेख्न लगाउने ।<br>(ङ) लोकोपकारका लागि आफ्नो समुदायमा भएका कार्यहरूको सूची बनाउन लगाई अवलोकनद्वारा मूल्याङ्कन गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | घरमा कोही अतिथि आए भने के गर्छौं ? जस्ता प्रश्न गर्दै छलफल गर्ने र कक्षामा अतिथि सत्कार गरेको अभिनय गर्न लगाउने ।<br>(च) लोकोपकारको अर्थ बताइदिने । विभिन्न लोकोपकारी कार्यहरूको नमुना प्रस्तुत गर्ने जस्तैः पाटीपौवा, बाटोघाटो, पुल, चौतारो निर्माण तथा पुनः निर्माण गरेको दीनदुःखीहरूलाई सहयोग गरेका उदाहरण वा फोटो पोस्टर देखाउँदै छलफल गराउने । सम्भव भए नजिकैको लोकोपकारी कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने ।<br>(छ) आफ्नो समुदायमा कसले कस्ता कस्ता लोकोपकारी कार्य गरेका छन् ? परिवारका सदस्यसँग सोधेर लेखेर ल्याई कक्षामा प्रस्तुत गर्न लगाउने जस्ता परियोजना कार्य गराउने । | |
| हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | १२. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको पचिय र महत्त्व बताउन | १. १२. सिन्धुली जिल्लाभित्रका प्रमुख ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरू | (क) फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लामा भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरू (सिन्धुली गढी सङ्ग्रहालय, कुशेश्वर महादेव, कालीमाई मन्दिर, | (क) फिक्कल गाउँपालिका तथा सिन्धुली जिल्लामा भएका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको परिचय तथा महत्त्व भन्न |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | १३. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनमा आफू सहभागी हुन<br>१४. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वका सम्पदाहरूको संरक्षण संवर्धनका लागि स्थानीय वा जिल्ला तहबाट गरिएका प्रयासहरू बताउन<br>१५. स्थानीय पुल, पाटीपौवा, कुवा, बाटो र चौतारो आदिको संरक्षण र संवर्धनमा सहयोग गर्न<br>१६. स्थानीय क्षेत्रमा व्यावसायिक रूपमा गरिने खेतीपातीको परिचय र महत्त्व बताउन | २. स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन<br>३. ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्वका सम्पदाहरूको संरक्षण संवर्धनका लागि स्थानीय तहबाट गरिएका प्रयासहरू<br>४. स्थानीय पुल, पाटीपौवा, कुवा, बाटा र चौतारो आदिको संरक्षण र संवर्धनमा सहयोग<br>१. स्थानीय क्षेत्रमा व्यावसायिक रूपमा गरिने खेतीपाती (सुन्तला, अदुवा, जुनार, किवी, तोरी, तरकारी ..... आदि)को परिचय र महत्त्व<br>२. पर्यटन व्यवसाय सम्बन्धी जानकारी र महत्त्व<br>३. पर्यटन व्यवसाय संवर्धनमा आवश्यक पूर्वाधारहरू | कमलामाई मन्दिर, सिद्धबाबा मन्दिर, दुधौलीको त्रिवेणी, नदीहरू.....आदि)को फोटो, पोस्टर आदि देखाउँदै परिचय तथा महत्त्व बताइदिने ।<br>(ख) ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनका काम भइरहेका नजिकैको कुनै एक स्थानमा भ्रमण गराई विद्यार्थीहरूलाई समेत सहभागी गराउने ।<br>(ग) आफ्नो स्थानीय तहको भ्रमण गराई वा स्थानीय तहको जानकार व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्धनका लागि स्थानीय वा जिल्ला तहबाट भएका | लगाउने ।<br>(ख) ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनका लागि के के गर्नुपर्छ ? जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ग) ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलको संरक्षण र संवर्धनका लागि स्थानीय वा जिल्ला तहबाट भएका प्रयासहरूका छुट्टाछुट्टै सूची बनाउन लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(घ) स्थानीय पुल, पाटीपौवा, कुवा, बाटो र चौतारो आदिको संरक्षण र संवर्धनमा विद्यार्थीको |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| पेसा उद्यमशीलता र प्रविधि | १७. पर्यटन व्यवसाय सम्बन्धी जानकारी लिन र महत्त्व बताउन<br>१८. पर्यटन व्यवसाय संवर्धनमा आवश्यक पूर्वाधारहरूको सूची तयार गरी प्रस्तुत गर्न<br>१९. घरपालुवा जनावर तथा पशुपन्छीहरूको महत्त्व बताउन | ४. घरपालुवा जनावर तथा पशुपन्छीहरूको महत्त्व | प्रयासहरूका विषयमा के के गरिएको छ ? अन्तरक्रिया गराई टिपोट गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>(घ) स्थानीय पुल, पाटीपौवा, कुवा, बाटो र चौतारो आदिको संरक्षण र संवर्धनमा फोहोर मैला व्यवस्थापन गर्ने, समुदायलाई सचेत बनाउने जस्ता काममा सहभागी गराई संरक्षण र संवर्धनमा सहयोग गर्न प्रेरित गर्ने ।<br>(क) व्यावसायिक खेतीको परिचय दिने । व्यावसायिक खेती गरेका फोटो, पोस्टर, भिडिओ, वृतचित्र बनाई व्यावसायिक खेतीको धारणा स्पष्ट पार्ने ।<br>(ख) सुन्तला, अदुवा, जुनार, किवी, तोरी, तरकारी खेती गर्न कहाँ कहाँ हावापानी सुहाउँदो हुन्छ, धरातलीय स्वरूपका आधारमा स्पष्ट पार्ने ।<br>(ग) व्यावसायिक खेतीगर्ने व्यवसायीलाई स्रोत व्यक्तिका रूपमा बोलाई व्यावसायिक | व्यवहार हेरी मूल्याङ्कन गर्ने ।<br>(क) व्यावसायिक खेती भनेको के हो ? व्यावसायिक खेतीको के महत्त्व छ ?जस्ता प्रश्न सोधी मूल्याङ्कन गर्ने ।<br>(ख) पर्यटकीय क्षेत्र तथा पर्यटन व्यवसायको सूची बनाउन लगाउने अवलोकन गरी मूल्याङ्कन गर्ने ।<br>(ग) पर्यटन व्यवसाय संवर्धनका लागि आवश्यक पूर्वाधारहरू के के हुन् ? भन्न र लेख्न लगाउने ।<br>(घ) पर्यटन व्यवसाय सञ्चालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक आर्थिक र सामाजिक प्रभावहरू कुनै |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | खेतीको महत्त्वका विषयमा विद्यार्थीहरूसँग अन्तरक्रिया गराउने र बुँदागत रूपमा महत्त्व टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>(घ) पर्यटकीय क्षेत्र तथा पर्यटन व्यवसायको परिचय दिँदै स्थानीय स्तरमा भएका पर्यटकीय क्षेत्र तथा पर्यटन व्यवसायको सूची बनाई प्रस्तुत गर्ने ।<br>(ङ) पर्यटन व्यवसाय संवर्धनका लागि आवश्यक पूर्वाधारहरू बाटो, बिजुली, शिक्षा र स्वास्थ्य जस्ता कुराहरूमुख्य हुन् भन्नेकुरा दृष्टान्तद्वारा स्पष्ट पारिदिने ।<br>(च) स्थानीय स्तरमा भएको कुनै पर्यटन व्यवसाय सञ्चालन भएको ठाउँमा अवलोकन भ्रमण गराई पर्यटन व्यवसायीसँग भेट गराई त्यसका फाइदाहरूका बारेमा छलफल गर्ने ।<br>(छ) पर्यटन व्यवसाय सञ्चालनबाट स्थानीय समुदायमा पार्ने सकरात्मक प्रभावहरू (आर्थिक, सामाजिक)का बारेमा स्थानीय विज्ञसँग अन्तक्रिया गराई समूहगत रूपमा प्रतिवेदन तयार | |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | पार्न लगाउने र प्रस्तुत गर्न लगाई महत्त्व बताइदिने ।<br>(ज) विद्यार्थीहरूलाई आफ्ना घरमा पालेका जनावर वा पशुपन्छीको नाम भन्न लगाई पालैपालो ती जनावर वा पशुपनछीबाट के के फाइदा हुन्छ ? भन्ने प्रश्न गर्दै विद्यार्थीले भनेका फाइदा कालो वा सेतो पाटीमा टिपोट गरी केही छुटेका भए शिक्षकले थपी फाइदा स्पष्ट बताई फाइदाहरूको सूची बनाउन लगाउने । | |
| स्वास्थ्य सरसफाइ र खेलकुद | २०. सन्तुलित भोजनको पहिचान र प्रयोग गर्न<br>२१. पौष्टिक तत्त्वको परिचय दिन र आवश्यकता बताउन<br>२३. योगको परिचय दिन र अष्टाङ्ग योगका प्रकार बताउन<br>२४. अष्टाङ्ग योगको अनुसरण गर्न | १. सन्तुलित भोजनको पहिचान र प्रयोग<br>२. पौष्टिक तत्त्वको परिचय र आवश्यकता<br>३. योगको परिचय दिन र अष्टाङ्ग योगका प्रकार (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधी) महत्त्व र अभ्यास<br>४. दैनिक जीवनमा अष्टाङ्ग योगको अनुसरण | (क) सन्तुलित भोजन भनेको के हो ? हामी घरमा के के खान्छौँ ? जस्ता प्रश्न गर्दै सन्तुलित भोजनका विषयमा छलफल गर्ने । सन्तुलित भोजनका फोटो, पोस्टर, वा चार्ट प्रस्तुत गर्दै दैनिक भोजनमा अन्न, दाल, गेडागुडी, फलफूल, तरकारी, दुध, दही, माछामासु, चिल्लो, गुलियो पर्ने कुराको जानकारी गराउने ।<br>(ख) पौष्टिक तत्त्वको परिचय दिँदै मानव शरीरका लागि आवश्यक | (क) सन्तुलित भोजन भनेको के हो ? सन्तुलित भोजन हुनका लागि के के खानेकुराहरू पर्छन् ? जस्ता प्रश्नद्वारा उत्तर दिएका आधारमा मूल्याङ्कन गर्ने ।<br>(ख) मानव शरीरका लागि पौष्टिक तत्त्व किन आवश्यक पर्छ ? भन्न र लेख्न लगाउने ।<br>(ग) स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीलाई भेटी पौष्टिक तत्त्वका नाम र काम |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | पौष्टिक तत्त्व कार्बोहाइड्रेट, भिटामिन, प्रोटिन, क्याल्सियम, फलाम ..... आदिको मानव शरीरका लागि आवश्यक पर्ने कुरा जानकारी दिने ।<br>(ग) सम्भव भए विद्यालय नर्स वा स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मीलाई बोलाई सन्तुलित भोजन तथा पौष्टिक तत्त्वका विषयमा सचित्र छलफल गराई सन्तुलित एवम् पौष्टिक तत्त्वयुक्त भोजनको प्रयोग गर्न प्रेरित गर्ने ।<br>(घ) योग भनेको अस्थिर मनलाई स्थिर बनाउनु हो भन्ने जानकारी दिँदै अष्टाङ्ग योगका प्रकारहरूको सूची प्रस्तुत गर्दै (यम, नियम, आसन, प्राणायाम, | लेखेर ल्याउन परियोजना कार्य दिने ।<br>(घ) योगको परिभाषा सोध्ने र अष्टाङ्ग योगका नाम भन्न लगाउने ।<br>(ङ) प्राणायाम योग अभ्यास गर्न लगाई अवलोकन गरी मूल्याङ्कन गर्ने । |
| | | | प्रत्याहार, ध्यान र समाधी) अष्टाङ्ग योग हुन भन्ने कुरा जानकारी गराउने र प्रत्येकको अर्थ बताइदिने ।<br>(ङ) योग अभ्यास गरिएका भिडिओहरू देखाई विद्यार्थीहरूलाई पनि अभ्यास गर्न लगाउने । सम्भव भए योग सम्बन्धी ज्ञान भएका व्यक्तिलाई विद्यालयमा बोलाई | |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | योगका विषयमा व्यापक जानकारी दिँदै अष्टाङ्ग योगका क्रियाकलापहरू अनुसरण गर्न प्रेरित गराउने । | |
| प्रकोप वातावरण र हरित विद्यालय | २३. प्राकृतिक प्रकोप तथा विपत् व्यवस्थापन योजना निर्माण गर्न<br>२४.सडक सुरक्षा योजना निर्माण र प्रयोग गर्न<br>२५. हरित विद्यालयको अवधारणालाई आफ्नो दैनिक जीवनमा अनुसरण र प्रयोग गर्न<br>२६. बालक्लब मार्फत हरित विद्यालय निर्माण योजना बनाई कार्यान्वयन गर्न | १. प्रकोप तथा विपत् व्यवस्थापन योजना निर्माण जस्तैः भूकम्प, वाढी, पहिरो जस्ता विपत् आउन भन्दा अगाडि सुरक्षित हुन गरिने तयारीका योजनाहरू<br>२. सडक सुरक्षा सम्बन्धी विभिन्न योजनाहरू तयार पार्ने तथा आवश्यक प्रविधि तथा विधिहरूको प्रयोग<br>३. हरित विद्यालयको कार्य योजना, क्षेत्र निर्धारण, हरित विद्यालय निर्माण अभ्यास<br>४. बालक्लब बैठक, योजना र कार्यान्वयन | (क) प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने विपत्हरूको बारेमा छलफल गरी त्यसबाट सुरक्षित रहन हामीले अपनाउनु पर्ने उपायहरूका बारेमा भिडिओ वा पोष्टरहरू प्रदर्शन गर्ने, विज्ञसँग छलफल गर्ने, परामर्श लिने ।<br>(ख) विज्ञको सुझावका आधारमा क्षति न्यूनीकरणका लागि तत्काल गर्नु पर्ने<br>कार्यहरूको सूची तयार पारी सबैले देख्ने ठाउँमा टाँस्ने । जस्तैः विद्यालयमा हुँदा भूकम्प आएमा के गर्ने, हावाहुरी आउँदा के गर्ने आदि ।<br>(ग) प्रकोपको पूर्व तयारीका लागि आवश्यक आधारभूत सामग्रीहरूको बारेमा छलफल गरी सूची तयार पार्ने र ती सामानहरू प्रदर्शन गर्ने ।<br>(घ) प्रकोप व्यवस्थापनको अल्पकालीन र दीर्घकालीन योजनाबारे छलफल गरी योजना निर्माण र त्यसको अभ्यास गर्ने । | (क) विपत् व्यवस्थापनमा अल्पकालीन र दीर्घकालीन योजनाहरुरूबारे वर्णन गर्न लगाउने ।<br>(ख) समूहगत रूपमा विद्यालयको विपत् योजना सामग्री बनाई प्रस्तुत गर्न लगाउने ।<br>(ग) भूकम्पको बेला हामीले सुरक्षित रहन गर्न सकिने कार्यहरूको<br>बारेमा प्रस्तुती दिन लगाउने ।<br>(घ) स्थानीय सडक सुरक्षा सम्बन्धी योजना बनाई प्रस्तुत गर्न लगाउने ।<br>(ङ) समूहगत रूपमा जनचेतनामूलक सामग्रीहरू समुदायमा प्रस्तुत गर्न लगाउने ।<br>(च) समूहमा रही कार्य विभाजन गरी हरित |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | (ङ) सडक सुरक्षा सम्बन्धी भिडीओ वा पोष्टरहरू प्रदर्शन गर्ने ।<br>(च) प्रहरी वा विज्ञको सहयोगमा स्थानीय सडकहरूको अवस्था र चापलाई ध्यान दिई उक्त सडकलाई सुरक्षित बनाउन हामीले गर्न सक्ने उपायहरूको बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्ने । | विद्यालयको कुनै एक आधार भूत पक्षको कार्यन्वयन गर्न लगाउने । |
| | | | (छ) सडक सुरक्षा सम्बन्धी स्थानीय क्षेत्रमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । जस्तैः नाटक, वक्तृत्वकला, फोटो प्रदर्शनी आदि ।<br>(ज) हरित विद्यालय हुन आवश्यक पर्ने आधारभूत पक्षहरूको अवगत गराउने ।<br>(झ) आफ्नो विद्यालयमा अवलम्वन गर्न सकिने आधारभूत पक्षहरूको छलफल गराउने<br>(ञ) बाल क्लब मार्फत विद्यार्थीहरूलाई हरित विद्यालय निर्माणको अभ्यास गराउने । | |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| व्यक्ति र सङ्घ संस्था परिचय | २७. सिन्धुली जिल्लाका साहित्यकार तथा समाजसेवी व्यक्तिहरूको योगदान बताउन र प्रेरणा लिन<br>२८. सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरूको सेवा प्रवाहको अवस्थाबारे बताउन<br>२९. सङ्घ, संस्थाहरूको राम्रा कामहरूको सूची तयार गरी कक्षामा प्रस्तुत गर्न र आवश्यकताअनुसार सहभागी हुन | १. सिन्धुली जिल्लाका प्रमुख साहित्यकार तथा समाजसेवी व्यक्तिहरूको योगदान<br>२. सरकारी तथा गैर सरकारी सङ्घ, संस्थाहरूको सेवा प्रवाहको अवस्था<br>३. सङ्घ, संस्थाहरूको राम्रा कामहरूको सूची निर्माण र सहभागीता | (क) साहित्यकार तथा समाज सेवी डा. ढुण्डीराज पहाडीको फोटो देखाउँदै जन्म, जन्मस्थान, बुबाआमा, शिक्षा र साहित्यमा प्रवेश जस्ता कुराहरूको जानकारी दिँदै परिचय गराउने र उहाँले नेपाली साहित्यमा पुऱ्याउनु भएको योगदानको समेत जानकारी गराउने ।<br>(ख) गीतकार तथा साहित्यकार डा. कृष्णहरि बरालको फोटो देखाउँदै जन्म, जन्मस्थान, मातापिता, शिक्षा र संलग्नता आदिको परिचय गराउने नेपाली साहित्य जगतमा उहाँको योगदान समेतको चर्चा गर्ने ।<br>(ग) जिल्ला स्तरमा संञ्चालित प्रमुख सरकारी कार्यालयहरू जस्तैः जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय .......आदिको परिचय र कामका विषयमा छलफल गराउने त्यहाँबाट प्राप्त हुने सेवा प्रवाह सम्बन्धी जानकारी दिने ।<br>(घ) सिन्धुली जिल्लामा सञ्चालित गैर सरकारी सङ्घ संस्था जस्तैः | (क) साहित्यकार डा.ढुण्डीराज पहाडीको परिचय भन्न लगाउने ।<br>(ख) साहित्यकार डा.कृष्णहरि बरालको परिचय भन्न लगाउने ।<br>(ग) जिल्ला स्तरमा सञ्चालित प्रमुख सरकारी कार्यालयहरूबाट हुने सेवा प्रवाहका बारेमा भन्न र लेख्न लगाउने ।<br>(घ) आफ्नो जिल्ला तथा स्थानीय तहमा सञ्चालित गैर सरकारी संस्थाहरूको परिचय र काम भन्न लगाई मूल्याङ्कन गर्ने ।<br>(ङ) परियोजना कार्यको अवलोकन गरी मूल्याङ्न गर्ने । |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|
| | | | | |
| | | | नेपाल रेडक्रस शाखा, सहकारी संस्था, वर्ल्ड भिजन इन्टरनेशनल, सिड्स नेपाल, .....आदिको परिचय दिने तथा ती संस्थाहरूले जनताका सेवाका लागि गर्ने कामको समेत समान्य परिचय गराउने ।<br>(ङ) विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थामा आवद्ध जानकार व्यक्तिसँग सोध खोज गरी ती सङ्घ संस्थाका उद्देश्य तथा कामको सूची बनाउन परियोजना कार्य गर्न लगाउने उक्त सूची कार्डबोर्ड पेपरमा सारी कक्षाकोठामा टाँस्न लगाउने । | |

## ४.३ परियोजना/प्रयोगात्मक कार्य

हाम्रो स्थानीय पाठ्यक्रम अन्तर्गत फिक्कलको सेरोफेरो विषय कक्षा ६-८ प्रत्येकका लागि परियोजना/प्रयोगात्मक कार्यका लागि विषयक्षेत्रअनुसार निम्न कार्यघण्टाको समय छुट्याइएको छ ।

| क्र.सं. | विषयक्षेत्र | कार्यघण्टा |
|---|---|---|
| १ | हाम्रो गाउँपालिका | ४ |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | ५ |
| ३ | हाम्रो संस्कार र संस्कृति | ४ |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | ४ |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | ५ |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | ३ |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | ४ |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | ३ |
| | **जम्मा** | ३२ |

## सम्भाव्य परियोजना/प्रयोगात्मक कार्यका उदाहरणहरू

कक्षा ६

१. वडा कार्यालयको अवलोकन भ्रमण गरी वडा अध्यक्ष वा सदस्यसँग सोधखोज गरी वडा अध्यक्ष तथा सदस्यहरूको नाम र उनीहरूले गर्ने कामहरू कक्षामा टाँसन लगाउने ।

२. गाउँपालिकाबाट प्रकाशित नीति तथा कार्यक्रम पुस्तिकाबाट आफ्नो वडामा परेका योजना र कार्यान्वयनको अवस्था अवलोकन गरी प्रतिवेदन तयार गर्न लगाउने ।

**प्रतिवेदनको ढाँचा**

(क) प्रतिवेदनको शीर्षक
(ख) प्रतिवेदनको सामान्य परिचय
(ग) तथ्याङ्क सङ्कलनको तरिका
(घ) तथ्याङ्कबाट प्राप्त जानकारी
(ङ) निष्कर्ष

३. विद्यार्थीहरूलाई समूहमा विभाजन गरी स्थानीय जडीबुटी सम्बन्धी जानकार व्यक्तिसँग सोधखोज गरी स्थानीय स्तरमा पाइने जडीबुटी तथा प्रयोगको क्षेत्रका बोमा अनुच्छेद लेख्न लगाउने ।

४. सामाजिक कुरीति न्यूनीकरणका लागि जनचेतना जगाउन पाँचओटा नारा लेखी कक्षामा टाँस्न लगाउने ।

५. स्वास्थ्य कार्यालयको भ्रमण गरी स्वास्थ्य संस्थाबाट हुने सेवा प्रवाह सम्बन्धी मासिक चार्ट तयार गर्न लगाउने र कक्षाकोठामा टाँस्न लगाउने ।

**कक्षा ७**

१. फिक्कल गाउँपालिकामा पर्ने वडाहरू झल्किने एउटा चार्ट बनाई कक्षामा टाँस गर्न लगाउने ।

२. प्राकृतिक स्रोतको उपयोग गर्दा अपनाउनु पर्ने सावधानीका सूची तयार गर्न लगाउने ।

३. सन्तुलित भोजनमा आवश्यक पर्ने खानेकुरा र ती खानेकुरामा पाइने पौष्टिक तत्त्व सहितको चार्ट तयार पारी कक्षामा प्रदर्शन गर्न लगाउने ।

४. वनजङ्गलको विनास रोक्न दाउराको सट्टामा प्रयोग गर्न सकिने विकल्पहरू लेखी कक्षामा टाँस्न लगाउने ।

५. हरित विद्यालय निर्माणमा विद्यार्थीहरूको समूह बनाई प्रत्येक समूहको जिम्मेबारी तोकी विरुवा गोडमेल गर्ने, पानी हाल्ने, सरसफाइ गर्ने जस्ता काम गर्न लगाई अवलोकन गर्ने ।

**कक्षा ८**

१. गाउँपालिकाको व्यवस्थापिका र कार्यपालिकाको गठन प्रक्रियाको चार्ट बनाई कक्षामा टाँस्न लगाउने ।

२. स्थानीय तहमा हुने न्याय सम्पादनका क्षेत्र र प्रक्रिया सम्बन्धमा न्याय संयोजकसँग लेख तयार पार्न लगाउने ।

३. पर्यटन व्यवसायीसँग भेट गरी पर्यटन व्यवसाय संवर्धनमा आवश्यक पूर्वाधारहरू र चुनौती विषयमा प्रतिवेदन तयार गर्न लगाई प्रस्तुत गराउने ।

**प्रतिवेदनको ढाँचा**

(क) प्रतिवेदनको शीर्षक
(ख) प्रतिवेदनको सामान्य परिचय
(ग) तथ्याङ्क सङ्कलनको तरिका
(घ) तथ्याङ्कबाट प्राप्त जानकारी
(ङ) निष्कर्ष

४. विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थामा आवद्ध जानकार व्यक्तिसँग सोध खोज गरी ती सङ्घ संस्थाका उद्देश्य तथा कामको सूची बनाउन लगाउने ।

५. प्रहरी वा विज्ञको सहयोगमा स्थानीय सडकहरूको अवस्था र चापलाई ध्यान दिई उक्त सडकलाई सुरक्षित बनाउन हामीले गर्न सक्ने उपायहरूको बारेमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्न लगाउने ।

## ४.४ सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय विषय अन्तर्गत तयार गरिएको फिक्कलको सेरोफेरो विषयले विद्यार्थीहरूलाई आफ्नो स्थानीय विषयवस्तुसँग परिचित भई स्थानीय क्षेत्र, राष्ट्र र राष्ट्रियताप्रति समर्पित, मानवीय मूल्यमान्यताप्रति

सचेत र समाज परिवर्तनका लागि भूमिका खेल्ने असल नागरिक तयार गर्ने उद्देश्य राखेको छ । यस विषयको पाठ्यक्रम स्थानीय विषयवस्तुसँग सम्बन्धित विभिन्न क्षेत्रहरूलाई समेटेर एकीकृत रूपमा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गराइ विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । विद्यार्थीहरूमा सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको विकास गराइ सकारात्मक व्यवहारको जगेर्ना गर्नु यस विषयको मुख्य लक्ष्य हो ।

विद्यार्थीहरूमा समालोचनात्मक तथा सकारात्मक सोचको विकास, प्रतिभा प्रष्फुटन, सिर्जनात्मक सिपको विकास र विविध प्रकारका सामाजिक सिपको विकास गरी व्यवहारमा सुधार गर्दै समाजको नेतृत्व गर्न सक्ने क्षमताको विकास गराउने जस्ता मूलभूत उद्देश्यहरू यस विषयले राखेको छ । स्थानीय विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर, विद्यालय, परिवार, टोल, विभिन्न समूह, समुदायलगायत स्थानीय सरकारसँग सम्बन्धित क्रियाकलापहरू गराउनुपर्ने छ । विषयवस्तुलाई जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरूलाई आ-आफ्ना स्थानीय क्षेत्रमा भएका विभिन्न विषयवस्तुहरूको खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्ने छ । यस विषयले विद्यार्थीहरूमा आफ्ना मौलिक रीतिरिवाज, कला, धर्म, संस्कृति, आर्थिक, सामाजिक क्रियाकलाप जस्ता विषयवस्तुमार्फत आवश्यक ज्ञान, सिप र अभिवृत्ति विकास गराउँदै सिर्जनशीलताको विकास गराउने लक्ष्य राखेको छ । यी सिपहरूको विकासका लागि सबै विद्यार्थीहरूलाई एकै खालको सहजीकरणले सम्भव नहुन पनि सक्छ । त्यसैले उनीहरूलाई बहुबौद्धिकताको सिद्धान्तअनुरूप रुचि र क्षमताअनुसारका ज्ञान र सिप एवम् मूल्यहरूको विकास गर्न क्रियाकलापमा विविधता ल्याउनुपर्छ । यसका निम्ति योजनाबद्ध सिकाइ सहजीकरणको ठुलो भूमिका रहन्छ । विद्यार्थीहरूलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु स्थानीय पाठ्यक्रम फिक्कलको सेरोफेरो विषयको मूल लक्ष्य हो । किशोर किशोरी आफैँले गरेर सिकेका कुरामा विश्वास गर्छन् । मनमा विश्वास जागेपछि उक्त सिकाइले व्यवहारमा सुधार ल्याउँछ । त्यसैले स्थानीय विषय अन्तर्गत फिक्कलको सेरोफेरो विषयमा सिकाइ सहजीकरण गर्दा विभिन्न प्रकारका विद्यार्थीकेन्द्रित शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ, जस्तै : प्रश्नोत्तर, प्रदर्शन, समस्या समाधान, छलफल, अवलोकन, सोधखोज, अभिनय, परियोजना, प्रयोग, स्थलगत भ्रमण, घटना अध्ययन, समालोचनात्मक चिन्तन, सामुदायिक कार्य इत्यादि ।

## ४.५ विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै सिसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्यमान्यताको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो ।

सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजूसूची श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

## निर्माणात्मक मूल्याङ्कनका साधनहरू र प्रयोग

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| १ | रुब्रिक्स/श्रेणी मापन | विद्यार्थीले गरेका प्रयोगात्मक कार्य/परियोजना कार्यको मूल्याङ्कन गर्नका लागि रुब्रिक्स र श्रेणी मापनको विकास गरी प्रयोग गर्नुपर्छ । |
| २ | व्यवहार अवलोकन फारम | स्थानीय विषय अध्ययनका प्रक्रियागत सिपहरूको मूल्याङ्कन पाठगत रूपमा विद्यार्थीले सिक्नुपर्ने सिप तथा तिनको प्रयोग र व्यवहारकुशल सिपको मापन गर्न रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम प्रयोग गर्न सकिन्छ । |

| क्र.सं. | साधन | प्रयोग |
|---|---|---|
| ३ | शिक्षकको अभिलेख | प्रत्येक पाठमा कक्षा सहभागिता, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्यका क्रममा विद्यार्थीहरूले देखाएको सक्रियता, सिर्जनात्मकता, सिकाइ व्यवहार, कामको स्तरका, प्रदर्शित व्यवहारकुशल सिपहरू पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धिका आधारमा कुन स्तरको रहेको शिक्षकले व्यक्तिगत रूपमा अभिलेख राख्नुपर्ने छ । |
| ४ | कक्षा परीक्षा | पाठ वा एकाइ शिक्षणका क्रममा गरिने लिखित कार्य तथा लिइने छोटो परीक्षा, त्रैमासिक परीक्षा |
| ५ | मौखिक प्रश्नोत्तर | शिक्षण सिकाइकै क्रममा सोधिने प्रश्नहरू यसअन्तर्गत पर्दछन् । यसको नतिजा अभिलेखित गर्नुपर्ने भएमा शिक्षकको अभिलेखमा उल्लेख गर्नुपर्ने छ । |

निर्णयात्मक मूल्याङ्कनको कुल भारको ५० प्रतिशत आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कनबाट समावेश गरिने छ भने अन्तिम परीक्षाबाट बाँकी ५० प्रतिशत अङ्क समावेश गरिने छ ।

## आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेख गर्नुपर्छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेख गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| क्र.सं. | मूल्याङ्कनका पक्ष | भार |
|---|---|---|
| १ | सहभागिता : कक्षामा उपस्थिति र कक्षा कार्यमा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |

उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नुपर्दछ ।

| क्र. सं. | रेटिङ आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| १ | सहभागिता | कक्षामा सधैँ उपस्थित भएको र पूरा समय सिकाइमा सक्रिय सहभागी भएका | कक्षामा अधिकांश दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएको | कक्षामा औसत दिन उपस्थित भएको र सिकाइमा धेरैजसो सक्रिय सहभागी भएका | कक्षामा औसत भन्दा कम दिन उपस्थित भएको र सिकाइमा सामान्य सहभागी भएको | कक्षामा थोरै दिन उपस्थित भएको र सिकाइमा सामान्य रूपमा सहभागी भएको | |
| २ | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपको विश्लेषणसहित दैनिक जीवनमा तिनको सिर्जनात्मक प्रयोग गरी व्यवहार आर्जन गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपमा पूर्णतासहित सामान्य विश्लेषण गर्ने र दैनिक जीवनमा प्रयोग गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान, सिपलाई दैनिक जीवनमा सामान्य रूपमा प्रयोग गर्न सकेमा | विषयवस्तु-सम्बन्धी ज्ञान तथा अवधारणागत रूपमा स्पष्ट भएमा | विषयवस्तु-सम्बन्धी सामान्य जानकारी भएको तर अवधारणागत रूपमा स्पष्ट नभएमा | |
| ३ | | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकै समयमा कार्य सम्पन्न गरेको, समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र समूहमा आफ्नो | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरी व्यवस्थित रूपमा प्रस्तुत गरेको र | निर्देशनअनुसार चरणबद्ध रूपमा तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने सबै कुरा समावेश गरेको तर तथ्याङ्क व्यवस्थित नगरेको र | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य गर्न केही कठिनाइ भएको, तोकिएकोभन्दा केही बढी समय लगाएर कार्य सम्पन्न गरेको र समावेश गर्नुपर्ने कुराहरू व्यवस्थित रूपमा समावेश | निर्देशनअनुसार चरणबद्ध रूपमा कार्य सम्पन्न गर्न र समावेश गर्नुपर्ने सबै कुरा समावेश गर्न कठिनाइ भएको, कार्य सम्पन्न गर्नका लागि शिक्षकको पूर्ण सहयोग आवश्यक | |

| क्र. सं. | रेटिङ आधार | उपलब्धिस्तरको सामान्य व्याख्या | | | | | स्तर |
|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) | |
| | | ५ | ४ | ३ | २ | १ | |
| | प्रयोगात्मक/ परियोजना कार्य | जिम्मेवारी पूरा गरेको | समूहमा आफ्नो जिम्मेवारी पूरा गरेको | समूहमा आफ्नो जिम्मेवारी धेरैजसो पूरा गरेको | गर्न शिक्षकको आंशिक सहयोगआवश्यक र समूहमा आफ्नो जिम्मेवारी कहिलेकाहीँ मात्र पूरा गरेको | र समुहमा आफ्नो जिम्मेवारी पूरा नगरेको | |

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा माथि ९ मा उल्लिखित निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्ने छ ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइ स्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्ने छ :

| विद्यार्थी कार्यसम्पादन तथा सिकाइ स्तरअनुसार विद्यार्थीलाई थप सहयोगका लागि गर्नुपर्ने कार्य | | | | |
|---|---|---|---|---|
| उत्कृष्ट (Advanced) | उच्च (Proficient) | राम्रो (Above basic) | सामान्य (Basic) | कमजोर (Below basic) |
| ५ | ४ | ३ | २ | १ |
| सहयोगात्मक सिकाइका लागि साथीहरूलाई सिकाउन मदत गर्ने एवम् स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिने | स्वयम् सिकाइका लागि थप कार्य गर्ने अवसर दिन | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले आंशिक रूपमा सहयोग गर्ने तथा साथी समूहमा छलफल गर्न लगाउने | अन्य क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने | अन्य विधि तथा सामग्री प्रयोग गरी थप क्रियाकलापमा सहभागी गराई शिक्षकले पूर्ण रूपमा सहयोग गर्ने |

उल्लिखित मापनका आधारमा विषयवस्तुको क्षेत्रअनुसारको सहभागिताको स्तर र मुख्य सिकाइ, विद्यार्थीको सिकाइ स्तरको अङ्कलाई देहायबमोजिम तालिकीकरण गर्नुपर्दछ ।

| क्र. सं. | विषयवस्तुको क्षेत्र | कक्षा ६, ७ र ८ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सहभागिताको स्तर | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | | |
| | | | सिकाइ उपलब्धि सङ्ख्या | उपलब्धि स्तर मुख्य सिकाइ उपलब्धिमा प्राप्त जम्मा अङ्क (प्राप्ताङ्क = × भार ५ × मुख्य सिकाइ उपलब्धि सङ्ख्या | |
| १ | हाम्रो गाउँपालिका | | | | |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | |
| ३ | हाम्रो संस्कार र संस्कृति | | | | |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | | | | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | | | | |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | | | | |
| औसत उपलब्धि स्तर | | | | | |

## प्रयोगात्मक/परियोजना कार्यको मूल्याङ्कन

यस पाठ्यक्रमको खण्ड ४.५ मा उल्लिखित प्रयोगात्मक तथा परियोजना कार्यको कार्यसम्पादन स्तर मूल्याङ्कन गरी दिइएको तालिकामा उपलब्धि स्तरको अङ्क भर्नुपर्दछ ।

| क्र.सं. | विषयवस्तु | कक्षा ६ | | कक्षा ७ | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>%× परियोजना कार्य सङ्ख्या | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | |
| १ | हाम्रो गाउँपालिका | | | | | |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | | | |
| ३ | हाम्रो संस्कार र संस्कृति | | | | | |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | | | |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | | | | | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | | | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | | | | | |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | | | | | |
| औसत उपलब्धि स्तर | | | | | | |

| क्र.सं. | विषयवस्तु | कक्षा ८ | | कैफियत |
|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | |
| १ | हाम्रो गाउँपालिका | | | |
| २ | हाम्रो प्राकृतिक स्रोत र सम्पदा | | | |
| ३ | हाम्रो संस्कार र संस्कृति | | | |
| ४ | हाम्रा धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | | | |

| क्र. सं. | विषयवस्तु | कक्षा ८ | | कैफियत |
|---|---|---|---|---|
| | | कार्य | उपलब्धि स्तर<br>परियोजना कार्यमा प्राप्त जम्मा अङ्क × भार<br>५× परियोजना कार्य सङ्ख्या | |
| ५ | पेसा, उद्यमशीलता र प्रविधि | | | |
| ६ | स्वास्थ्य, सरसफाइ र खेलकुद | | | |
| ७ | प्रकोप, वातावरण र हरित विद्यालय | | | |
| ८ | व्यक्ति र सङ्घ संस्था परिचय | | | |
| | औसत उपलब्धि स्तर | | | |

## त्रैमासिक परीक्षाहरूको प्राप्ताङ्क

| क्र.स. | त्रैमासिक परीक्षा | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो | ५ | | |
| २ | दोस्रो | ५ | | |
| जम्मा | | १० | | |

## अन्तिम परीक्षा

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । अन्तिम परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सिकाइ स्तरको प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तय गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

### विद्यार्थीको समग्र सिकाइस्तर (Overall Grading)

| क्र.सं. | मूल्याङ्कनको स्वरूप | भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | आन्तरिक मूल्याङ्कन | ५० | |
| २ | अन्तिम परीक्षा | ५० | |
| जम्मा | | १०० | |

उल्लिखित समग्र उपलब्धि प्रतिशतलाई निम्नअनुसारको अक्षरात्मक स्तरमा विद्यार्थीको समग्र उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्छ ।

| क्र. स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | – | NG | अवर्गीकृत (Not Graded) |

## ४.६ पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्त्वपूर्ण हुनेछ । विद्यार्थीलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिनेछ । समुदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय क्षेत्रमा जानिफकार व्यक्तिहरू स्रोत व्यक्तिका रूपमा रहनेछन् । यस पाठ्यक्रमको माध्यम मातृभाषा वा नेपाली दुवै हुनेछ । विषय क्षेत्रमा आबद्ध गाउँपालिकाका विवरणहरू सङ्कलन गरी पठनपाठनमा प्रयोग गरिनेछ । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा सम्भव भए सम्म अवलोकन भ्रमण गराइनेछ । विद्यार्थीहरूको समूह कार्य र अन्तरक्रियालाई विशेष जोड दिइनेछ ।

## ४.७ पाठ्यक्रम परिमार्जन प्रक्रिया

समय परिवर्तनशील भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको इच्छा, आकाङ्क्षा र आवश्यकता पनि परिवर्तन हुन्छन् । उक्त चाहाना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनु पर्दछ । जसले विद्यार्थीहरूको ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसै अनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न आवश्यकता अनुसार परिमार्जन हुनेछ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।

# विशिष्टिकरण तालिका

**विषयः स्थानीय विषय ( फिक्कलको सेरोफेरो ) समयः २ घण्टा** **कक्षाः ८ पूर्णाङ्कः ५०**

| एकाइ | अति छोटो | | | छोटो | | | लामो | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता | ज्ञान र बोध | प्रयोग र सिर्जनात्मक सिप | उच्च दक्षता |
| १.हाम्रो गाउँपालिका | १(१) | | | | | | | | |
| २. हाम्रो प्राकृतिक स्रोत र सम्पदा | १(१) | | | | १(३) | | | १(५) | |
| ३. हाम्रो संस्कार र संस्कृति | १(१) | १(१) | | | | १(३) | | | |
| ४. हाम्रा धार्मिक, ऐतिहासिक, र पर्यटकीय सथलहरू | | | १(१) | | | | १(५) | | |
| ५. पेसा उद्यमशीलता र प्रविधि | १(१) | | | १(३) | | | | | |
| ६. स्वास्थ्य, सरसफाइ र खेलकुद | | १(१) | | | १(३) | | | | १(५) |
| ७. प्रकोप, वातावरण र हरित विद्यालय | | १(१) | | १(३) | | | १(५) | | |
| ८. व्यक्ति र सङ्घ संस्था परिचय | | | १(१) | १(३) | | १(३) | | | |
| जम्मा | ४ | ३ | २ | ३ | २ | २ | २ | १ | १ |
| | ९x१=९ | | | ७x३=२१ | | | ४x५=२० | | |

| प्रश्नको किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क भार |
|---|---|---|
| लामो उत्तर आउने प्रश्न | ४ | ४x५=२० |
| छोटो उत्तर आउने प्रश्न | ७ | ७x३=२१ |
| अति छोटो उत्तर आउने प्रश्न | ९ | ९x१=९ |
| जम्मा | २० | ५० |

नोट :

१. प्रश्न निर्माण गर्दा ज्ञान र बोध, प्रयोग र सिर्जनात्मक सिप र उच्च दक्षता तहका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२. ज्ञान र बोध तहका सबै प्रश्नहरू १ अङ्कका, प्रयोग र सिर्जनात्मक सिप तहका ३ अङ्कका र उच्च दक्षता तहका ५ अङ्कका हुनेछन् ।

३. ज्ञान र बोध तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नु पर्नेछ ।

समाप्त



फिक्कल गाउँपालिकामा पाइने लालीगुराँस फूल



फिक्कल–१ महादेवडाँडामा गरिएको किवी फलको खेती



पर्यटकीय फिक्कल भ्यु टावर



महाकाली थाम



फिक्कल-५, सोल्पाठानामा रहेको उद्धव स्मृति पार्क



फिक्कल हुँदै बग्ने सुनकोशी नदी

# फिक्कल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**खाङसाङ, सिन्धुली**
**बागमती, प्रदेश**
website : www.phikkalmun.gov.np, email: phikkalruralmun@gmail.com